आज मिति २०७४ साल जेष्ठ २६ गतेका दिन भीरकोट नगरपालिका प्रमुख श्री छायराम खानाल ज्यू को अध्यक्षतामा बसेको प्रथम नगरपालिका बोर्ड बैठकको उपस्थिती र निर्णय निम्नानुसार रहेको छ।

उपस्थिती

श्री छायाराम खनाल	नगर प्रमुख भीरकोट नगरपालिका
श्री सीमा के.सी. कर्माचार्य	नगर उप-प्रमुख भीरकोट नगरपालिका
श्री दिपेन्द्र के.सी	वडा अध्यक्ष वडा न १
श्री कमल त्रिपाठी	वडा अध्यक्ष वडा न २
श्री बाबुराम श्रेष्ठ	वडा अध्यक्ष वडा न ३
श्री चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष वडा न ४
श्री याम प्रसाद अधिकारी	वडा अध्यक्ष वडा न ५
श्री लक्ष्मण खत्री क्षेत्री	वडा अध्यक्ष वडा न ६
श्री शेषकान्त अर्याल	वडा अध्यक्ष वडा न ७
श्री तन बहादुर गुरुङ	वडा अध्यक्ष वडा न ८
श्री भीम बहादुर गुरुङ	वडा अध्यक्ष वडा न ९
श्री धनसुभा राना	बोर्ड सदस्य
श्री विन्दु खड्का	बोर्ड सदस्य
श्री विष्णु बोटे	बोर्ड सदस्य
श्री विष्णु माया कार्की	बोर्ड सदस्य
श्री डिल बहादुर [illegible]	बोर्ड सदस्य
श्री ज्ञान बहादुर वि.क	बोर्ड सदस्य
श्री सिता खत्री क्षेत्री	बोर्ड सदस्य
श्री दुर्गा कोइराला	बोर्ड सदस्य

निर्णय न १ :-

भीरकोट नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यको लागि ल्याण्डफिल्ड साईडको जमिन खरिद गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

श्री चन्द्र बहादुर बस्नेत - संयोजक

श्री दिपेन्द्र के.सी - सदस्य

श्री कमल त्रिपाठी - सदस्य

श्री तारा बहादुर सेन - सदस्य

श्री सोवित बहदुर थापा - सदस्य

मिति २०७४/०३/०६ गतेका दिन हुने नगरपालिका कार्यापालिकको वोर्ड बैठकको एण्जेडाः

१. नगरपालिका भित्रका जग्गाको मूल्यांकन गरी त्यसको सिफारिश मालपोत कार्यालयमा पठाउने सम्बन्धमा

२. जग्गा खरिद सम्बन्धमा जग्गा प्राप्ति ऐन २०३४ मा भएको व्यवस्था अनुसार जिम्मेवार अधिकृत तोक्न स्थानीय विकास मन्त्रालयमा पत्राचार गर्ने सम्बन्धमा ।

३. एकिकृत सम्पत्ति लागु गर्ने सम्बन्धमा समिति गठन सम्बन्धमा ।

४. साविक छाङ्छाङ्दी गाँउ विकास समितिबाट रकम विनियोजन सम्बन्धमा प्राप्त हुन आएको सिफारिशका सम्बन्धमा ।

५. बुढीआधि, सिम्लेखोला सरसफाई एवंम बाटो निर्माण सम्बन्धमा ।(रु ५० हजार माग भै आएको)

६. यस आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रमहरुको समिक्षा गोष्ठी सम्बन्धमा ।

७. नगरपालिकको फोहोर व्यवस्थापन सम्बन्धमा उद्योग बाणिज्य संघबाट भुक्तानी लागि माग हुन आएको निवेदनका सम्बन्धमा । (रु ५ लाख माग भै आएको)

८. सामदी खोला कुल निर्माण सम्बन्धमा परेको निवेदनका सम्बन्धमा ।

९. करुङ्ग भज्याङ्ग देखि जामे मस्जिदसम्म जाने करिब ९० मिटर बाटो फराकिलो गरी PCC गर्ने सम्बन्धमा ।

१०. ध्रुव देउराली बायाँखोला सडक खण्डमा गएको पैरो (मुमत मियाको घरमुनी) व्यवस्थापन सम्बन्धमा ।

११. दैविक प्रकोप व्यवस्थापनका लागि चाहिने सामाग्री खरिद सम्बन्धमा ।

१२. वडा नंम्बर १ को मिजाखोलाको सिचाईका लागि पाइप दिने सम्बन्धमा ।

१३. वडा नंम्बर ८ दिगुवामा अपाङ्ग र भुकम्प पिडितलाई जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।

१४. वडा नंम्बर ५ गोदीखोला तिवारी खोला खानेपानी टक्याकी निर्माण सम्बन्धमा ।

१५. यस आर्थिक वर्षमा हालसम्म सम्झौता नभएका तपशिलका आयोजना संगको सम्झौता सम्बन्धमा

सि.न	आयोजनाको नाम सम्बन्धमा	आयोजना कार्यान्वयन हुने वडा नं	विनियोजित रकम	कैफियत
१	बालबालिका खेलकुद मैदान	१	रु ५०००००	
२	बालज्योति प्रा.वि गहते शैक्षिक गुणस्तर वृद्धी कार्यक्रम	२	रु ६५०००	
३	लक्षित वर्ग सशक्तिकरण कार्यक्रम	१-१५	रु ३०००००	
४	दलित आदीवासी जनजाती विपन्न वर्ग सचेतनामुलक कार्यक्रम	७	रु १२०००	
६	ठाडोलाइन ग्रावलिङ्ग लहाडाडा गोरेटो बाटो	९	रु ७००००	
७	बयरघारी गहते खानेपानी	१	रु ८५०००	

८	घोगारह बाटो मर्मत	६	रु ३५०००	
९	एकवार मगर पाँउ पक्की सडक	६	रु ३००००	
१०	मर्तभास कुलो मर्मत	६	रु २००००	
११	कृषि व्यवसायिक तालिम	७	रु ४११००	
१२	बालवर्ष प्रा.वि.	६	रु २५०००	
१३	खिलुङ्ग जनजाती बस्तीमा डस्टपिन सहितको सरसफाई सम्बन्धमा		रु ५००००	
१४	छहरे खोला वगाहा खानेपानी	७	रु ४००००	
१५	कालिका खाण मन्दिर निर्माण	७	रु ६००००	
१६	ढापुक गाँउ विकास कार्यक्रम	७	रु ६००००	
१७	दलितवस्ती ढापुक शिप मुलक तालिम	७	रु ४११००	

निर्णयहरुः

१. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ बमोजिम यस नगरपालिकाको लागि आवश्यक पर्ने ल्याण्डफिल्ड साइडको जग्गा खरिद गर्ने जिम्मवार पदाधिकारी कार्यकारी अधिकृतलाई तोक्न अनुरोध गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा सिफारिश गरी पत्राचार गर्ने र देहाय बमोजिम जग्गा व्यवस्थापन उप समिति गठन गर्ने निर्णय गरियो ।

- ❖ चन्द्र बहादुर बस्नेत — संयोजक
- ❖ दिपेन्द्र के.सी. — सदस्य
- ❖ श्री कमल त्रिपाठी — सदस्य
- ❖ श्री सोवित बहादुर थापा — सदस्य

२. आर्थिक वर्ष ०७४/०७५ मा मालपोत कार्यालय, स्याङ्जाबाट पारित हुने लिखितमा न्युनतम मूल्यांकन कायम गर्नको लागि यस नगरपालिका क्षेत्र भित्रमा तपशिलमा उल्लेखित जग्गाहरु चलन चल्तीको मूल्य चालु आर्थिक वर्षको लागि कायम भएको न्युनतम मूल्यांकन समेतलाई आधार मानि निम्नानुसारको प्रतिरोपनी न्युनतम मूल्यांकन अंक कायम गर्ने निर्णय गरी मालपोत कार्यालय, स्याङ्जा, वालिङ्गमा सिफारिश गर्ने निर्णय गरियो ।

क. खेती योग्य जमिन तर्फः

सि. न.	साविक गाँ वि स को नाम	खेत तर्फ रु प्रति रोपनीमा				पाखा तर्फ रु प्रति रोपनीमा				कैफियत
		अवल	दोयम	सिम	चाहार	अवल	दोयम	सिम	चाहार	
१	खिलुङ्ग देउराली	१,००,०००	९००००	७८,०००	५५,०००	३६,०००	३२,०००	२३,०००	१३,०००	वडा ६ र ७
२	दार्सिङ्ग दहथुम	१९३,०००	१६१,०००	१३८,०००	१२३,०००	५५,०००	४८,०००	३८,०००	१६,०००	वडा १ र २
३	बानेथोक देउराली	६८,०००	६१,०००	४७,०००	४०,०००	३२,०००	२९,०००	२१,०००	१३,०००	वडा नं ३

ख. घडेरी प्रयोजनको जग्गा तर्फः

	साविक दार्सिङ्ग दहथुम गा वि स र हाल वडा नंम्बर १ र २ अन्तरगत	आगामी आर्थिक वर्षको हकमा
क	साविक दार्सिङ्ग दहथुम गा वि स वडा नंम्बर ३ र ९ मा पर्ने बयरघारी बजारको सिद्धार्थ राजमार्ग दाँयाबाँया पर्ने साविक वडा नं ३ हाल वडा नं १ का कित्ता नं ७४९, ७५०, ७५३, ७५४, ७७४, ११६६ र साविक वडा नं ९ हाल वडा नं २ का कित्ता नं १५५ १५६, १२२५, १३११, १३५६, १३५७, १४८९, १४९० र सो संरहका घडेरी योग्य जग्गाहरु	रु ३६ लाख
ख	साविक वडा नं ३ र ९ मा पर्ने बयरघारी बजार क्षेत्र भित्र पर्ने कच्ची मोटरबाटोको दायावाया पर्ने वडा नंम्बर ३ का कित्ता नंम्बर २०६ देखि २१५	रु २७ लाख

धर्म राज [illegible]

	सम्म, ५६३ देखि ५७१, ५८२ देखि ६०० सम्म, ६४० देखि ६४६ सम्म, ६७१, ६८०, ६८२, ६८१, ६८३, ६८४, ६८९, ६९०, ६९२ देखि ७०२ सम्म, ७०८ देखि ७१४ सम्म, ७५४ देखि ७५६ सम्म, ७५८, ७५९, ७६०, ७६२, ७६३, ७६४, ७६५, ७६६, ७६९, ९५७, १०२६, १०२७, ९७७, १६६१, १६६२, १०००, १००१, १००२, ९६९, ९८२, ९८३ ९७८, ९९१, १४०४, १४०५, ९९८, १०१५, १०७३, १०७४, १०१७, १०१८, १०२०, १०६७, १११९, ११२०, ११८५, १२२०, १२५३, १२५४, १२५५, १४०२, १४०३, १४०६, १४०७, १४१०, १५०५, १२५८, १९०४, १९०५, १९०६, १९०७, १३२४, १३२५, १४६२, १८५९, १८६२, १८६३, १९३३, १९३४, २००८, २००९, १०३३, १०३४, १०३५, १०९९, ११००, ११०१, ११४४, ११४५, ११७७, ११९०, १११५, १०५०, १३८२, १३८३, १७४०, १७४१ वडा नं. ९ का कित्ता नम्बर १६२ देखि १६७ सम्म, १७४, १७८, १७९ १८१, १८२, १८४ देखि १९६ सम्म, २०१ देखि २०६ सम्म, २१०, १५७७, १५७८, १६५३, १६६०, १६६१ र सो सरहका कित्ता र नयाँ बाटो खोलि प्लटिङ्ग गरी घडेरीको रुपमा विक्रि हुने जग्गाहरु	
ग	वडा नंम्बर १ मा पर्ने हेल बजार लामाचौर क्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्गको दायावाया पर्ने कित्ता नंम्बर ६०३, ६०७, ७२०, ७१९ ८३८, ८३९, १२८०, १२८१, ७१५ र सो सरहका घडेरी योग्य जग्गाहरु	रु २० लाख १६ हजार
घ	वडा नंम्बर १ मा पर्ने सिद्धार्थ राजमार्गको दाँयाबाँया पर्ने कित्ता नंम्बर १००९, १०२४, १०५०, १०८५, ११७, ११२८५, १२७२ र सो सरहका घडेरी योग्य जग्गाहरु	रु २० लाख १६ हजार
ङ	हेलु वजार देखि अर्जुनचौपारी जाने कच्ची बाटको दाँयाबाँया पर्ने घडेरी योग्य जग्गाहरु	रु १४ लाख ४०
च	वडा नंम्बर १ का कित्ता नंम्बर ५२२ देखि ५२७ सम्मका घडेरी योग्य जग्गाहरु	रु ११ लाख ५२ हजार
छ	वडा नंम्बर ९ अन्तरगत बयरघारी विरुवा सडकको पुल्चोक देखि कित्ता नंम्बर १८२, १८४, १९३, १३, ९९, १७६३, १८०३, १४०१, १४०२, १४०४, १७९०, १६९७, १६९८, १३२३, १३२४, १५०६, १५०७, १३१५, १३१८, १५२८, १५२, १७१८, १३३९, १४७६, १४९८, १७९४, १७९६, १७९५, १३४२, १३३२, १६६८, १५२०, १५२२, १५३४, १२९८, ११५, १२९५, १६९३, १५३६, १७९, २०६ देखि २२१ सम्म, १७९९ र १८०० समेतका सडकले छोएका र सडकको दाँयाबाँया पर्ने घडेरी योग्य जग्गाहरु	रु ८ लाख ६४ हजार
ज	दार्सिङ्ग दहुम गाँउ विकास समिति को वडा नम्बर ३, ८, ९ मा पर्ने गोरेट बाटो सार्वजनिक डहरको दाँयाबाँया पर्ने जग्गा	रु ८ लाख ६४ हजार

साविक खिलुङ्ग देउराली गाँउ विकास समिति अन्तरगत	हालको मूल्यांकन	आगामी आर्थिक वर्षको हकमा
बयरघारी ढापुक सडक अन्तरगत वडा नंम्बर ३ का कित्ता नंम्बर १९२३, २०५२, १९३९, २०३०, १९१२, २०८२, ९४५, ९४१, ९२९, ९३८, ९५५, १०६५ समेत र सो सरहका सडकले छोएका दाँयाबाँया पर्ने घडेरी योग्य जग्गाहरु	रु ३ लाख ५० हजार	रु ४ लाख २० हजार

अनुसूची क (खेती योग्य जमिन)

सि. न.	सावि क गाँ वि स को नाम	खेत तर्फ रु प्रति रोपनीमा				पाखा तर्फ रु प्रति रोपनीमा				कैफियत
		अवल	दोयम	सिम	चाहार	अवल	दोयम	सिम	चाहार	
१	कालिकाकोट	रु २,९०,०००	रु २,५०,०००	रु २,१२,०००	रु १,८४,०००	रु ६०,०००	रु २९,०००	रु १८,०००	रु ११,५००	
२	ढापुक सिमल भज्याङ्ग	रु ८४०००	रु ७८०००	रु ६४०००	रु ५२०००	रु ३६०००	रु ३००००	रु १७५००	रु १२५००	
३	सावि क वाराहकालि का धनुबासे छाङ्गछाङ्गदी	रु २,९०,०००	रु २,५०,०००	रु २१२०००	रु १८५०००	रु ६००००	रु ५४०००	रु ४००००	रु २९०००	
४	स्वरेक	रु १६१०००	रु १२२०००	रु १०४०००	रु ९२०००	रु ४८०००	रु ४२०००	रु २९०००	रु २३०००	

स्वरेक गाविस अन्तरगत

जग्गाको विवरण	न्युनतम मुल्यांकन रकम
वडा नंम्बर ७ को वगरे बजार क्षेत्रका कित्ता नंम्बर ३३७४ १५३९ ३७१६ ३५१७ ३७१८ १२६१ १२६३ समेत र सो सरहका सडकले छोएका दाँयाबाँया पर्ने घडेरी योग्य जग्गा ।	रु ९ लाख ६० हजार

३. स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४४ बमोजिम नगरक्षेत्रमा आगामी आर्थिक वर्ष देखि एकिकृत सम्पत्ति कर लागु गर्नका लागि आवश्यक तयारी लगायतका सम्पूर्ण कार्यहरु गर्नका लागि हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु समेत सदस्यहरु रहने गरी एकिकृत सम्पत्ति कर सम्बन्धी कार्यदल गठन गर्ने निर्णय गरियो ।

- ❖ निर्वाचित वडा सदस्यहरु — सदस्य
- ❖ वडा सचिव — सदस्य सचिव

४. साविकको छाङ्गछाङ्गदी गाँउ विकास समिति हालको वडा नंम्बर ४ बाट यस आर्थिक वर्षमा बचत हुने आन्तरिक रकमलाई विभिन्न कार्यक्रममा खर्च गर्ने गरी कार्यक्रम प्रस्ताव भै आएकोमा वडा कार्यालयबाट प्रस्ताव भै आए बमोजिमका कार्यक्रमहरुमा नियमानुसार खर्च गर्न स्वीकृति दिने निर्णय गरियो ।

५. नगरपालिकाको दोस्रो नगरपरिषदबाट चालु आर्थिक वर्षमा संचालन हुने गरी स्वीकृत भएका तपशिलमा उल्लेखित कार्यक्रम|योजनाहरुको मिति २०७४|०३|०६ सम्म योजना सम्झौता नभएकोले उक्त कार्यक्रममा विनियोजित रकमलाई आगामी नगर सभाबाट स्वीकृत गर्ने गरि कार्यक्रम संशोधन गरि देहाय बमोजिमका कार्यक्रममा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

सि.न.	नगर परिषदबाट यस आ.व. मा स्वीकृत भएका कार्यक्रमको विवरण	विनियोजित रकम	संशोधित/थप कार्यक्रम	विनियोजित रकम	कैफियत
१	बालबालिका खेलकुद मैदान	रु ५,००,०००/-	करुङ्ग भज्याङ्ग देखि जामे मस्जिदसम्म जाने करिब ९० मिटरबाटो फराकिलो गरी pcc	रु ८००००/- सम्म	प्राविधिक मुल्यांकनका आधारमा
२	दलित आदिवासी जनजाती विपन्न वर्ग सचेतनामुलक कार्यक्रम	रु १,२०,०००/-	सामदी खोला कुलो मर्मत	रु ३५,०००/- सम्म	
३	लक्षित वर्ग शसक्तिकरण कार्यक्रम	रु ३,००,०००/-	ध्रुव देउराली बाँयाखोला सडक खण्डमा गएको पैरो व्यवस्थापन	रु ३००००/-	
४			दैविक प्रकोप व्यवस्थापनका लागि चाहिने सामाग्री खरिद	रु ५००००/-	ग्याभिन तार, गैंची, डोरी र टेन्ट|त्रिपाल वेल्चा, लगायतका सामाग्री खरिद गर्ने
५			गोदीखोला तिवारी खोला खानेपानी टक्याकी	रु ६००००/-	प्राविधिक मुल्यांकनका आधारमा

			निर्माण		
६			दलित अपाङ्ग तथा भुकम्प पिडित सहयोग कार्यक्रम	रु२७५०००/-	जस्तापाता टयाइलेट प्यान खानेपानी पाइप लगायतका समाग्री
जम्मा		रु ९ लाख २० हजार	जम्मा		

६. वडा नंम्बर २ मिजाखोला सिँचाईका लागि आवश्यक पर्ने पाइप दिगुवामा रहेका अपाङ्ग तथा भुकम्प पिडितलाई आवश्यक पर्ने जस्तापाता लगायतका सामानहरु दिने निर्णय गरियो ।

७. गोदाखोला तिवारी खोला खानेपानी टंकी निर्माणको लागि प्रविधिक मुल्याङ्कनका आधारमा आगामी नगर सभाबाट अनुमोदन गर्नेगरी रु ६०००/- साठी हजार मात्र आन्तरिक स्रोतबाट खर्च लेख्नेगरि स्विकृति दिने निर्णय गरियो ।

८. नगर स्तरिय समिक्षा गोस्ठी वडा गत रुपमा देहाय बमोजिमको मिति र समयमा गर्ने गरि निर्णय गरियो

- वडा नंम्बर १ र २ को ८ गते
- वडा नंम्बर ३ र ११ गते
- वडा नंम्बर ४ र ५ को १३ गते
- वडा नंम्बर ६ र ७ को १२ गते
- वडा नंम्बर ८ र९ को १० गते

९. यस आर्थिक वर्षको सुरुवात देखि भीरकोट नगरक्षेत्रको फोहोर मैला उठाए वापत भीरकोट उद्योग वाणिज्य संघ वयरघारीले स्याङ्गजाले भुक्तानी पाँउ भनी दिएको निवेदनका सम्बन्धमा पुर्व संम्झौता बमोजिम आन्तरिक स्रोतबाट खर्च लेख्नेगरी भुक्तानी दिन सिफारिस गर्ने निर्णय गरियो ।

१०. मिजा खोला सिँचाई आयोजनाको लागि ६ ईन्चको ३० रनिङ्ग मिटर पाइप उपलब्ध गराउने निर्णय गरियो ।

११. यस आर्थिक वर्षको नगर परिषदबाट स्विकृत भएको सिरुखर्क झाँक्रीथान दारबोट सम्मको कुलो निर्माणको लागि विनियोजित भएको रु ११०००/- एक लाख दश हजार मात्र रुपैया रकम आगामी नगर सभाबाट अनुमोदन गर्नेगरि जाली भर्न दिने अनुमति दिने निर्णय गरियो ।

१२.नगर क्षेत्रमा आगालागि तथा बाढी पहिरोको कारण पुर्ण रुपमा घरबार क्षति भएका पिडितलाइ ततकाल राहत स्वरुप रु ५०००/- (पाँच हजार मात्र)

१३. भीरकोट नगरपालिकाका प्रथम नव निर्वाचित नगर प्रमुख श्री छायाराम खनाल ज्यू का दाजु श्री गंगा राम खनालको मिति २०७४/०३/२ गतेका दिन असामयीक निधन भएकोले दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा सम्पुर्ण परिवारजनमा धैर्यधरण गर्ने शक्ती प्रदान गरुन भी इश्वरसंग प्रार्थना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकको नगर सभा तथा नगरकार्यपिलकाको बैठकमा सहभागि हुने निर्वाचित सदस्यहरुलाई सभा/बोर्ड बैठकमा सहभागि हुने ओउदा तथा जाँदाको यातायात खर्च तथा बैठक भत्ता वापत प्रति बैठक रु १५००/- मा नियमानुसारको कर कट्टी गरि हुने आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

१५. भीरकोट नगरपालिकाको वडा कार्यालयहरुमा वडा अध्यक्षको अध्यक्षतामा बस्ने बैठकमा सहभागी हुने निर्वाचित सदस्यहरु र वडा सचिव लाई वडा बैठकमा सहभागी हुन आउँदा जाँदाको यातायात खर्च तथा बैठक भत्ता वापत प्रति बैठक रु १०००/- (एक हजार मात्र) मा नियमानुसार करकट्टी गरि हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७४/०३/१४ गतेका दिन हुने नगरपालिका कार्यपालिकको वोर्ड बैठकका छलफलका एजेण्डाहरुः

1. नगरपालिका क्षेत्रमा संचालनमा रहेका व्यापार व्यवसायहरुलाई दर्ता तथा नविकरण गरि संचालन गर्नको लागि अनुरोध गरिएको जिङ्गल बजार क्षेत्रमा प्रसार गर्ने सम्बन्धमा,
2. नगरपालिकाले यस आर्थिक वर्षमा संचालन गरेका कार्यक्रमहरुको वार्षिक समिक्षा सम्बन्धमा
3. नगर सभाको बैठक बोलाउने सम्बन्धमा
4. बजार क्षेत्रमा संचालनमा रहेका मासुजन्य खाद्य तथा पेय पर्दाथहरुको विक्रि वितरणलाई व्यवस्थित गरी आम उपभोक्तालाई खाद्य सुरक्षाको प्रत्याभुति गर्न सोसग सम्वन्धित निकायका प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिहरुको सहभागितामा बजार अनुगमन गर्ने सम्बन्धमा
5. लक्षित वर्ग शसक्तिकरण कार्यक्रमका सम्बन्धमा रञ्जित थापाले पेश गरेको कार्यक्रममा सम्बन्धमा,
6. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएका स्थानीय निकायमा निर्वाचित पदाधिकारीको आचार संहिता, २०७४, स्थानीय तहको आर्थिक ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ नगरपालिकको बैठक संचालन सम्बन्धी कार्यविधि,२०७४, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ स्थानीय तहको विनियोजन ऐन, २०७४ सम्बन्धमा
7. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ मा भएको व्यवस्था बमोजिम राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन सम्बन्धमा
8. आगामी आर्थिक वर्षमा नगर क्षेत्रमा कार्यन्वयन गर्ने योजना तर्जुमा सम्बन्धमा

मिति २०७४/०३/१४ तेस्रो नगरकार्यपालिकाको वोर्ड बैठकको निर्णयहरुः

1. नगरकार्यपालिकाको दोस्रो वोर्ड बैठकमा छलफल भए अनुसार आगामी नगरपरिषदबाट स्वीकृत गराउने गरी डाडाकोट भिमसेन थान पछाडी पहिरो व्यवस्थापन गर्न रु २० हजार र सारुथोक खानेपानीका मोटर खरिद गर्न रु ४० हजार र अजिना देखि झारखाम सम्मको अजिना खोला सफा गर्न रु ५० हजार गरी जम्मा रु १ लाख १० हजार आन्तरिक स्रोतबाट खर्च गरी पहिरो व्यवस्थापन गर्ने निर्णय गरियो ।
2. नगरपालिका क्षेत्रमा संचालनमा रहेका व्यापार व्यवसायहरुलाई दर्ता तथा नविकरण गरि संचालन गर्नको लागि अनुरोध गरिएको जिङ्गल बजार क्षेत्रमा प्रसार गर्ने निर्णय गरियो ।
3. नगर सभाको बैठक सम्बन्धमा पेश गर्नु पर्ने एजेण्डाहरु तयार गरि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।
4. नगरपालिकाले यस आर्थिक वर्षमा संचालन गरेका कार्यक्रमहरुको वार्षिक समिक्षा सम्बन्धमा वडास्तरबाट प्रतिवेदन पेश गरे पश्चात नगरस्तरीय समिक्षा गोष्ठीको मिति तोक्ने जिम्मेवारी नगर प्रमुखको दिने निर्णय गरियो ।
5. बजार क्षेत्रमा संचालनमा रहेका मासुजन्य पदार्थ, खाद्य तथा पेय पर्दार्थहरुको विक्रि वितरणलाई व्यवस्थित गरी आम उपभोक्तालाई खाद्य सुरक्षाको प्रत्याभुति गर्न सोसंग सम्बन्धित निकायका प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिहरुको सहभागितामा बजार अनुगमन गर्ने व्यवस्था मिलाउन कार्यकारी अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।
6. लक्षित वर्ग शसक्तिकरण कार्यक्रमका रन्जित थापाले पेश गरेको प्रस्तावका सम्बन्धमा सम्बन्धित वडा ६ वटा अध्यक्षहरुले अनुगमन गर्ने जिम्मेवारी दिने गरी रु ३ लाख आगामी नगरसभाबाट स्वीकृति लिने गरी आन्तरिक स्रोतबाट खर्च लेख्न सहमति दिने निर्णय गरियो ।
7. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध गराइएका स्थानीय निकायमा निर्वाचित पदाधिकारीको आचार संहिता, २०७४, स्थानीय तहको आर्थिक ऐन, २०७४, नगरपालिकको बैठक संचालन सम्बन्धी कार्यविधि,२०७४, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ स्थानीय तहको विनियोजन ऐन, २०७४ सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा क्रमश छलफल गर्ने निर्णय गरियो ।

धर्म राज हमाल
कार्यकारी अधिकृत

८. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ सामान्य परिमार्जन सहित पारित गर्ने र दिग्दर्शनको उपदफा २.१.१. बमोजिम राजश्व परामर्श समिति, उपदफा २.२.१. बमोजिम श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र उपदफा २.३.१. बमोजिमको समिति देहाय बमोजिमका पदाधिकारीहरुको संयोजक तथा सदस्यहरु रहने समिति गठन गर्ने निर्णय गरियो ।

राजश्व परामर्श समितिः

श्री सिमा के.सी. कर्माचार्य	उपप्रमुख	संयोजक
श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	सदस्य
श्री कमल त्रिपाठी	वडा नं २ अध्यक्ष	सदस्य
श्री याम प्रसाद अधिकारी	वडा नं ५ अध्यक्ष	सदस्य
श्री दिपेन्द्र के.सी.	वडा नं १ अध्यक्ष	सदस्य
श्री विन्दु के.सी.	वोर्ड सदस्य	सदस्य
श्री टिकाराम सुवेदी	लेखा अधिकृत	सदस्य सचिव

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिः

श्री छायाराम खनाल	प्रमुख	संयोजक
श्री सिमा के.सी. कर्माचार्य	उपप्रमुख	सदस्य
श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	सदस्य
श्री विष्णु माझी	वोर्ड सदस्य	सदस्य
श्री बाबुराम श्रेष्ठ	वडा अध्यक्ष वडा नं ३	सदस्य
श्री सन बहादुर बि.क.	वोर्ड सदस्य	सदस्य
श्री भरत खनाल	इन्जिनियर योजना शाखा	सदस्य सचिव

बजेट तथा कार्यक्रम तर्जुमा समितिः

श्री सिमा के.सी. कर्माचार्य	उपप्रमुख	संयोजक
श्री लक्ष्मण के.सी.	अध्यक्ष आर्थिक विकास	सदस्य
श्री धनसुभा राना	अध्यक्ष सामाजिक विकास	सदस्य
श्री भिम बहादुर गुरुङ्ग	अध्यक्ष पूर्वाधार विकास	सदस्य
श्री तन बहादुर गुरुङ्ग	अध्यक्ष वातावरण तथा विपद व्यवस्थापन	सदस्य
श्री शेषकान्त अर्याल	अध्यक्ष संस्थागत विकास तथा सेवा प्रवाह	सदस्य
श्री चन्द्र बहादुर बस्नेत	अध्यक्ष वित्तिय व्यवस्थापन र सुशासन	सदस्य
श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	सदस्य सचिव

9. आगामी आर्थिक वर्षमा नगर क्षेत्रमा कार्यन्वयन गर्ने योजना तर्जुमा सम्बन्धी कार्यक्रम मिति २०७४/०३/१५ देखि २० सम्म वडास्तरमा सम्पन्न गर्ने निर्णय गरियो ।
10. यस आर्थिक वर्षको नगर परिषदबाट स्वीकृत ठाडोबाटो ग्राभेल गर्ने कार्यक्रम आगामी नगरसभाबाट स्वीकृति गराउने गरी खादीखोला भुङ्गभुङ्गेमा सिमेन्टेड बोल लगाउने कार्यमा खर्च गर्ने गरि कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।
11. नगरकार्यपालिकाका पदाधिकारीहरुलाई १/१ वटा अफिसियल व्याग उपलब्ध गराउन नगरपालिकालाई सिफारिश गर्ने निर्णय गरियो ।
12. बलमाटा तिलाहारमा रहेको आमा समूहको र युवा क्लब नजिक सार्वजनिक शौचालय निर्माणका लागि आगामी नगरसभाबाट स्वीकृत गराउने गरी रु ७०,०००/- आन्तरिक स्रोतबाट खर्च लेख्न सहमति दिने निर्णय गरियो ।
13. नगर परिषदबाट यस आर्थिक वर्षमा स्वीकृत भएको वडा ६ को घोंगारह बाटो मर्मत कार्यक्रममा विनियोजन भएको रकम रु ३५ हजार आगामी नगरसभाबाट स्वीकृत गराउने गरी आधिखोला तटबन्धन उपभोक्ता समिति (अध्यक्ष बेग बहादुर थापा) ले एकुवारमा लगाएको जालि भर्ने ढुंगा खरिद गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।
14. साविक कालिकाकोट हाल भीरकोट नगरपालिका वडा नंम्बर ९ को यस आर्थिक वर्षको गाँउ परिषदबाट स्वीकृत सावुन बनाउने तालिम शिर्षकमा विनियोजन भएको रकम रु १ लाख रुपैया र आङ्गबाङ्ग खोला कलभर्ट निर्माणमा विनियोजन भएको रकम रु ५०,०००/- हजार आगामी नगर सभाबाट स्वीकृत गराउने गरी क्रमश सोही स्थानका महिलाहरुलाई उदघोषण तालिम दिने र गाँउघर क्लिनिकको भवन मर्मत कार्यमा खर्च गरि कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

मिति २०७४/०३/२४ गते भएको नगरपालिका कार्यपालिकको वोर्ड बैठकका छलफलका एजेण्डाहरुः

१. आगामी आर्थिक वर्षका लागि योजना तर्जुमा र छनौट सम्बन्धमा
२. पदाधिकारीहरुको कार्यसम्पादन नियमावली स्वीकृत गर्ने सम्बन्धमा
३. चालु आर्थिकका कर सिफारिश दस्तुत तथा शुल्क र आगामी आर्थिक वर्षका लागि प्रस्तावित सिफारिश दस्तुर र कर सम्बन्धमा
४. आगामी बर्षको बजेट तर्जुमा सम्बन्धमा
५. नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा
६. कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा
७. सिद्धार्थ राजमार्ग देखि पुलको मुख र रेग्मी डाँडा देखि कालिका अस्पतालसम्मको बाटोको इस्टिमेट सम्बन्धमा
८. नगरसभा बोलाउने समय मिति र स्थान सम्बन्धमा

चौथो बोर्ड बैठकका निर्णयहरु:

१. नगरकार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४, नगर कार्यपालिका (कार्य बिभाजन) नियमावली, २०७४ को स्वीकृत गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम बजेट, विनियोजन विधेयक, २०७४, नगरपालिकाको आर्थिक ऐन, २०७४ पदाधिकारीहरुको आचार संहिता नियमावली, २०७४ स्वीकृतिको लागि आगामी नगरसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. राजश्व परामर्श समितिले सिफारिश गरे बमोजिम आगामी आर्थिक वर्षदेखि लागु हुने कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, सिफारिश दस्तुरका दरहरु देहाय बमोजिम तोक्ने र सोको आधारमा आगामी वर्षको नीति बजेट तथा कार्यक्रम तर्जुमा गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क सिफारिश दस्तुरका दरहरु

सि न	सेवा/सुविधाको विवरण/शिर्षक	आर्थिक वर्ष ०७३/०७४ मा लागु रहेको दर	०७४/०७५ मा लागु हुने दर
१	नागरिकता प्रमाणपत्रको सिफारिश	रु १००	रु १५०/-
२	नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिफारिश	रु २००	रु ३००/-
३	अंगिकृत नागरिकता प्रमाणपत्रको सिफारिश (नेपाली नागरिकसंग विवाहित विदेशी महिला)	रु १०००	रु १५००/-
४	अंगिकृत नागरिकताको प्रमाणपत्रको संशोधन (नेपाली नागरिकसंग विवाहित विदेशी महिलाको हकमा)	रु ५००	रु ७५०/-
५	अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्रको सिफारिश (विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएकाँ सन्तानको हकमा)	रु १०००	रु १५००/-
६	नाता प्रमाणित नेपाली	रु २००	रु ३००/-
७	नाता प्रमाणित अंग्रेजी	रु ५००	रु ७५०/-
८	घर जग्गाको नामसारी सिफारिश	रु २००	रु ३००/-
९	गुठी जग्गाको मोहियानि हकको सिफारिश	रु ५००	रु ७५०/-
१०	जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) प्रतिलिपि तथा सेस्ता कायम सिफारिश	रु २००	रु ३००/-
११	बकस जग्गा नामसारी सिफारिश	रु १३००	रु १९५०/-
१२	जग्गाको अंशवण्डा सिफारिश	रु ३००	रु ४५०/-
१३	जग्गाको अपुताली सिफारिश	रु १०००	रु १५००/-
१४	नाम संशोधन सिफारिश	रु २००	रु ३००/-
१५	चारकिल्ला प्रमाणित सिफारिश २ रोपनीसम्म	रु २००	रु ३००/-
१६	चारकिल्ला सिफारिश ३ रोपनी भन्दा बढी प्रतिरोपनी थप	रु ५०	रु ७५/-
१७	घर बाटो सिफारिश २ रोपनीसम्म	रु २००	रु ३००/-
१८	घर बाटो सिफारिश २ रोपनीभन्दा बढी थप	रु ५०	रु ७५/-

१९	खानेपानी जडानको सिफारिश स्थायी	रु २००.	रु ३००/-
२०	खानेपानीको अस्थायी सिफारिश	-	रु ६००/-
२१	विद्युत जडान ३ फेजसम्मको स्थायी सिफारिश	रु ३००	रु ४५०/-
२२	विद्युत जडान ३ फेजभन्दा बढी प्रति फेज थप	रु २००	रु ३०० /-
२३	विद्युत जडान अस्थायी सिफारिश	-	व्यक्तिगत रु ५००/- र संस्थागत रु १०००/-
२४	विद्युत नामसारी/ठाँउसारी सिफारिश	रु २००	रु ३००/-
२५	जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा) मा घर कायम सिफारिश	रु ३००	रु ४५०/-
२६	जन्म मिति प्रमाणित सिफारिश नेपालीमा	रु १००	रु १५०/-
२७	जन्म मिति प्रमाणित सिफारिश अंग्रेजीमा	रु ५००	रु ७५०/-
२८	मृत्यु प्रमाणित सिफारिश नेपाली	रु १००	रु १५०/-
२९	मृत्य प्रमाणित सिफारिश अंग्रेजीमा	रु ५००	रु ७५०/-
३०	विवाहित/अविवाहित नेपाली/अंग्रजी	रु ५००	रु ७५०/-
३१	बसोबास प्रमाणित सिफारिश	रु १००	रु १५०/-
३२	नाबालक परिचय पत्र सिफारिश	रु ५००	रु ७५०/-
३३	पतीपत्नी बिच सम्बन्ध विच्छेद	रु ३००	रु ४५०/-
३४	चारित्रिक प्रमाणपत्रको सिफारिश भारतको लागि	रु २००	रु ३००/-
३५	साधारण सिफारिश अग्रेजी	रु ५००	रु ७५०/-
३६	तिनपुस्ते प्रमाणित	रु १००	रु १५०/-
३७	संस्था दर्ता सिफारिश	रु ५००	रु ७५०/-
३८	संस्था दर्ता नवीकरण	रु ३००	रु ४५०/-
३९	साधारण सिफारिश नेपाली	रु २००	रु ३००
४०	नक्कल दिने प्रतिपाना	रु ५०	रु ७५/-
४१	जन्म विवाह सम्बन्ध-विच्छेद बसाई सराई र मृत्यु दर्ता ३५ दिन भित्र	निशुल्क	निशुल्क
४२	जन्म विवाह सम्बन्ध विच्छेद र मृत्यु दर्ता ३५ दिन पश्चात	रु ५०	रु ७५/-
४३	बसाई सराई	रु १०० देखि रु ५००	न.पा. भित्र रु ५००/- र बाह्य रु ७५०/-
४४	घटना दर्ताको प्रमाणपत्रको प्रतिलिपि	रु १००	रु १५०/-
४५	विवरण सच्चाउने	रु ५००	रु ७५०/-
४६	सामाजिक सुरक्षाको भत्ताको लागि परिचय पत्र बनाउने	निशुल्क	निशुल्क
४७	छात्रवृत्ति सिफारिश	रु २००	रु ३००/-
४८	विद्यालय दर्ता सिफारिश (निजि) प्रा वि	रु १०००	रु १५००/-
४९	विद्यालय दर्ता सिफारिश (निजी) निमावी स्तर	रु १५००	रु २२५०/-
५०	विद्यालय दर्ता सिफारिश (निजि) माविस्तर	रु २०००	रु ३०००/-
५१	उच्च मा वि दर्ता सिफारिश	रु ३०००	रु ४५००/-
५२	उद्योग स्थापनाको सिफारिश	रु ५००-रु१५००	रु १५००/-
५३	मादकपदार्थजन्य डिलरसिप सिफारिश	-	रु १५००/-
५४	मल्टिनेशन कम्पनीबाट उत्पादित सामानको डिलर सिप सिफारिश	-	रु १५००/-
५५	अन्य सामानको डिलर सिफारिश	-	रु ७५०/-

	घिनो तथा अचल सम्पत्तिको मूल्यांकन		
५६	रु ५ लाखसम्म	रु १०००	रु १५००/-
	रु ५-१० लाखसम्म	रु १५००	रु २२५०/-
	रु १०-२० लाखसम्म	रु २०००	रु ३०००/-
	रु २०-५० लाखसम्म	रु ३०००	रु ४५००/-
	रु ५० लाख-१ करोडसम्म	रु ६०००	रु ९०००/-
	रु १ करोडभन्दा माथि	रु १२०००	रु १८०००/-
५७	हैसियत तथा आय प्रमाणित सिफारिश प्रति हजार	रु २	रु ३/-
५८	एकिकृत सम्पत्ति कर	लागु भए पश्चात	लागु भए पश्चात
६०	सवारी दर्ता सिफारिस	रु १००-रु ५०० सम्म	हेभी सवारीको हकमा रु १०००/-, सानो सवारी (चारपाग्रे) को हकमा रु ७००/- र अन्यको हकमा रु ३००/-
६१	व्यवसाय दर्ता सिफारिश	रु ५००-रु १०००सम्म	रु ५ लाखसम्मको व्यवसायको लागि रु ५००/- र ५ लाखभन्दा माथिको हकममा रु १०००/-
	विज्ञापन स्वीकृत		
६२	१० वर्ग फिटसम्म	रु २००	रु ३००/-
	११-२४ वर्ग फिटसम्म	रु ५००	रु ७५०/-
	२५ माथि	रु १०००	रु १५००/-
६३	योजना माग सम्झौता सिफारिश	निशुल्क	रु ३००/-
६४	घर नक्शा पास	न्युनतम रु ५०० र तोकिएका सडक अनुसार प्रतिवर्ग फुट रु ३-रु४ सम्म	न्युनतम रु ५०० र भुई तलाको रु ३ पहिलो तलाको रु ४ दोस्रो तला वा सो भन्दा माथि रु ५ प्रति वर्ग फिट
६५	नक्शा संशोधन	रु ५०० र तोकिएको सडक अनुसार प्रतिवर्ग फुट रु १- रु ४ सम्म	रु १०००/-
६६	नक्शा म्याद थप	रु ५०० र तोकिएको सडक अनुसार प्रतिफुट रु १- रु ४ सम्म	रु १०००/- प्रतिवर्ग फुट रु २
६७	घर मर्मत स्वीकृत	रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १ — रु ४ सम्म	रु १०००/- प्रतिवर्ग फिट रु २
६८	घरको छानाको मोहडा फेर्ने	रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १- रु ४ सम्म	रु १०००
६९	अनुमती नलिई बनाएका घरको अभिलेख राख्ने सम्बन्ध	नयाँ	घर नक्शा पास गर्दा लाग्ने दस्तुरमा १०० प्रतिशत थप गरि नियमानुसार अभिलेख राख्ने
७०	साविक घर भत्काएर नयाँ घर बनाउने	रु ५०० र तोकिएको सडक अनुसार प्रति वर्गफुट रु १- रु ४ सम्म	रु १०००/- र घर नक्शा पास अनुसारको दस्तुत लिने
७१	अस्थायी संरचनाको नक्शा घर नक्शा पास	एकी भवनमा लाग्ने	एकी भवनमा लाग्ने दस्तुरको २०% मात्र।

७२	भारत प्रवेशको लागि राहदानी सिफारिश	दस्तुरको ५० प्रतिशत	प्रतिशत
७३	प्यारागलाइडिङ्ग सम्बन्धी अनुमति सिफारिश	रु ५००	रु ७५०/-
७४	वर्गीकरणमा नपरेका विभिन्न प्रकारका सिफारिश दर्ता नविकरण लगायतका विषयमा कामको प्रकृतिका आधारमा	रु १०० — रु १००० सम्म	रु १०००/- रु ७५०/-
७५	इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सी	रु ४०००/-	रु ६०००/-
७६	इन्जिनियर, सव इन्जिनिय, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सीको नविकरण	रु २५००/-	रु ३७५०/-
७७	घर जग्गा व्यवसाय	रु १००००/-	रु १५०००/-
७८	घर जग्गा व्यवसाय नविकरण	रु ५०००/-	रु ७५००/-
७९	निर्माण व्यवसायि/ठेकेदार	रु २०००/-	रु ३०००/-
८०	निर्माण व्यवसायि/ठेकेदार नविकरण	रु १०००/-	रु १५००/-
८१	प्लम्बिङ्ग फर्म/व्यक्ति/इलेक्ट्रिकल फर्म/व्यक्ति/पेन्टर फर्म/व्यक्ति/सेनेटरी फर्म	रु १०००	रु १५००/-
	कर		
८२	व्यवसाय कर	व्यवसायीले स्वंय घोषणा गरेको आम्दानीको २ प्रतिशत	
८३	घर बहाल कर	व्यवसायील स्वंय घोषणा गरेको कुल बहाल रकमको २ प्रतिशत र नेपाल सरकार/अन्य संघसंस्थालाई घर बहाल दिएको हकमा सम्झौतामा उल्लेखित रकमको रु २ प्रतिशत	

४. वडागत रुपमा प्रत्येक वडालाई योजना तर्जुमा गरी पेश गर्ने गरी रु ५० लाख रुपैयाको सिलिङ्ग दिने र रु ५० लाख मध्ये कम्तिमा रु १० लाख भन्दा माथिका २ वटा आयोजना प्रस्ताव गर्नु पर्ने निर्णय गरियो ।

५. वडाबाट प्रस्ताव गरिने आयोजनाहरु रु १ लाखभन्दा घटीका योजना/आयोजना पेश नगर्ने र वडागत आयोजना/योजनाहरु आगामी २६ गते बिहान ८ बजे बस्ने नगरकार्यापालिकाको बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

६. ठुला आयोजना तर्फ बयरघारी नयाँ बजार चोक देखि तमु समाज हल सम्मको करिब ३०० मिटर बाटो पिच गर्ने र साना किसान मार्ग ३०० मिटर बाटो पिच गर्न रु ४०/४० लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

७. बयरघारीदेखि दहथुम स्वास्थ्य चौकी सम्मको बाटो मर्मत सम्भारका लागि रु १० लाख विनियोजन गरी बजेट तयार गर्ने निर्णय गरियो ।

८. विभिन्न विषयका सिपमुलक तालिम कार्यक्रम संचालनका लागि रु २० लाख रुपैया र मर्मत सम्भार कोषमा रु ५० लाख रुपैया विनियोजन गरी बजेट तर्जुमा गर्ने निर्णय गरियो ।

९. प्रथम नगरसभाको बजेट निर्माण कार्यमा कार्यालय समयका अतिरिक्त विहान बेलुका संलग्न हुने नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई न्युनतम तलब स्केलको आधार महिना बराबरको रकम आन्तरिक आयबाट उपलब्ध गराउने निर्णय गरियो ।

१०. आगामी २७ गते बिहान ११ बजे नगरपालिकाको पहिलो नगरसभाको बैठक बोलाउने निर्णय गरियो ।

११. सिद्धार्थ राजमार्ग देखि पुलको मुख सम्म, र त्रिशुली डाडा देखि त्रिलिङ्ग अस्पताल सम्मको सडक कालोपत्रे योजनामा समावेश गरिएको इष्टिमेटमा १५% प्रोफिट र ओभरहेड बाहेक इष्टिमेट भएकोमा उपभोक्ता समिति मार्फत कार्य गराउदा सो १५% प्रोफिट र ओभरहेड जोड्न नपाउने प्रावधान रहेकोले उक्त इष्टिमेट संशोधनको लागि स्विकृति दिने निर्णय गरियो ।

पाचौ वोर्ड बैठकका निर्णयहरु

१. मिति २०७४/०३/२४ गतेको वोर्ड बैठकबाट तोकिएको सिलिङ्ग अनुसार वडा अध्यक्षज्यूहरुले पेश गर्नु भएका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष ०७४/०७५ मा नगरपालिकाको प्रत्यक्ष नियन्त्रण र सुपरिवेक्षणमा नगरपालिकाको इन्जिनियरबाट इस्टिमेट गरी सो आधारमा कार्यान्वयन गर्ने गरि देहाय बमोजिमका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

सि.न.	वडा	आयोजनाको नाम	लागत
१	१	बाये खोला देखि दहथुम स्वास्थ्य चौकीसम्मको खानेपानी	रु १००००००
२	२	ओसेक हुदै लेखन ढुंगा बाटो निर्माण	रु ५०००००
३	२	वयरघारी कृषिसेवा केन्द्रदेखि सामाखोरिया हुदै काफलपोखरी माझि सम्मको बाटो विस्तार	रु ५०००००
४	३	सानोखोल्सा भतेरपाटा थुम्का लिफ्टिङ्ग खानेपानी	रु १५०००००
५	४	झारखाम देखि छाङ्गछाङ्गदी हुदै ओडारेसम्म सिचाई आयोजना	रु १५०००००
६	४	छाङ्गछाङ्गदी सिटहल निर्माण	रु ५०००००
७	५	बलमाटा शिवमन्दिर देखि सिम्लेसम्मको मोटरबाटो ग्रामिण सडक फराकिलो पार्ने	रु २०००००
८	६	फोक्सिङ्ग लिफ्टिङ्ग खानेपानी आयोजना	रु १०००००
९	७	मुलपानी आमासमुहको भवन देखि पाँङ्गछाङ्ग पासिन डाँडा सम्मको बाटो	रु १५०००००
१०	८	मोहन डाँडा, आगेटारी, सालिकोष, सानो भज्याङ्ग ग्रामिण सडक	रु १५०००००
११	८	तारुक मोहनडाडा खानेपानी मर्मत	रु ४०००००
१२	९	ठुली भज्याङ्ग देखि पाखुरे जुनेली डाँडा हुदै काभ्रे जोडने ग्रामिण सडक निर्माण	रु १५०००००

पाचौ वोर्ड बैठकका निर्णयहरु

१. मिति २०७४/०३/२४ गतेको वोर्ड बैठकबाट तोकिएको सिलिङ्ग अनुसार वडा अध्यक्षज्यूहरुले पेश गर्नु भएका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष ०७४/०७५ मा नगरपालिकाको प्रत्यक्ष नियन्त्रण र सुपरिवेक्षणमा नगरपालिकाको इन्जिनियरबाट इस्टिमेट गरी सो आधारमा कार्यान्वयन गर्ने गरि देहाय बमोजिमका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

सि.न.	वडा	आयोजनाको नाम	लागत
१	१	बाये खोला देखि दहथुम स्वास्थ्य चौकीसम्मको खानेपानी	रु १००००००
२	२	ओसेक हुदै लेखन ढुंगा बाटो निर्माण	रु ५०००००
३	२	वयरघारी कृषिसेवा केन्द्रदेखि सामाखोरिया हुदै काफलपोखरी माझि सम्मको बाटो विस्तार	रु ५०००००
४	३	सानोखोल्सा भतेरपाटा थुम्का लिफ्टिङ्ग खानेपानी	रु १५०००००
५	४	झारखाम देखि छाङ्गछाङ्गदी हुदै ओडारेसम्म सिचाई आयोजना	रु १५०००००
६	४	छाङ्गछाङ्गदी सिटहल निर्माण	रु ५०००००
७	५	बलमाटा शिवमन्दिर देखि सिम्लेसम्मको मोटरबाटो ग्रामिण सडक फराकिलो पार्ने	रु २०००००
८	६	फोक्सिङ्ग लिफ्टिङ्ग खानेपानी आयोजना	रु १०००००
९	७	मुलपानी आमासमुहको भवन देखि पाँङ्गछाङ्ग पासिन डाँडा सम्मको बाटो	रु १५०००००
१०	८	मोहन डाँडा, आगेटारी, सालिकोष, सानो भज्याङ्ग ग्रामिण सडक	रु १५०००००
११	८	तारुक मोहनडाडा खानेपानी मर्मत	रु ४०००००
१२	९	ठुली भज्याङ्ग देखि पाखुरे जुनेली डाँडा हुदै काभ्रे जोडने ग्रामिण सडक निर्माण	रु १५०००००

छैटौ बोर्ड बैठकको एजेण्डा सम्बन्धमा

१. चालु आर्थिक वर्ष ०७४/०७५ मा आयोजनाहरुको कार्यान्वयन कार्य योजना सम्बन्धमा ।

२. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

३. टिपरको लागि ड्राइभर र सहयोगी नियुक्त गर्ने सम्बन्धमा ।

४. बाबु एडभेन्चर स्कुलले अनुरोध गरे बमोजिमको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय र सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सिफारिश गरि पठाउने ।

५. भीरकोट नगरपालिकाको केन्द्र बयरघारी बजारमा व्यवसायी शिक्षा तथा तालिम परिषद (CTVT) को तालिम केन्द्रको स्थापना बयरघारी बजारमा विस्तार गर्न अनुरोध गरी माननीय शिक्षामन्त्रीज्यूलाई अनुरोध गर्ने ।

६. विविध

छैटो वोर्ड बैठकका निर्णयहरु:

१. चालु आर्थिक वर्ष २०७४/२०७५ का आयोजनाहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधिमा देहायका विषयहरु समावेश गरि तर्जुमा गर्ने ।

- ❖ नगरसभाबाट स्वीकृत भएका खानेपानी सम्बन्धी आयोजनाहरुको स्टिमेट गर्ने कार्य वडा नंम्बर ९ मा ३-७ गते, वडा नंम्बर ८ को ८ -१२ गतेसम्म वडा नंम्बर ५ को १३-१७ वडा नंम्बर ६ का १८-२२ गते वडा नंम्बर ७ नम्बर वडाको २३-२७ गते र बाँकी १, २ र ४ नम्बर वडाका साउन २८ देखि भाद्र १५ गते भित्र सम्पन्न गरि नगरपालिकामा पेश गर्ने ।
- ❖ प्राविधिक स्टिमेटका आधारमा उपभोक्ता समितिसंग योजनाको सम्झौता भए पश्चात रु २० लाख रुपैयासम्मका आयोजनाका हकमा ३० प्रतिशत र रु २० लाखभन्दा माथिका आयोजनाको हकमा २० प्रतिशत पेश्की बडा अध्यक्षको सिफारिशमा दिने र पेश्की अनुसार खर्च गरे वा नगरेको अनुगमन गर्ने दायित्व वडा अध्यक्षको हुनेछ ।
- ❖ रु २० लाख भन्दा कमका साना आयोजनाका हकमा एक पटक पेश्की लगे पश्चात काम समाप्त भए पश्चात भुक्तानी दिइने र रु २० लाख भन्दा माथिका आयोजनाको हकमा ७५ प्रतिशत कार्य सम्पन्न भए पश्चात रनिङ्ग विलका आधारमा र काम समाप्त भए पश्चात वडा अध्यक्षको सिफारिश, काम सम्पन्न भएको प्राविधिकको मुल्यांकन प्रतिवेदनका आधारमा अन्तिम किस्ताको भुक्तानी दिने निर्णय गरियो ।
- ❖ आयोजनाको लागत स्टिमेट तयार गर्दा २० प्रतिशत जनसहभागिता हुनु पर्ने
- ❖ लागत अनुमानमा २ प्रतिशत कन्टिनजेन्सी काटेर लागत अनुमान तयार गर्ने र सम्पन्न भएका आयोजनाहरुको मर्मत कार्यलाई व्यवस्थित गर्नका लागि उपभोक्ता समितिबाट आयोजनाको कुल लागत रकमको २ प्रतिशत रकम जम्मा गरेमा नगरपालिकाबाट पनि त्यति नै रकम थप गरी हरेक आयोजनाको मर्मत सम्भार कोष बनाउने निर्णय गरियो ।

२. नगरपालिकाको फोहोरमैला व्यवस्थापनका अल्पकालिकन तथा दिर्घकालिन उपायहरु पहिचान गरी फोहोरोमैला व्यवस्थापन कार्य व्यवस्थित गर्नका लागि नगर उपप्रमुख श्री सिमा के.सी. कर्माचार्यको संयोजकत्वमा देहाय बमोजिमको फोहोरमैला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

❖ श्री सिमा के.सी. कर्माचार्य	नगर उपप्रमुख	भीरकोट नगरपालिका	संयोजक
❖ श्री दिपेन्द्र के.सी.	वडा अध्यक्ष	भी .न.पा वडा नं. १	सदस्य
❖ श्री कमल त्रिपाठी	वडा अध्यक्ष	भी .न.पा वडा नं. १	सदस्य
❖ श्री चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष	भी .न.पा वडा नं. १	सदस्य
❖ श्री भक्त बहादुर ~~श्रेष्ठ~~ के.सी.	अध्यक्ष	भीरकोट उद्योग बाणिज्य संघ	सदस्य
❖ श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत		सदस्य सचिव

३. बाबु एडभेन्चर स्कुलले अनुरोध गरे बमोजिम सन २०२० मा भीरकोट नगरपालिकाको आधिखोला क्षेत्रमा प्याराग्लाइडिङ्गको विश्वकप आयोजना गर्ने लक्ष्य रहेकोले उक्त विश्वकप संचालन गर्नको लागि भीरकोट नगरपालिकाको वडा नंम्बर १ को बयरघारी बजार देखि उक्त प्याराग्लाडिङ्ग स्कुल रहेको स्थान यसै नगरपालिकाको वडा ५ को स्वरेक भज्याङ्ग मैदानसम्मको बाटो कालोपत्रे गर्ने व्यवस्था मिलाई दिन अनुरोध गरि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, अर्थ मन्त्रालय र संस्कृतिक पर्यटन तथा नागरिक उडडयन मन्त्रालयमा सिफारिश गरि पठाउने निर्णय गरियो ।

४. व्यवसायिक शिक्षा तथा तालिम परिषद (CTEVT) तालिम केन्द्रको शाखा कार्यालय बयरघारी बजारमा विस्तार गर्न अनुरोध गरी माननीय शिक्षामन्त्रीज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. नगरपालिकाले खरिद गरेका जाली मध्ये १२ थान वडा नंम्बर ३ र १२ थान जाली वडा नंम्बर ७ मा दिने निर्णय गरियो ।

६. नगरपालिका अन्तरगतका वडा कार्यालयहरुका नाममा रहेका र वडा अन्तरगत रहेका सार्वजनिक प्रति जग्गाहरुको लगत तयार गरि त्यसको विवरण अद्यावधिक गर्नका लागि नगर प्रमुख श्री छायाराम खनालको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने गरि जग्गा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

❖ श्री छायाराम खनाल	नगर प्रमुख	भीरकोट नगरपालिका	संयोजक
❖ श्री सिमा के.सी. कर्माचार्य	नगर उपप्रमुख	भीरकोट नगरपालिका	सदस्य
❖ श्री दिपेन्द्र के.सी.	वडा अध्यक्ष	वडा नं. १	सदस्य
❖ श्री कमल त्रिपाठी	वडा अध्यक्ष	वडा नं. २	सदस्य
❖ श्री बाबुराम श्रेष्ठ	वडा अध्यक्ष	वडा नं. ३	सदस्य
❖ श्री चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष	वडा नं. ४	सदस्य
❖ श्री याम प्रसाद अधिकारी	वडा अध्यक्ष	वडा नं. ५	सदस्य
❖ श्री लक्ष्मण खत्री क्षेत्री	वडा अध्यक्ष	वडा नं. ६	सदस्य
❖ श्री शेषकान्त अर्याल	वडा अध्यक्ष	वडा नं. ७	सदस्य
❖ श्री तन बहादुर गुरुङ्ग	वडा अध्यक्ष	वडा नं. ८	सदस्य
❖ श्री भिम बहादुर गुरुङ्ग	वडा अध्यक्ष	वडा नं. ९	सदस्य
❖ श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	भीरकोट नगरपालिका	सदस्य सचिव

७. नगरपालिका भित्रका पर्यटकिय स्थलहरुको विकासलाई प्रभावकारीरुपमा अगाडी बढाउनका लागि नगर प्रमुख श्री छायाराम खनालको संयोजकत्व र देहाय बमोजिमका पदाधिकारीहरु सदस्य रहने गरी भीरकोट पर्यटन विकास समिति गठन गर्ने निर्णय गरियो ।

❖ श्री छायाराम खनाल	प्रमुख	भीरकोट नगरपालिका अध्यक्ष
❖ श्री सिमा के. सी. कर्माचार्य	उपप्रमुख	भीरकोट नगरपालिका सदस्य
❖ श्री दिपेन्द्र के.सी.	अध्यक्ष वडा नं. १	भीरकोट नगरपालिका सदस्य
❖ श्री कमल त्रिपाठी	अध्यक्ष वडा नं. २	भीरकोट नगरपालिका सदस्य
❖ श्री बाबुराम श्रेष्ठ	अध्यक्ष वडा नं. ३	भीरकोट नगरपालिका सदस्य
❖ श्री चन्द्र बहादुर बस्नेत	अध्यक्ष वडा नं. ४	भीरकोट नगरपालिका सदस्य
❖ श्री याम प्रसाद अधिकारी	अध्यक्ष वडा नं. ५	भीरकोट नगरपालिका सदस्य
❖ श्री लक्ष्मण खत्री क्षेत्री	अध्यक्ष वडा नं. ६	भीरकोट नगरपालिका सदस्य
❖ श्री शेषकान्त अर्याल	अध्यक्ष वडा नं. ७	भीरकोट नगरपालिका सदस्य
❖ श्री तन बहादुर गुरुङ्ग	अध्यक्ष वडा नं. ८	भीरकोट नगरपालिका सदस्य
❖ श्री भीम बहादुर गुरुङ्ग	अध्यक्ष वडा नं. ९	भीरकोट नगरपालिका सदस्य
❖ श्री धनसुभा राना	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री विन्दु खडका	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री विष्णु वोटे	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री विष्णु माया काफ्ले	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री डिल बहादुर सुनार	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री ज्ञान बहादुर वि.क.	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री सिता खत्री क्षेत्री	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री दुर्गा कोइराला	वोर्ड सदस्य	भीरकोट नगरपालिका सदस्य
❖ श्री पदम बहादुर के.सि.	समाजसेवी/पर्यटन व्यवसायी	सदस्य
❖ श्री सानुबाबु सुनार	पर्यटन व्यवसायी	सदस्य
❖ श्री दिपक रोका	पर्यटन व्यवसायी	सदस्य
❖ श्री डिल बहादुर गुरुङ्ग	पर्यटन व्यवसायी	सदस्य
❖ श्री कुल बहादुर के.सि.	पर्यटन व्यवसायी	सदस्य
❖ श्री पिताम्बर श्रेष्ठ	पर्यटन व्यवसायी	सदस्य
❖ श्री याम प्रसाद गुरुङ्ग	पर्यटन व्यवसायी	सदस्य
❖ श्री ढाल विक्रम खाँण	समाजसेवी	सदस्य
❖ श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	सदस्य सचिव

भीरकोट नगर कार्यपालिकाको

सातौं बोर्ड बैठकको निर्णय

प्रादेशिक तथा संघीय निर्वाचन प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण आयोगले स्याङ्जा जिल्लाको क्षेत्र निर्धारण गर्दा भौगोलिक अवस्था, राजनैतिक दल, स्थानीय तह र स्थानीयवासीहरुको मनसाय नबुझी हचुवाको भरमा भीरकोट नगरपालिकालाई अलग अलग रुपमा दुई वटा निर्वाचन क्षेत्रमा पर्ने गरी क्षेत्र निर्धारण गरेको विषयले यस नगर कार्यपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारी र समग्र भीरकोट वासीहरुको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी नगरपालिकाको पहिचान र भीरकोटवासी आम नागरिकका बीचमा रहेको सामाजिक एकता, सहिष्णुता र सद्भावमा असर पर्ने गरी निर्वाचन क्षेत्र निर्धारणका लागि सिफारिस भएकोले तत्काल भीरकोट नगरपालिकालाई अखण्ड रुपमा कुनै एक निर्वाचन क्षेत्रमा समावेश हुने गरी क्षेत्र निर्धारण आयोगबाट भएको सिफारिस तत्काल संशोधन गर्न श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, निर्वाचन क्षेत्र निर्धारण आयोग, प्रमुख राजनीतिक दलका केन्द्रीय कार्यालय समेतका सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

धर्म राज [illegible]
कार्यकारी अधिकृत

आठौ बोर्ड बैठकको निर्णयहरुः

१. नगरपालिका घोषणा हुनुभन्दा अगाडी घडेरी प्रयोजनका लागि खरिद भएका तर हालको मापदण्ड अनुसार घर निर्माणका लागि मापदण्ड नपुग्ने घडेरीमा न्युनतम मापदण्ड पुरा गरी घर निर्माणको अनुमती दिने र निर्माण भएका घरका सम्बन्धमा घर अनुसारको नक्सा पेश गर्न लगाई नियमानुसारको दस्तुर लिई अभिलेखिकरण गर्ने निर्णय गरियो ।

२. आम सर्वसाधरणलाई घडेरी प्रयोजनको लागि जग्गा खरिद विक्रि गर्दा र घर निर्माणको कार्य प्रारम्भ गर्दा देहायको मापदण्ड/शर्तहरु अन्तरगत रहि घडेरीहरु खरिद विक्रि गर्न अनुरोध गरि सार्वजनिक स्थल/वडा कार्यालयहरुमा समेत सुचना टाँस गर्ने र सार्बजनिक संचारका माध्यमहरु मार्फत व्यापकरुपमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>भीरकोट नगरपालिका क्षेत्र भित्र घडेरी प्रयोजनको लागि घडेरी खरिद गर्दा ध्यान दिनु पर्ने कुराहरुः</u>

- घडेरी प्रयोजनको लागि खरिद विक्रि गर्ने जग्गा न्यूनतम ०-२-२-० (दुई आना-दुई पैसा) हुनुपर्ने
- घडेरी सम्म पुग्नको लागि स्पष्ट रुपमा नक्सामा बाटो खुलेको हुनुपर्ने ।
- खानेपानी तथा विजुलीको जडानका लागि आवश्यक पर्ने पोल भए वा नभएको एकिन गर्नु पर्ने।

<u>भीरकोट नगरपालिका क्षेत्र भित्र घर निर्माण कार्य प्रारम्भ गर्दा पालना गर्नुपर्ने कुराहरु</u>

- घर निर्माणका लागि न्युनतमरुपमा आवश्यक पर्ने जग्गा भए नभएको विषयमा नगरपालिकामा सम्पर्क राख्ने ।
- घर निर्माणका लागि अनिवार्यरुपमा सम्बन्धित वडा कार्यालयको सिफारिश हुनुपर्ने।
- घर निर्माण स्थलमा नक्शामा प्रष्टरुपमा खुलाइएको बाटो हुनु पर्ने र
- घर निर्माणका लागि दर्तावाल ENGINEERING CONSULTANCY बाट मापदण्ड भित्र रहि बनाएको घरको नक्शा नगरपालिकामा पेश गरि अनुमती लिनु पर्ने ।

३. भीरकोंट नगरपालिका भित्र घर बनाउनको लागि अनिवार्यरुपमा सम्बन्धित वडा कार्यालयहरुको सिफारिस र नगरपालिकाबाट अनुमती लिई घर बनाउनु पर्ने र वडा कार्यालयको सिफारिस तथा नगरपालिकाको अनुमति नलिई नवनिर्मित भएका घरको नदसा पास गर्न, नगरपालिका/वडा कार्यालयहरुबाट कुनै पनि किसिमको सिफारिस दिन, सेवा/सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन भन्ने व्यहोराको सुचना प्रत्येक

वडा कार्यालय, सार्वजनिक स्थानमा समेत टाँस गरी सार्वजनिक संञ्चारका माध्यम मार्फत प्रचार प्रसार गर्ने निर्णय गरियो।

४. हेलु बजार देखि छाङछाङदीसम्म सिद्धार्थ राजमार्गका दाँया बाँया रहेका सडकको उपयुक्त नामकरण र सडकको लम्बाई चौडाई सहितको विवरण तयार गरि प्रतिवेदन पेश गर्न कार्यकारी अधिकृत धर्मराज ढुंगाना, वडा अध्यक्ष दिपेन्द्र के.सी र कमल त्रिपाठी तथा इन्जिनियर भरत खनाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. कार्यकारी अधिकृत स्तरबाट नगरपालिकाको लागि आवश्यक पर्ने इन्जिनयरको करार सेवा गरी कामकाजमा लगाउने र नगरपालिकाको स्रोत नक्सा तयारी र एकिकृत सम्पतीकर निर्देशिका निर्माण लगायतका कार्यको फोकल व्यक्तिको रुपमा कामकाज गर्ने गरि अधिकृतस्तरको सुविधा उपलब्ध गराउने गरि एकजना कर्मचारी सेवा करारमा लिन सहमति दिने निर्णय गरियो ।

६. नगरपालिका क्षेत्रमा एकिकृत शहरी तथा बस्ती विकास सम्बन्धी मापदण्ढ तयार गर्न सहयोग गर्ने अनुरोध गरि सहरी विकास तथा भवन निर्माण विभागलाई पत्रचार गर्ने निर्णय गरियो ।

७. नगरपालिकाबाट उपभोक्ता समिति मार्फत संचालन हुने क्रियाकलापहरुलाई नियमित व्यवस्थित गर्ने प्रयोजनका तयार गरि स्वीकृतार्थ पेश भएको उपभोक्ता समितिको कार्यविधि, २०७४ का सम्बन्धमा अध्ययन गरी राय सहित आगामी बैठकमा पेश गर्ने ।

८. आगामी दिनमा वडा कार्यालयहरुको सिफारिश सहित क्षतीपुर्तिको लागि पेश भएका निवेदनका सम्बन्धमा नगर प्रमुख, उप-प्रमुख, कार्यकारी अधिकृत, इन्जिनियर र सम्बन्धित वडाका वडा अध्यक्ष सहितको समिति गठन गर्ने र सो समितिले अनुगमन गरि दिएको प्रतिवेदनको आधारमा अधिकतम ३० हजारमा नबढने गरी क्षतीपुर्ति दिने र मिति २०७४/०५/२८ गतेको कार्यपालिकाको बैठकमा पेश भएका देहायका व्यक्ति र संस्थाको हकमा देहाय बमोजिमको रकम क्षतिपूर्ती तथा सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

सि.न	व्यक्ति / संस्थाको नाम	वडा नं.	क्षतीको विवरण	क्षती पुर्ति दिने रकम	कैफियत
१	प्रकाश थापा	४	बाढीका कारण घर पुर्ण रुपमा भत्किएको	रु ३०००/- दिने	
२	गिर बहादुर वि.क.	५	बाढीका कारण आगनमा पहिरो गएको	रु ५०००/- दिने	
३	भुवन बहादुर वि.क.	५	बाढीका कारण आगनमा पहिरो गएको	रु ५०००/- दिने	
४	ऋषिराम पंगेनी	५	पहिरोका कारण घर जोखिममा	रु ५०००/-	

			परेको	दिने	
५	सुरज सार्की	७	पहिरोका कारण घरको क्षति	रु ५०००/- दिने	
६	गिता खनाल	६	घर गोठ पूर्ण रुपमा क्षती	रु ३००००/- दिने	इन्जिनियरको इस्टिमेट अनुसार
७	तिल बहादुर गुरुङ	८	पैरोका कारण खानेपानी ट्याङ्की भत्केकोले मर्मतका लागि अनुरोध भै आएको	रु १३५००/- दिने	इन्जिनियरको इस्टिमेट अनुसार
८	जय बल कामी	८	घर आगनको छेउमा पहिरो गएको र सो घरमा बस्न नसकने भएको	रु ५०००/- दिने	
९	शोभा कुमारी वि.क.	९	घर भत्केको	रु ३००००/- दिने	
१०	अम्बर बहादुर गुरुङ	७	४ रोपनी बारी पहिरोमा परेको	रु ५०००/- दिने	
११	छाङछाङदी स्वास्थ्य चौकी दुइ ठाउँबाट संचालन गर्ने	८	कुनै किसिमको थप व्ययभार नपर्ने गरि सेवाको विस्तार गर्न अनुरोध भै आएको	स्वास्थ्य समितिको निर्णयानुसार गर्ने गरि सहमति दिने	
१२	गिता अर्याल	५	घरको आँगन र गोठ धरापमा परेको	रु ५०००/-	
१३	नेपाल महिला संघ क्षेत्र नं. २	४	नगर स्तरिय तिज गित प्रतियोगिताको लागि सहयोग माग भएको	रु ५००००/-	
१४	छाङछाङदी स्वास्थ्य चौकी	४	फ्रिज र अटो कलम दराज	खरिद गरि दिने	
१५	मन बहादुर माझि भी. न. पा. १	१	न.पा. भवन निर्माण स्थलमा मकै क्षती भएको	रु ५०००/-	
१६	शशस्त्र प्रहरी बल नेपाल तालिम बेश क्याप बालिङ्ग	बालिङ्ग ८	सहयोग माग गरेको	५ बडल जस्ता पाता उपलब्ध गराउने	
१७	स्याङ्गजा साहित्य प्रतिष्ठान		सहयोग माग गरेको	५० हजार भित्र रहि भुक्तानी दिने	
१८	राम बहादुर गुरुङ	२	घर पुर्ण रुपमा भत्किएको	रु ३००००/-	
१९	धर्मागत पंगेनी	६	आर्थिक अवस्था कमजोर भएको	३०० मी. विजुलीको कालो तार दिने ।	
२०	धन कुमारी खत्री	३	गोठ पुर्ण रुपमा भत्किएको	रु ५०००/-	
२१	हर्के कामी	७	घर पूर्ण रुपमा भत्किएको	रु ३००००/-	

नवौ बोर्ड बैठकको निर्णयहरुः

१. नगरपालिकामा करार सेवामा रहेका कर्माचारीहरुले खाईपाई आएको तलब समायोजन सम्बन्धमा उप-प्रमुख श्री सिमा के.सी कर्माचार्यको अध्यक्षता र देहायका पदाधिकारीहरु सदस्य रहनेगरी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

श्री चन्द्र बहादुर बस्नेत	भीरकोट नगरपालिका	अध्यक्ष वडा न ४	सदस्य
श्री लक्ष्मण अधिकारी	भीरकोट नगरपालिका	अध्यक्ष वडा न ५	सदस्य
श्री धर्मराज ढुंगाना	भीरकोट नगरपालिका	कार्यकारी अधिकारी	सदस्य
श्री टिकाराम सुवेदी	भीरकोट नगरपालिका	लेखा अधिकृत	सदस्य सचिव

२. विषयगत कार्यालयहरु कृषि तथा पशुसेवा तर्फका कार्यक्रमहरु आगामी वोर्ड बैठकमा पेश गरि छलफल गर्ने निर्णय गरियो ।

३. नगरपालिकाको भवन निर्माण प्रयोजनको लागि खरिद भएको जग्गासम्म पुग्ने सडकको निर्माण, कम्पाउण्डवालको निर्माण र भवन निर्माणको प्रक्रिया नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

४. बालबालिकाको हकहित तथा संरक्षण र विकासका लागि बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको निर्माण परामर्श सेवा मार्फत अगाडी बढाउने र आगामी भदौ २९ गतेका दिनका दिन भीरकोट नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा सार्वजनिक विद्यालयहरुको सहभागितामा विभिन्न कार्यक्रम आयोजना गरि बाल दिवस मनाउने र सो कार्यक्रममा रु १ लाख ५० हजारमा नबढने गरि खर्च गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

५. निर्माण सामाग्री, ज्यालादारी लगायतका निर्माणसंग सम्बन्धित सामाग्रीहरुको दररेट निर्धारणका सम्बन्धमा यस आर्थिक वर्षको हकमा जिल्ला समन्वय समितिबाट प्राप्त हुन आएको दररेट अनुसार नै हुने गरि त्यसैलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. नगरपालिकाको सम्पूर्ण विवरणहरु सहितको स्रोत नक्शा निर्माणका लागि आवश्यक सुचना तथा तथ्याँक संकलन गर्ने कार्यको जिम्मेवारी सम्बन्धित वडाका वडा अध्यक्षलाई दिने, सुचना तथा तथ्यांक संकलनका लागि आवश्यक पर्ने संकलकहरु वडा अध्यक्षले तोके बमोजिम हुने, संकलकहरुले सुचनाको संकलन प्रत्येक घरमा गई गर्नु पर्ने, सुचना तथा तथ्यांकको संकलन ४५ दिन भित्र संकलन गरि नगरपालिकामा पेश गर्ने र सुचना तथा तथ्यांक संकलन गरे वापत प्रति घरधुरी रु ५०/- रुपैयाका

दरले नगरपालिकाले एकमुष्ट वडा अध्यक्षलाई उपलब्ध गराउने र त्यसका लागि आवश्यक पर्ने रकम निर्णय गरियो ।

७. यस आर्थिक वर्षको विनियोजित बजेटको मातहतमा रहि नगरपालिकाको लागि एक थान डोजर र वडा कार्यालयहरुको प्रयोजनका लागि ७ थान मोटरसाइकल खरिद गर्ने प्रक्रिया अगाडी बढाउन नगरपालिकालाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको वडा नम्बर ५ भित्रका सामाजिक सुरक्षा भत्ता पास गर्ने व्यक्तिहरुको बैक खाता साविक देखि नै वालिङ्ग नगरपालिका भित्र रहेका बैकहरु मार्फत हुदै आएकोमा हाल आएर साविकका स्वरेक गाँउ विकास समितिका केही वडाहरु यस नगरपालिका भित्र परेको र तिनिहरुलाई बयरधारी क्षेत्रमा रहेका बैकहरु मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदा पायक पर्ने भएकोले साविक स्वरेक गाँउ विकास समिति अन्तरगतका यस नगरपालिकामा समायोजन भएका वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको बैक खाता भीरकोट नगरपालिकामा रहेका बैकहरुमा खाता खोल्ने सहमति उपलब्ध गराई सोही अनुसारको निकास समेत दिने व्यवस्था मिलाइ दिन अनुरोध गरि केन्द्रीय पंजिकरण विभागमा पत्राचार गर्ने निर्णय गरियो ।

९. खेल मैदान निर्माणका लागि सिसौधारी नजिकै विभिन्न व्यक्तिका नाममा रहेको जग्गा निशुल्करुपमा प्राप्त हुन आएको करिब ४ रोपनी जग्गा नगरपालिकाको नाममा नामसारी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. यस नगरपालिक अन्तरगतका वडा कार्यालयहरु संचालनका लागि न्यूनतमरुपमा आवश्यक पर्ने रकमका सम्बन्धमा देहायको शिर्षकमा देहाय बमोजिमको रकम खर्च गर्न सक्ने गरी वडा कार्यालयहरुलाई उपलब्ध गराउने र त्यसरी उपलब्ध गराएको रकम नियमानुसार खर्च गरि भुक्तानीका लागि बिल भरपाई सहित नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

सि न	खर्च शिर्षकको नाम	पहिलो चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	कुल जम्मा
१	मसलन्द खर्च	२५,०००/-	२५,०००/-	२५,०००/-	७५,०००/-
२	इन्धन	६,०००/-	६,०००/-	६,०००/-	१८,०००/-
३	संचार खर्च	४,०००/-	४,०००/-	४,०००/-	१२,०००/-
४	विविध खर्च	२०,०००/-	२०,०००/-	२०,०००/-	६०,०००/-

पुनश्चः कार्यापालिकाका सदस्यहरुलाई मासिक रुपमा संचार सुविधा वापत रु १ हजार उपलब्ध गराउने निर्णय गरियो ।

११. नेपालीहरुका महान पर्वहरु दशै, तिहार, छड लगायतका चाडपर्वका अवसरमा नगरपालिकालाई आ- आफ्नो तर्फबाट गर्नु भएको सहयोग तथा सदभावका लागि भीरकोट नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा गैरसरकारी संघ संस्था तथा सम्पूर्ण भीरकोटबासीहरुमा सुख, शान्ती, सम्वृद्धी तथा शु-स्वास्थ्यको लागि भीरकोट नगरकार्यपालिका परिवार मंगलमय शुभकामना व्यक्त गर्दछ साथै दशै तिहार लगायतका महान चाडबाडका अवसरमा चोरी डकैतिं जस्ता अपराधिक गतिवधिहरु बढन सक्ने, मदिराजन्य पर्दाथहरुको जथाभावी उपभोगका कारण समाजमा अनावश्यक झै झगडा र अशान्ती बढने भएकाले सम्पूर्ण व्यापार व्यवसाय राती १० बजे पश्चात अनिवार्यरुपमा बन्द गर्ने र चाडबाडका समयमा हुन सक्ने अवान्छित गतिविधिलाई नियन्त्रण गर्नेका लागि आ आफ्नो घरको बाहिरपट्टि र सडकमा राखिएका सडक बत्तिहरु समेत रातको समयमा बाल्ने व्यवस्था मिलाउन अनुरोध गर्ने खालको सुचना तयार गरि नगरपालिका क्षेत्रमा माइकिङ्ग गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१२. नजिकिदै गरेका चाडवर्पका अवसर नगरक्षेत्रको शान्ती सुरक्षालाई ध्यानमा राखि दहथुम ~~स्वास्थ्य~~ प्रहरी चौकीबाट रातको समयमा हुने गस्तीलाई प्रभावकारी बनाउन २ महिनाका लागि प्रहरीलाई सहयोग गर्ने २ जना सहयोगी राख्नका लागि आवश्यक पर्ने रकम, बजार क्षेत्रमा अस्थायी प्रहरी विट बनाउन र चौकीका लागि सौचालय निर्माणका लागि आवश्यक पर्ने रकम प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

१३. आठौ वोर्ड बैठकमा पेश भएका योजनासंग सम्बन्धित विषयहरु आगामी वोर्ड बैठकमा छलफल गर्ने निर्णय गरियो ।

१३ सामाजिक सुरक्षा व्यवस्थापन निर्देशिका, ०७२/०७३ को दफा ३५ मा भएको व्यवस्था अनुसार देहायका पदाधिकारीहरु रहेको नगरस्तरीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

श्री छायाराम खनाल	नगर प्रमुख	भीरकोट नगरपालिका	संयोजक
श्री भीम बहादुर गुरुङ्ग	वडा अध्यक्ष	भीरकोट नगरपालिका ९	सदस्य
श्री तन बहादुर गुरुङ्ग	वडा अध्यक्ष	भीरकोट नगरपालिका ८	सदस्य
श्री दिपेन्द्र के.सि.	वडा अध्यक्ष	भीरकोट नगरपालिका १	सदस्य
श्री लक्ष्मण अधिकारी	वडा अध्यक्ष	भीरकोट नगरपालिका ६	सदस्य
श्री कमल त्रिपाठी	वडा अध्यक्ष	भीरकोट नगरपालिका २	सदस्य
श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	भीरकोट नगरपालिका	सदस्य
श्री	प्रतिनिधि	गरिमा विकास बैक	सदस्य
श्री .....प्रतिनिधि		मुक्तिनाथ विकास बैक	सदस्य

श्री ओम प्रकाश शर्मा	अध्यक्ष	नेपाल पत्रकार महासंघ स्याङ्जा सदस्य
श्री भेप बहादुर राना	वडा सचिव	भीरकोट नगरपालिका ५ सदस्य सचिव

वीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केयरबारी, ख्याङ्जा
४ नं. प्रदेश, नेपाल

दशौ बोर्ड बैठकको निर्णयहरु

१. कृषि विकास तथा पशु विकास लगायत विषयगत कार्यालयका यस आर्थिक वर्षको कार्यक्रमको आगामी बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिकाको
बबरधारी म्याउँदा
४ नं प्रदेश नेपाल

एघारौ बोर्ड बैठकको एजेण्डाहरु

१. एकिकृत सम्पती कर सम्बन्धि निर्देशिका, २०७४ सम्बन्धमा

२. नगरपालिकाबाट संचालन हुने कार्यक्रमहरुको संचालन सम्बन्धी कार्यविधि २०७४ सम्बन्धमा

३. भवन निर्माण आचार संहिता, बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत निर्माण मापदण्ड, २०७२ सम्बन्धमा

४. कृषि विकास, पशु विकास र स्वास्थ्य सम्बन्धि कार्यक्रम सम्बन्धमा ।

५. आँधिखोलामा माछा मार्ने सम्बन्धमा ।

६. ल्याण्डफिल्ड साइड खोज विन समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा ।

७. विज्ञापन सम्बन्धमा (खिलुङ्गको लागि अनमी, नगरपालिका स्वास्थ्य शाखाको लागि कार्यालय सहयोगी र डोजरको ड्राइभर (निर्वाचन आचार सहिताका सम्बन्धमा))

८. चिउरेनीमा लोपोन्मुख माझीजातीको लागि निर्माण भएको जनता आवास कार्यक्रममा सहयोग सम्बन्धमा ।

८. विविध ।



एघारौ वोर्ड बैठकमा निर्णयहरुः

१. एकिकृत सम्पत्ती कर सम्बन्धी निर्देशिका, २०७४ आगामी नगरसभाबाट अनुमोदन गराउने गरि स्वीकृत गर्ने र एकिकृत सम्पत्ती करका विषयमा राजनीतिक दल उद्योग बाणिज्य संघका प्रतिनिधिहरुलाई जानकारी दिनका लागि एक दिने अभिमुखीकरण गोष्ठी संचालन गर्ने निर्णय गरियो ।

२. नगरपालिकाबाट संचालन हुने कार्यक्रमहरुको संचालन सम्बन्धी निर्देशिका, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस आर्थिक वर्षमा सम्पन्न हुने कृषि तथा पशु विकास शाखाबाट पेश भएका कार्यक्रममा सम्बन्धमा पहिलो चौमासिक अन्तरगत सम्पन्न गर्ने कार्यक्रमहरु स्वीकृत गर्ने । कृषि तथा पशु विकासका कार्यक्रमहरु संचालन गर्दा अनिवार्यरुपमा सम्बन्धित वडाका अध्यक्ष र सदस्यसंगको समन्वयमा गर्ने निर्णय गरियो ।

४. आँधीखोलामा माछा मार्ने कार्यलाई व्यवस्थित गर्नका लागि विष राखेर, करेन्ट लगाई र महाजाल प्रयोग गरि माछा मार्ने कार्यमा प्रतिबन्ध लगाउने र परम्परागतरुपमा माछा मार्ने कार्यमा संलग्न भीरकोट नगरबासिहरुलाई मात्र माछा मार्न दिने निर्णय गरियो ।

५. पहिलो वोर्ड बैठकबाट गठन भएको ल्याण्डफिल्ड साइडको जग्गा खोजविन समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गरि जिल्ला प्रशासन कार्यालयलाई जग्गा खरिद गर्ने प्रक्रिया अगाडी बढाउन अनुरोध गरि पत्राचार गर्ने निर्णय गरियो ।

६. स्वास्थ्य शाखाबाट अनुरोध भै आए बमोजिम स्वास्थ्य चौकि खिलुङ्गमा रिक्त रहेको १ जना अनमी, नगरपालिकाको स्वास्थ्य शाखाका लागि १ जना कार्यालय सहयोगी र नगरपालिकाले खरिद गर्न लागेको डोजरका लागि १ जना अपरेटर करार सेवामा लिने कार्य अगाडी बढाउने निर्णय गरियो ।

७. भीरकोट नगरपालिका वडा नंम्बर ६ को चिउरेनीमा माझीहरुको जनता आवास कार्यक्रमबाट निर्माण भएका घरका लागि आवश्यक पर्ने निर्माण सामाग्रीको ढुवानीका लागि प्रति घरपरिवार के कति रकम नपुग भएको हो सो सम्बन्धमा कार्यकारी अधिकृत लेखा अधिकृत र सम्बन्धित वडा र १ नम्बर वडाको अध्यक्षलाई जिम्मेवारी दिने र रकमका सम्बन्धमा आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

८. खेलकुद विकासमा लागि यस आर्थिक वर्षमा विनियोजन भएको बजेटको ५० प्रतिशत रकम समानरुपमा वडास्तरबाट सिफारिश भएका

खेलकुद विकासका कार्यक्रममा खर्च गर्ने र बाँकी ५० प्रतिशत रकम नगरस्तरबाट संचालन हुने खेलकुद विकासका कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

९. सिसौधारी स्थित नगरपालिकाको खेलकुद मैदानका रुपमा नामासारी भै आएको जग्गालाई व्यवस्थित गर्नका लागि वडा अध्यक्ष श्री चन्द्र बहादुर बस्नेत संयोजक र वडा नंम्बर १ २ ५ ९ का वडा अध्यक्ष तथा वोर्ड सदस्य श्री विन्दु के सी खडका सदस्य रहेको खेल मैदान व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

१०. बुटवल पावर कम्पनीको बयरधारी शाखा वालिङ्गमा सार्ने भनी प्राप्त हुन आएको जानकारीका सम्बन्धमा नसार्न अनुरोध गरि पत्राचार गर्ने निर्णय गरियो ।

११. प्रगती टोल मार्ग सडक उपभोक्ता समिति (सिद्धार्थ राजमार्ग देखि पुलको मुखसम्म, घोल व्यवस्थापन) बाट मर्मत भएको सडक र घोल व्यवस्थापन कार्यमा खर्च भएको रकम कार्यक्रम अनुमोदन गरि भुक्तानी दिने निर्णय गरियो ।

१२. यस नगरपालिकाको वडा नम्बर ८ को निर्माणाधिन सानो भज्याङ्ग स्वास्थ्य खोप केन्द्रले भवन निर्माणका लागि माग गरेको नपुग रकमका सम्बन्धमा प्राविधिक प्रतिवेदन सहित पेश गर्ने निर्णय गरियो ।

१३. ढापुक स्वास्थ्य चौकिको नयाँ भवन निर्माण गर्ने सन्दर्भमा पुरानो भवन भत्काउन अनुरोध गरि वडा कार्यालयबाट सिफारिश भै आएकोमा भवन निर्माणका लागि भएको सम्झौतामा भएको शर्त अनुसार गर्ने निर्णय गरियो ।

१४. भीरकोट नगरपालिका वडा नंम्बर २ को दोस्रो सामुदायिक भवनको निर्माण सम्पन्न गर्न के कति रकम आवश्यक पर्ने हो प्राविधिक प्रतिवेदन सहित पेश गर्ने निर्णय गरियो ।

१५. जित बहादुर रोकाहाको निवेदन र वडा नंम्बर ७ बाट आएको सिफारिशका सम्बन्धमा रु ५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

धर्म राज [illegible]
कार्यकारी अधिकृत

बाह्रौ बोर्ड बैठकको एजेण्डाहरु

1. प्यारा्लाङ्गडिङ्ग प्रतियोगिता सम्बन्धमा
2. नगरपालिका भित्रका सामूदायिक भवन निर्माणका लागि विनियोजित वजेटका सम्बन्धमा ।
3. सिदार्थ राजमार्गको दायाँ बायाँ सफाई संबन्धमा ।
4. नगरपालिकामा कार्यारत कर्मचारीहरुको तलब सम्बन्धमा ।

बाह्रौ बोर्ड बैठकको निर्णयहरु

1. नेपालमा पहिलो पटक यस नगरपालिकाको वडा नं ५ को स्वरेक मैदानमा आगामी कार्तिक १५ गते देखि २० गते सम्म आयोजना हुन गहिरहेको <u>खुल्ला अन्तर्राष्ट्रिय प्याराग्लाईडिङ प्रतियोगिता तथा राष्ट्रिय हवाई खेलाडी खेलाडी छनोट प्रतियोगिता २०७४ (एशियन ओलोम्पीक गेम २०१८)</u> लाई आर्थिक रुपले रकम रु ५ लाख उपलब्ध गराउने र यसरी रकम उपलब्ध गराउदा ५० प्रतिशत पेशकी स्वरुप र बाँकी ५० प्रतिशत रकम सम्पुर्ण रकमको विल भर्पाई पेश गरे पश्चात उपलब्ध गराउने निर्णय गरियो।
2. नगरसभाबाट सामुदायिक भवन निर्माणका लागि विनियोजित रकम मध्ये बाट प्रत्येक वडा लाई रु ४ लाख मर्मत संम्भार र नयाँ सामुदायिक भवन निर्माणका लागि दिने र नयाँ सामुदायिक भवन निर्माणका लागि कार्यक्रम पेश गर्दा देहाय बमोजिमको मापदण्ड भित्र रहि कार्यक्रम पेश गर्ने निर्णय गरियो ।
    - ❖ सामुदायिक भवन निर्माण गर्नका लागि जग्गाको लालपुर्जा नगरपालिका वा वडा कार्यालयको नाममा हुनुपर्ने ।
    - ❖ सामुदायिक भवनको निर्माण स्थल सम्म जान आउनको लागि स्पस्ट रुपमा खुलेको सार्वजनीक बाटो हुनुपर्ने ।
    - ❖ सामुदायिक भवनमा खानेपानी तथा विजुली सहजरुपमा उपलब्ध गराउने सक्ने अवस्थाको हुनुपर्ने ।
    - ❖ सामुदायिक भवन निर्माणको लागि न्यूनतम २.५ आना जग्गा हुनुपर्ने ।
3. आगामी कार्तिक १५ गते देखि २० गते सम्म आयोजना हुन गहिरहेको <u>खुल्ला अन्तर्राष्ट्रिय प्याराग्लाईडिङ प्रतियोगिता तथा राष्ट्रिय हवाई खेलाडी खेलाडी छनोट प्रतियोगिता २०७४ (एशियन ओलोम्पीक गेम २०१८)</u> लाई मध्ये नजर राखि यस नगरपालिका भित्र पर्ने सिद्धार्थ राजमार्गको दायाँ बाँया क्षेत्रको सरसफाईको लागि आवश्यक पर्ने कामदारको खोजी गरि सरसफाई गर्ने व्यवस्था मिलाउने र आगामी २०७४/०७/११ शनिवारका दिन भीरकोट नगरपालिकाको बजार क्षेत्रमा निर्वाचित पदाधिकारी, विभिन्न राजनितिक दलका प्रतिनिधि, निजामति कर्मचारी र विभिन्न संस्थाका प्रतिनिधिहरुको सहभागितामा सरसफाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
4. नगरपालिकामा साविकदेखि कार्यरत अस्थायी कर्मचारीहरु र स्वास्थ्य शाखा अन्तरगत बानेथोक देउराली र खिलुङ्गमा स्वास्थ्य चौकिमा कार्यरत अस्थायी कर्मचारीहरुको तलब आगामी कार्तिक १ गते देखि देहाय बमोजिम हुने निर्णय गरियो ।
    - ❖ कार्यालय सहायकको मासिक रु १८०००/-
    - ❖ कार्यालयमा कार्यरत सवारी चालकलाई मासिक रुपमा रु १८०००/-
    - ❖ कार्यालय सहयोगीलाई मासिकरुपमा रु १५०००/-

आज मिति २०७४/०७/२१ गतेका दिन भीरकोट नगरपालिकाको कार्यपालिकको बोर्ड बैठक नगरपालिका प्रमुख श्री छायाराम खनालज्यूको अध्यक्षता बसेको तेह्रौ बोर्ड बैठकमा देहाय बमोजिमका एजेण्डाहरुमा छलफल गरि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

उपस्थितः

१. श्री छायाराम खनाल	प्रमुख	भीरकोट नगरपालिका
२. श्री सिमा के. सी. कर्माचार्य	उप प्रमुख	भीरकोट नगरपालिका
३. श्री धर्म राज ढुंगाना	कार्यकारी अधिकृत	भीरकोट नगरपालिका
४. श्री दिपेन्द्र के.सी.	अध्यक्ष वडा नं. १	भीरकोट नगरपालिका
५. श्री कमल त्रिपाठी	अध्यक्ष वडा नं. २	भीरकोट नगरपालिका
६. श्री बाबुराम श्रेष्ठ	अध्यक्ष वडा नं. ३	भीरकोट नगरपालिका
७. श्री चन्द्र बहादुर वस्नेत	अध्यक्ष वडा नं. ४	भीरकोट नगरपालिका
८. श्री याम प्रसाद अधिकारी	अध्यक्ष वडा नं. ५	भीरकोट नगरपालिका
९. श्री लक्ष्मण खत्री क्षेत्री	अध्यक्ष वडा नं. ६	भीरकोट नगरपालिका
१०. श्री शेषकान्त अर्याल	अध्यक्ष वडा नं. ७	भीरकोट नगरपालिका
११. श्री तन बहादुर गुरुङ्ग	अध्यक्ष वडा नं. ८	भीरकोट नगरपालिका
१२. श्री भीम बहादुर गुरुङ्ग	अध्यक्ष वडा नं. ९	भीरकोट नगरपालिका
१३. श्री धनसुभा राना	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१४. श्री विन्दु खडका	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१५. श्री विष्णु वोटे	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१६. श्री विष्णु माया काफ्ले	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१७. श्री डिल बहादुर कामी	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१८. श्री ज्ञान बहादुर वि.क.	वोर्ड सदस्य	भीरकोट नगरपालिका
१९. श्री सिता खत्री क्षेत्री	वोर्ड सदस्य	भीरकोट नगरपालिका
२०. श्री दुर्गा कोइराला	वोर्ड सदस्य	भीरकोट नगरपालिका

तेह्रो बोर्ड बैठकको एजेण्डाहरु

०१. सडक वोर्डको रकम सम्बन्धमा ।

०२. भवन निर्माण मापदण्ड सम्बन्धमा सामान्य छलफल ।

०३. विविध

प्रमुख प्रशासकिय अधिकृत

तेह्रौ वोर्ड बैठकका निर्णयहरुः

१. नगरपालिकाको स्थापना हुनभन्दा अगाडी निर्माण भएका र नगरपालिकाको स्थापना भए पश्चात शहरी विकास तथा भवन निर्माण आचार संहिता अनुसार नगरपालिकाको अनुमति वेगर निर्माण भएका ढुंगा तथा माटोबाट निर्माण भएका कच्ची घरहरुको सम्वन्धमा घरको सम्पूर्ण भाग देखिने फोटो र वर्ग मिटर खुलाई नगरपालिकामा अभिलेखिकरणको लागि निवेदन दिने र पक्की घरहरुको सम्बन्धमा घरको नक्शा बनाई नगरपालिकामा अभिलेखिकरणको लागि निवेदन दिन ६ महिनाको म्याद दिई व्यापकरुपमा प्रचार प्रसार गर्न प्रत्येक घरधुरीसम्म पुग्ने गरि पर्चा छपाई गरि वितरण गर्ने निर्णय गरियो ।

२. ६ महिना भित्र अभिलेखिकरण नगर्ने घरधनीहरुलाई भवन निर्माण तथा शहरी विकास मापडण्ड, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए बमोजिमको देहाय बमोजिमको कारवाही हुने व्यहोरा समेत जानकारी गराउने निर्णय गरियो ।

३. नगरपालिका भित्र बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम अनुमती नलिई घर निर्माण गर्ने कार्य गर्न गराउन नदिने निर्णय गरियो ।

४. सडक बोर्ड नेपालबाट यस नगरपालिकालाई प्राप्त भएको रु २५ लाखको अख्तियारी सम्बन्धमा देहाय बमोजिमका आयोजनाहरु छनौट गर्ने र छनौट भएका आयोजनाहरुको कार्यान्वयनका लागि लागत स्टिमेट तयार गरि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

देहायः

क.स.	छनौट भएका आयोजनाको नाम	विनियोजित रकम		जम्मा इष्टिमेट रकम	आयोजना कार्यान्वयन हुने स्थान	कैफियत
		सडक वोर्डबाट	नगरपालिकाबाट			
१	छेक्ने चौपारी खरिढुंगा धोवादी ग्रामिण सडक	रु ८ लाख	रु २ लाख ४० हजार	रु १० लाख ४० हजार	वडा नंम्बर ६ र ७	
२	वेदुवा नेटा पखेरे ओकादी ग्रामिण सडक	रु ८ लाख	रु २ लाख ४० हजार	रु १० लाख ४० हजार	वडा नंम्बर ८	
३	देउराली मुल्का वाराह सुप्ले ग्रामिण सडक	रु ९ लाख	रु २ लाख ७० हजार	रु ११ लाख ७० हजार	वडा नंम्बर ३	

५. आगामी कार्तिक २४ गते स्याङ्जामा हुने हिन्दु सनातन सेवाको वृहत सभाको आयोजनाका लागि रु १० हजार सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

६. नगरपालिकमा विभिन्न संघ संस्थाहरुबाट सहयोग माग भै आएका आवश्यकता र औचित्यका आधारमा रु ५ हजारसम्म नगर प्रमुखको निर्देशन अनुसार उपलब्ध गराउने र रु ५ हजार भन्दा माथिको हकमा कार्यापालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्गजाको

सार्वजनिक अपिल

भीरकोट नगर क्षेत्रलाई व्यवस्थित, सुन्दर, सफा र विभिन्न किसिमका दैविक तथा प्राकृतिक प्रकोपबाट सुरक्षित शहर निर्माण गर्ने कार्यका लागि देहाय बमोजिम गर्ने गराउने कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण भीरकोटबासी बुवाआमा, दाजुभाई तथा दिदिबहिनीहरुमा भीरकोट नगर कार्यापालिकको कार्यलय हार्दिक अपिल गर्दछ ।

१. नगरपालिकाको गठन हुनु भन्दा अगाडी निर्माण भएका र नगरपालिका गठन भै सके पश्चात पनि अनुमति नलिई बनाएका कच्ची घरका सम्बन्धमा घरको रंगिन फोटो र वर्ग मिटर खुलाई आगामी फाल्गुन मसान्त भित्र घरको अभिलेखिकरणका लागि नगरपालिकामा निवेदन दिई घरको अभिलेखिकरण गर्ने गराउने ।

२. नगरपालिकाको गठन हुनु भन्दा अगाडी र नगरपालिका गठन भै सके पश्चात पनि नगरपालिकाको अनुमति नलिई निर्माण भएका घरहरुका सम्बन्धमा यस नगरपालिकामा सुचिकृत इन्जिनियरबाट घरको नक्शा बनाई आगामी फाल्गुन मसान्त सम्म अभिलेखिकरणको लागि नगरपालिकामा निवेदन दिई घरको अभिलेखिकरण गर्ने गराउने ।

३. २०७४ मंसिर १ गते देखि नगरक्षेत्र भित्र पक्की घरहरुको निर्माण गर्दा अनिवार्यरुपमा नगरपालिकाबाट अनुमति लिएर मात्र घर निर्माणको कार्य शुरु गर्नु गराउनु हुन ।

४. भीरकोट नगर क्षेत्रभित्र घडेरीको खरिद बिक्री गर्दा न्युनतम २ आना २ पैसा जग्गा र जग्गामा जानका लागि स्पष्टरुपमा नक्शामा बाटो खुलेको हुनु पर्ने अन्यथा नगरपालिकाबाट घर निर्माणको अनुमति प्रदान गर्न नसकिने ।

माथि उल्लेख भए बमोजिम नगरे नगराएमा त्यसको सम्पूर्ण जिम्मेवारी प्रचलित ऐन, कानून तथा मापदण्डमा व्यवस्था भए बमोजिम सम्बन्धित जग्गा धनि वा घर धनी स्वंय हुनु पर्ने व्यहोरा समेत सम्पूर्ण भीरकोटबासीहरुमा यस नगर कार्यापालिका अनुरोध गर्दछ ।

१. भीरकोट नगरसभा बैठक मिति २०७४/०९/२१ गतेका दिन आव्हान गर्ने निर्णय गरियो ।

२. लोडर तथा टिपरको संचालन सम्बन्धी प्रस्तावित कार्यविधि, २०७४ को परिमार्जन गरि आगामी बोर्ड बैठकमा पेश गर्न देहाय बमोजमिको कार्यदल गठन गर्ने निर्णय गरियो ।

दिपेन्द्र के.सी.	वडा अध्यक्ष वडा न१	संयोजक
चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष वडा न ४	सदस्य
विष्णु काफ्ले	वोर्ड सदस्य	सदस्य
भरत खनाल	इन्जिनियर	सदस्य
धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव

३. तार जाली, कर्कटपाता, ह्युमपाइप, भलिवलको नेट र पाइप खरिद सम्बन्धमा आगामी नगरसभामा कार्यक्रम प्रस्ताव गरि पेश गर्ने निर्णय गरियो ।

४. देहायका बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको उपलब्ध गराएको आर्थिक सहायता अनुमोदन गर्ने/उपलब्ध गराउने निर्णय गरियो ।

सि.न.	पदाधिकारीको नाम	अनुदान दिएको विषय	रकम	वडा नंम्बर	कैफियत
१	मदर्शा नुरुल उलनु स्कुल	हजरत मुहमदको जन्म दिनको उपलक्षमा भएको नगर सरसफाई वापत	रु २०,०००/-	१	
२	धन बहादुर नेपाली सहित	प्यारग्याडिङ्गमा प्रतियोगितामा बाजा बजाए बापत	रु १०,०००/-	८	
४	रुकुम बहादुर खत्री	आन्द्राको अल्सर (क्यान्सर)	रु २०,०००/-	७	
५	कृष्ण बहादुर थापा मगर	क्यान्सर भएको	रु २०,०००/-	९	
६	ओम बहादुर आले	क्यान्सर भएको	रु २०,०००/-	४	

५. आयोजनाहरुका लागि विनियोजित र फ्रिज नभएको तपसिल बमोजिम शिर्षकका रकमहरु एकिन गरि आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

सि.न.	बजेट बचत भएको शिर्षक	रकम	कैफियत
१	गा.वि.स. अनुदान	११३२४६२/११	६८५००/-स्वरेकको मन्दिरमा खर्च गर्नु पर्ने
२	नगरपालिका अनुदान	१४२९९६०१/०५	१८१८५५५/- भुक्तानी भएको
३	नगरक्षेत्र पुर्वाधार	१०७२७०००/-	
४	संघीय संरचना	५३११७४२/-	
५	प्रकोप	३७५००/-	
६	राज्वश्व बाँडफाड	१३४९२४८/-	
७	आन्तरिक श्रोत अल्या	७२८८२/७७	
९	वाइ फाइ (Wi-Fi) जोडान	३५,००,०००/-	

(9)

१०	डोजर खरिदमा बचत रकम	९२५०००/-	
११	मोटरसाइकल खरिदमा बचत रकम	५३८०००/-	
	जम्मा		

६. स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र न्यायिक समितिमा देहाय बमोजिमका सदस्यहरु रहने निर्णय गरियो ।

६क. स्थानीय राजश्व परामर्श समिति

श्री सिमा के.सी कर्मचार्य	उप-प्रमुख	संयोजक
श्री धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य
श्री विन्दु खड्का	बोर्ड सदस्य	सदस्य
श्री कमल त्रिपाठी	वडा अध्यक्ष वडा न २	सदस्य
श्री भक्त बहादुर के.सी	~~बोर्ड सदस्य~~ अ.ज.का.प्रेस, भोजपुर	सदस्य
श्री टिकाराम सुवेदी	लेखा अधिकृत	सदस्य

६ख. स्रोत अनुमान समिति

श्री छायाराम खनाल	नगर प्रमुख	संयोजक
श्री सिमा के.सी कर्मचार्य	उप-प्रमुख	सदस्य
श्री विष्णु माझी	वोर्ड सदस्य	सदस्य
श्री डिल बहादुर वि.क	वोर्ड सदस्य	सदस्य
श्री बाबुराम श्रेष्ठ	वडा अध्यक्ष वडा न ३	सदस्य
श्री भिम बहादुर गुरुङ	वडा अध्यक्ष वडा न ९	सदस्य
श्री धर्मराज ढुगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव

६ग. बजेट तथा कार्यक्रम तर्जुमा समिति

सिमा के.सी कर्मचार्य	उप-प्रमुख	संयोजक
दिपेन्द्र के.सी	वडा अध्यक्ष वडा न १	सदस्य
कमल त्रिपाठी	वडा अध्यक्ष वडा न २	सदस्य
बाबुराम श्रेष्ठ	वडा अध्यक्ष वडा न ३	सदस्य
चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष वडा न ४	सदस्य
याम प्रसाद अधिकारी	वडा अध्यक्ष वडा न ५	सदस्य
लक्ष्मण खत्री क्षेत्री	वडा अध्यक्ष वडा न ६	सदस्य
शेषकान्त अर्याल	वडा अध्यक्ष वडा न ७	सदस्य
तन बहादुर गुरुङ	वडा अध्यक्ष वडा न ८	सदस्य
भिम बहादुर गुरुङ	वडा अध्यक्ष वडा न ९	सदस्य
राम प्रसाद खनाल	नायब सुब्बा	सदस्य
धर्मराज ढुगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव

६घ न्यायिक समिति

सिमा के.सी कर्मचार्य	उप-प्रमुख	संयोजक
दिपेन्द्र के.सी	वडा अध्यक्ष वडा न १	सदस्य
बाबुराम ~~सुवेदी~~ ठेठ06	वडा अध्यक्ष वडा न ३	सदस्य

७. बजेट तथा कार्यक्रम तर्जुमा समिति अन्तरगतका देहायका विषयगत समितिमा रहने पदाधिकारीहरुको नाम तोक्ने सम्बन्धमा ।

सि.न.	विषयगत समितिको नाम	समितिमा रहने पदाधिकारीको नाम			कैफियत
१	आर्थिक विकास	याम प्रसाद अधिकारी बाबुराम श्रेष्ठ चन्द्र बहादुर बस्नेत धनसुवा राना धर्मराज ढंगाना	वडा अध्यक्ष वडा नं ५ वडा अध्यक्ष वडा नं ३ वडा अध्यक्ष वडा नं ४ बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत	संयोजक सदस्य सदस्य सदस्य सदस्य सचिव	
२	सामाजिक विकास	दिपेन्द्र के.सी धनसुवा राना बाबुराम श्रेष्ठ ज्ञान बहादुर वि.क धर्मराज ढंगाना	वडा अध्यक्ष वडा नं १ बोर्ड सदस्य वडा अध्यक्ष वडा नं ३ बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत	संयोजक सदस्य सदस्य सदस्य सदस्य सचिव	
३	पूर्वाधार विकास	तन बहादुर गुरुङ भिम बहादुर गुरुङ शेष कान्त अर्याल विन्दु खड्का धर्मराज ढुंगाना	वडा अध्यक्ष वडा न ८ वडा अध्यक्ष वडा न ९ वडा अध्यक्ष वडा न ७ बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत	संयोजक सदस्य सदस्य सदस्य सदस्य सचिव	
४	बातावरण तथा विपद व्यवस्थापन	शेष कान्त अर्याल याम अधिकारी दिपेन्द्र के.सी दुर्गा कोइराला धर्मराज ढुंगाना	वडा अध्यक्ष वडा न ७ वडा अध्यक्ष वडा न ५ वडा अध्यक्ष वडा न १ बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत	संयोजक सदस्य सदस्य सदस्य सदस्य सचिव	
५	संस्थागत विकास तथा सेवा प्रवाह	दुर्गा कोइराला सिता खत्री विष्णु माझी विष्णु काफ्ले धर्मराज ढुंगाना	बोर्ड सदस्य बोर्ड सदस्य बोर्ड सदस्य बोर्ड सदस्य प्रमुख प्रशासकिय अधिकृत	संयोजक सदस्य सदस्य सदस्य सदस्य सचिव	
६	वित्तिय व्यवस्थापन र सुशासन	चन्द्र बहादुर बस्नेत बाबुराम श्रेष्ठ लक्षमण के.सी विन्दु के.सी	वडा अध्यक्ष वडा न ४ वडा अध्यक्ष वडा न ३ वडा अध्यक्ष वडा न ६ बोर्ड सदस्य	संयोजक सदस्य सदस्य सदस्य	

		धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव	

८. वडा नम्बर ६ चिउरेनिका माझीहरुलाई के कति रकम दिने भन्ने सम्बन्धमा एघारौ वोर्ड बैठकको निर्णयानुसार आर्थिक सहायता वापत प्रति घर परिवार रु १०,०००/- हजारका दरले १० घर परिवारलाई जम्मा रु १ लाख उपलब्ध गराएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

९. फोहर व्यवस्थापनका लागि फोहोरको वर्गीकरण कार्यका लागि फोहोरमैला सहयोगि नियुक्ति गर्न नगरपालिका लाई सहमति दिने निर्णय गरियो ।

१०. नगर तथा वडा स्तरिय महिला, बालबालिका, दलित, अपाङ्ग, कृषि तथा पशु पालन, युवा तथा खेलकुद र ज्येष्ठ नागरिक समिति प्रत्येक वाडमा गठन गरि नगर स्तरिय समिति गठनका लागि २/२ जना प्रतिनिधि तोकी नगरपालिका पठाउने निर्णय गरियो ।

११. छाडा पशु व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमका पदाधिकारीहरु रहने १ समिति गठन गर्ने निर्णय गरियो ।

कमल त्रिपाठी	वडा अध्यक्ष वडा न २	संयोजक
याम प्रसाद अधिकारी	वडा अध्यक्ष वडा न ५	सदस्य
चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष वडा न ४	सदस्य
दिपेन्द्र के.सी	वडा अध्यक्ष वडा न १	सदस्य
लक्ष्मण खत्री क्षेत्री	वडा अध्यक्ष वडा न ६	सदस्य
शेषकान्त अर्याल	वडा अध्यक्ष वडा न ७	सदस्य
इन्द्र बहादुर थापा		सदस्य
मिन बहादुर अधिकारी		सदस्य
धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव

१२. राजश्व परामर्श समिति स्रोत अनुमान समिति बजेट तथा कार्यक्रम तर्जुमा समिति विषयगत समिति र छाडा पशु व्यवस्थापन सम्बन्धमा गठन भएको समितिको बैठक बस्दा संयोजक तथा सदस्यहरुलाई आतेजाते सुविधा वापतको नियमानुसारको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

पन्ध्रौ बोर्ड बैठकको एजेण्डाहरु

१. नगर शिक्षा समिति सम्बन्धमा ।

२. शिक्षा नियामावली सम्बन्धमा ।

३. छनोट समिति गठन सम्बन्धमा ।

४. विषयगत समितिबाट कार्यक्रम प्रस्तुत सम्बन्धमा ।

५. नगर तथा वडा स्तरीय योजनाको छनोट सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. विविध ।

पन्ध्रौ वोर्ड बैठकको निर्णयहरु

१. शिक्षा ऐन, २०२८ को दफा ११८ को उपदफा (१) मा भए व्यवस्था अनुसार नगर शिक्षा समितिमा देहाय बमोजिमका पदाधिकारी अध्यक्ष, सदस्य र सदस्य सचिव रहने गरि भीरकोट नगरपालिकाको नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियोः

क) श्री छायाराम खनाल	नगर प्रमुख	अध्यक्ष
ख) श्री कमल त्रिपाठी	वडा अध्यक्ष वडा नंम्बर २	सदस्य
ग) श्री विष्णु काफ्ले	वोर्ड सदस्य भीरकोट नगरपालिका	सदस्य
घ) श्री देवकी रेग्मी	प्राध्यानापक पब्लिक एकेडमी मा वि	सदस्य
ङ) श्री खेमराज भट्टराई	भू पु सैनिक कम्युनिटी एकेडमी	सदस्य
च) श्री टंक ढकाल	विद्यालय निरिक्षक भीरकोट नगरपालिका	सदस्य सचिव

२. शिक्षा नियमावली तर्जुमा सम्बन्धमा शिक्षा समितिले वोर्डसंग समन्वय गरी नियमावली तर्जुमा गर्ने कारवाही अगाडी बढाउने निर्णय गरियो ।

३. नगरपालिकाले IT OFFICER र अमिन पद पदपूर्तिका लागि देहाय बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियोः

IT OFFICER छनौट समिति

क) श्री धर्म राज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	संयोजक
ख) श्री प्रकाश अर्याल	IT OFFICER वालिङ्ग नगरपालिका	सदस्य
ग) श्री प्रतिनिधि.....	जिल्ला प्रशासन कार्यालय, स्याङ्गजा	सदस्य
घ) श्री भरत खनाल	इन्जिनियर भीरकोट नगरपालिका	सदस्य सचिव

अमिन छनौट समिति

क) श्री टिका राम सुवेदी	लेखा अधिकृत	संयोजक
ख) श्री प्रतिनिधि	नापी कार्यालय, वालिङ्ग	सदस्य
ग) श्री प्रतिनिधि.....	जिल्ला प्रशासन कार्यालय स्याङ्गजा	सदस्य
घ) श्री राम प्रसाद खनाल	नायव सुब्बा भीरकोट नगरपालिका	सदस्य सचिव

४. विषयगत समितिका कार्यक्रमका सम्बन्धमा नगरस्तरमा संचालन गर्नु पर्ने कार्यक्रम सहित आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. भीरकोट नगरपालिका वडा नम्बर २ बस्ने मिन बहादुर गुरुङ्गको छोरी वर्ष १८ अन्जली गुरुङ्गको दुवै मृगौला खराब भएको राहत स्वरुप रु २० हजार र वडा नम्बर ६ बस्ने श्री तम बहादुर गुरुङ्गको छोरा लेस बहादुर गुरुङ्ग मुटु सम्बन्धी रोगको उपचार गर्ने कार्यका लागी रु २० हजार उपलब्ध/समर्थन गर्ने निर्णय गरियो ।

६. भीरकोट नगरपालिकामा रहेका तीन वटा मदरसाहरुलाई प्रति मदरसा रु ५० हजारका दरले रु १ लाख ५० हजार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

७. छाडा पशु व्यवस्थापनका लागि हालसम्म भएको करिब रु ७५ हजार सर्मथन गर्ने निर्णय गरियो ।

सोह्रौ वोर्ड बैठकको एजेण्डा

१. विषयगत समितिबाट आ-आफ्नो विषयमा तयार गरिएको कार्यक्रम प्रस्तुत सम्बन्धमा

२. वडा तथा नगरस्तरका योजनाहरुको छनौट सम्बन्धमा

३. लोडर तथा टिपर संचालन कार्यविधि सम्बन्धमा

४. छाडापशुको हेरालु र नयाँ खरिद हुने हलुका सवारीको चालक नियुक्ति सम्बन्धमा

सोह्रौं वोर्ड बैठकको निर्णयहरु

१. विषयगत समितिबाट आ-आफ्नो विषयमा तयार गरिएको कार्यक्रम प्रस्तुत गरिएकोमा सबै समितिका अध्यक्ष तथा सदस्यहरुलाई धन्यवाद सहित समितिबाट पेश भएका कार्यक्रमलाई योजना तर्जुमा क्रममा समावेश गर्ने निर्णय गरियो ।

२. नगर तथा वडा स्तरबाट संचालित हुने योजनाका सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

३. लोडर तथा टिपर संचालन कार्यविधि, २०७४ स्वीकृतार्थ पेश भएकोमा संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

४. छाडापशुको दैनिक हेरचाहका लागि १ जना कार्यालय सहायत स्तरको हेरालु सेवा करारमा लिई कामकाजमा लगाउने निर्णय गरियो ।

५. नगरपालिकाबाट मासिकरुपमा हुने आम्दानी खर्चको विवरण नियमितरुपमा वोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

सत्रौं वोर्ड बैठकको एजेण्डा

१. नगर तथा वडा स्तरिय योजना तर्जुमा सम्बन्धी ।

२. पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा ।

३. सिद्धार्थ राजमार्गदेखि भवन निर्माणस्थलसम्मको सडक निर्माणका लागि शिलबन्दी कोटेशन गर्ने कार्य अगाडी बढाउने सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा (*जिल्ला कफी व्यवसायी संघ र दहथुम माध्यमिक विद्यालय*)

५. विविध

सत्रौं वोर्ड बैठकको निर्णयहरु

१. नगर तथा बडा स्तरबाट पेश भएका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

२. वडा अध्यक्ष, उप प्रमुख तथा प्रमुखको सेवा सुविधाका सम्बन्धमा वडा अध्यक्षको प्रति महिना रु २५ हजार वोर्ड सदस्यहरुको रु १२ हजार ५ सय उप प्रमुखको रु ३५ हजार र नगर प्रमुखलाई प्रति महिना रु ४० हजारका दरले पारिश्रमिक उपलब्ध गराउने गरी नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

३. सिद्धार्थ राजमार्गदेखि भवन निर्माणस्थलसम्मको सडक निर्माणका लागि शिलबन्दी कोटेशनको कार्य अगाडी बढाउने निर्णय गरियो ।

४. आर्थिक सहायता सम्बन्धमा जिल्ला कफी व्यवसायी संघ, स्याङ्जालाई रु १५ हजार र दहथुम बहुमुखी क्याम्पसलाई रु २ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

५. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई बिहान बेलुका कामकाज गरे बापतको भत्ता स्वरुप दैनिक रु ३०० का दरले उपलब्ध गराउने गरि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१८ औं वोर्ड बैठकका एजेण्डाहरु

१. नगरपालिकाको भवन निर्माणका लागि नियुक्ती भएको परामर्शदाता पेश भएको प्रतिवेदन अनुसार तयार गरिएको लागत अनुमान अनुमोदन गर्ने सम्बन्धमा

२. विधान मसौदा समिति, खेलकुद समिति, सामाजिक परिचालन तथा तालिम समिति, राजश्व समिति लगायतका अन्य समिति गठन सम्बन्धमा ।

३. घर नक्शाको अभिलेखिकरणको म्याद पढाउने सम्बन्धमा ।

४. आगामी ०७५ श्रावण १ गते देखि लागु गरिने एकीकृत सम्पत्तिकरको मुल्याङ्कन कार्य अगडी बढाउने सम्बन्धमा ।

५. ५० प्रतिशत अनुदानमा वडा नं २, ५,७, ८ र ९ मा उपलब्ध गराइएको आलुको विउ खरिद कार्यक्रम अनुमोदन सम्बन्धमा ।

६. जिल्ला प्रशासन कार्यालयले स्याङ्जा, जिल्ला मालपोत कार्यालय स्याङ्जाका प्रतिनिधी र वडा अध्यक्षहरुको विचमा अन्तरक्रिया गर्ने सम्बन्धमा ।

७. एकिकृत सम्पती कर, र घरेलु उद्यम सम्बन्धी रणनीति, अगर बत्ती तालिम र वडा नंम्बर ३ मा संचालन हुने सिलाई कटाई सम्बन्धी तालिमका लागि आवश्यक पर्ने १० थान मेशिनको खरिद लगायत कार्यक्रम र तालिममा सहभागि भएका सहभागि तथा प्रशिक्षकहरुलाई उपलब्ध गराएको प्रशिक्षक तथा सहभागी भत्ता, स्टेशनरी र खाजा वापतको शिर्षकमा भएको कार्यक्रम र खर्च रकम सम्बन्धमा ।

८. ह्युमपाइप (40 cm, 60 cm) र तारजाली (2*1*1 र 1.5*1*1) खरिद सम्बन्धमा ।

९. भीरकोट नगरपालिका तथा सरकारका विभिन्न निकायबाट निर्माण भएका र निर्माणाधिन सडकहरुको दाया बाँया बनेका नालाका सम्बन्धमा

१०. भीरकोट नगरपालिका भित्र रहेका भुकम्प प्रभावित लाभग्राहीले निर्माण गर्ने कच्ची घरहरुको नक्शा निर्माण सम्बन्धमा

१०. नगरपालिका क्षेत्र भित्रका सडकहरुको वर्गीकरण सम्बन्धमा

११. आँधिखोला नियन्त्रणको गुरुयोजना निर्माण सम्बन्धमा

१२. कृषि तथा पशु विकास र पर्यटन विकास सम्बन्धी योजना तथा पर्यटन पर्वधन सम्बन्धी योजना तथा कार्यक्रम निर्माणका लागि परामर्शदाता नियुक्ती सम्बन्धमा

१३. आर्थिक वर्ष ०७४/०७५ मा आँधिखोला वरिपरिका क्षेत्रमा उत्खनन गरिने ढुंगा गिटी वालुवा उत्खनन गर्नका लागि आवश्यक पर्ने, परामर्शदाता नियुक्ती गर्ने कार्य अगाडी बढाउन आवश्यक पर्ने TOR स्वीकृतीका लागि जिल्ला समन्वय समितिमा पठाउने सम्बन्धमा

१४. विविध

१८ औ वोर्ड बैठकका निर्णयहरु

१. नगरपालिकाको भवन निर्माणका लागि नियुक्ती भएको परामर्शदाताले पेश गरेको प्रतिवेदन अनुसार तयार गरिएको लागत अनुमान अनुमोदन गरी भवन निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

२. नगरपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको सहजिकरणका लागि कानुन तथा कार्य संम्पादन नियमावली समिति, खेलकुद समिति, सामाजिक परिचालन तथा तालिम समिति, राजश्व समिति लगायतका अन्य समिति गठन सम्बन्धमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेगरि समिति गठन गर्ने निर्णय गरियो ।

२ क. कानुन तथा कार्य संम्पादन नियमावली समितिः-

श्री छायाराम खनाल	नगर प्रमुख	संयोजक
श्री सिमा के.सी. कर्माचार्य	उप-प्रमुख	सदस्य
श्री वडा अध्यक्षहरु	नौ वडा	सदस्य
श्री धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव

समितिको बैठकमा सम्बन्धित विषयका विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरि आवश्यक राय सल्लाह र सुझाब लिन सक्नेछ ।

२ ख. खेलकुद समितिः-

श्री भिम बहादुर गुरुङ्ग	वडा अध्यक्ष-९	संयोजक

संयोजकले खेलकुद समितिमा बढिमा ४ जना सम्म सदस्य मनोनयन गरि त्यसको जानकारी नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले उक्त समितिको सदस्य सचिवमा रही कार्य गर्नुपर्नेछ ।

२ ग. सामाजिक परिचालन समितिः-

श्री बाबुराम श्रेष्ठ	वडा अध्यक्ष-३	संयोजक

संयोजकले सामाजिक परिचालन समितिमा बढिमा ४ जना सम्म सदस्य मनोनयन गरि त्यसको जानकारी नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले उक्त समितिको सदस्य सचिवमा रही कार्य गर्नुपर्नेछ

२ घ. तालिम समितिः-

श्री याम प्रसाद अधिकारी	वडा अध्यक्ष-५	संयोजक

संयोजकले तालिम समितिमा बढिमा ४ जना सम्म सदस्य मनोनयन गरि त्यसको जानकारी नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले उक्त समितिको सदस्य सचिवमा रही कार्य गर्नुपर्नेछ ।

२ ङ. आन्तरिक लेखा नियन्त्रण तथा व्यवसाय दर्ता समितिः-

श्री कमल त्रिपाठी	वडा अध्यक्ष-२	संयोजक

संयोजकले आन्तरिक लेखा नियन्त्रण तथा व्यवसाय दर्ता समितिमा बढिमा ४ जना सम्म सदस्य मनोनयन गरि त्यसको जानकारी नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ र प्रमुख प्रशासकिय अधिकृतले उक्त समितिको सदस्य सचिवमा रही कार्य गर्नुपर्नेछ ।

२ छ. कृषि तथा पशु विकास समितिः-

श्री दिपेन्द्र के.सी.	वडा अध्यक्ष-१	संयोजक
श्री ज्ञान बहादुर वि.क	वोर्ड सदस्य	सदस्य
श्री विष्णु माझी	वोर्ड सदस्य	सदस्य
श्री खेम के.सी	सदस्य	सदस्य
श्री टिकाराम सुवेदी	लेखा अधिकृत	सदस्य सचिब

३. भीरकोट नगरपालिका क्षेत्र भित्रका घर नक्शाको अभिलेखिकरणको म्याद २०७४ चैत्र १५ गते सम्म थप गर्ने र कच्ची घरहरुको अभिलेखिकरण वडा स्तरबाट गरि अभिलेख सहितको जानकारी नगरपालिकालाई दिने निर्णय गरियो।

४. आगामी २०७५ साल श्रावण १ गते देखि लागु गरिने एकीकृत सम्पत्तिकरको मुल्याङ्कन कार्य आगामी चैत्र १५ गते पश्चात क्रमश वडागत रुपमा संचालन गर्ने निर्णय गरियो।

५. ५० प्रतिशत अनुदानमा वडा नं २, ५,७, ८ र ९ मा उपलब्ध गराइएको आलुको विउ खरिद कार्यक्रम र सो कार्यक्रममा खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो।

६. जिल्ला प्रशासन कार्यालयले स्याङ्जा, जिल्ला मालपोत कार्यालय स्याङ्जाका प्रतिनिधी र वडा अध्यक्षहरु सहभागीता हुने गरि १ दिने अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।

७. एकिकृत सम्पती कर, घरेलु उद्यम सम्बन्धी रणनीति, अगरबत्ती तालिम र वडा नम्बर ३ मा संचालन हुने सिलाई कटाई सम्बन्धी तालिमका लागि आवश्यक पर्ने १० थान मेशिनको खरिद लगायतका कार्यक्रम र तालिममा सहभागि भएका सहभागि तथा प्रशिक्षकहरुलाई उपलब्ध गराईएको प्रशिक्षक तथा सहभागी भत्ता, स्टेशनरी र खाजा वापतको शिर्षकमा भएको कार्यक्रम र सो कार्यक्रमहरुमा खर्च भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

८. ह्युमपाइप (40 cm, 60 cm) र तारेजाली (2*1*1 र 1.5*1*1) खरिद सम्बन्धमा देहाय बमोजिको समिति गठन गर्ने निर्णय गरियो ।

श्री चन्द्र बहादुर बस्नेत	वडा अध्यक्ष-४	संयोजक
श्री याम प्रसाद अधिकारी	वडा अध्यक्ष-५	सदस्य
श्री विन्दु के.सी	बोर्ड सदस्य	सदस्य
श्री ई. भरत खनाल	भीरकोट नगरपालिका	सदस्य
श्री टिकाराम सुवदी	भीरकोट नगरपालिका	सदस्य सचिव

९. भीरकोट नगरपालिका तथा सरकारका विभिन्न निकायबाट निर्माण भएका र निर्माणाधिन सडकहरुको दाया बायाँ बनेका नाला माथि स्ल्याब राख नदिने र राखुपरेमा नगरपालिकाको अनुमति लिएर मात्र राखुपर्ने, अनावश्यक रुपमा राखेको भए तत्काल हटाउने र घरको छतबाट सार्वजनिक सडकहरुमा पानी नफाल्न अनुरोध गरि नगरपालिका क्षेत्र भित्र पचार प्रसार गर्ने निर्णय गरियो ।

१०. भीरकोट नगरपालिका भित्र रहेका भुकम्प प्रभावित लाभग्राहीहरुले निर्माण गर्ने कच्ची घरहरुको साईड प्लान प्राविधिकरणबाट खटिएका प्राविधिक (इन्जिनियर) मार्फत साइड प्लान बनाउन अनुरोध गर्ने र साइड प्लान बनाए वापत संम्बन्धित घर धनीबाट रु १५०० लिई नगरपालिकामा आम्दानी बाध्ने र यसरी आम्दानी भएको रकम संम्बन्धित इन्जिनियरहरुलाई नगरपालिकाको निर्णय अनुसार थप सुविधा वापत उपलब्ध गराउने निर्णय गरियो ।

१०. नगरपालिका क्षेत्र भित्रका सडकहरुको वर्गीकरण गर्न देहाय बमोजिका पदाधिकारीहरु रहने गरि समिति गठन गर्ने निर्णय गरियो ।

श्री धर्मराज ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	संयोजक
श्री दिपेन्द्र के.सी	वडा अध्यक्ष-१	सदस्य
श्री कमल त्रिपाठी	वडा अध्यक्ष-२	सदस्य
श्री ई. भरत खनाल	भीरकोट नगरपालिका	सदस्य सचिव

११. आँधिखोला नियन्त्रणको गुरुयोजना निर्माणको कार्य अगाडी बढाउने निर्णय गरियो ।

१२. भीरकोट नगरपालिकामा संचालन हुने कृषि विकाससंग सम्बन्धित योजना तथा कार्यक्रमको तर्जुमा गर्न पुर्व शिक्षक श्री खेम के. सी., पशु विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न श्री मिन प्रसाद कोइराला, पर्यटन विकाससंग सम्बन्धित योजना तथा कार्यक्रमहरुको तर्जुमा र भीरकोट नगरपालिका क्षेत्र भित्र रहेका संभाव्य पर्यटकीय स्थलहरुको पहिचान गर्नका लागि पुर्व निजामती कर्मचारी श्री पदम बहादुर के.सी. लाई परामर्शदाताको रुपमा कामकाजमा लगाउने र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका न्यायिक तथा कानुनी विषयमा

आवश्यक राय सल्लह तथा सुझाव दिनका लागि अधिवक्ता श्री हरि प्रसाद रेग्मी (प्रमाण पत्र नं - ७९८५) लाई नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।

१३.आर्थिक वर्ष ०७५/०७६ मा आँधिखोला वरिपरिका क्षेत्रमा उत्खनन गरिने ढुंगा, गिटी, बालुवा उत्खनन गर्नका लागि आवश्यक पर्ने परामर्शदाता नियुक्ति गर्ने कार्य अगाडी बढाउन आवश्यक पर्ने TOR स्वीकृतीका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

१४. विविध

१४ क. भीरकोट नगरपालिका वडा नं-१ का वडा अध्यक्ष श्री दिपेन्द्र के.सी लाई भीरकोट नगरपालिकाको प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरियो ।

१४ ख. नूरी अहले सुन्नत इस्लामी जामा मस्जिदले आगामी चैत्र १८ गते आइतवारका दिन गर्न गइरहेको जल्सा (धार्मिक प्रवचन) कार्यक्रमका लागि रु १००००/- आर्थिक सहायता स्वरुप उपलबध गराउने निर्णय गरियो ।

१४ ग. नगर सभाबाट प्रस्तावित योजनाहरुको नाम तथा स्थान संशोधन गरिनुपर्ने भएमा संवन्धित वडा अध्यक्षको सिफारिस अनुसार नगरपालिकाबाट संशोधन गर्न र सो को जनाकारी बोर्ड बैठकमा गराउने निर्णय गरियो ।

१४ घ. श्री सिरुखर्क जोगिस्थन माध्यामिक विद्यालय भीरकोट नगरपालिका वडा नं -८ को भवन निर्माणमा खर्च भएको भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

१४ ङ. गत नगर सभाबाट भीरकोट नगरपालिका वडा नं -७ को पासिन्डाडा खिलुङ्ग चिउरीखर्क ग्रामिण सडक निर्माण कार्यको लागि रु १० लाख विनियोजन भएकोमा उक्त रकम पासिन्डाडा गहुनडाडा खिलुङ्ग चिउरीखर्क ग्रामिढ सडक शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

१९ औ बोर्ड बैठकको एजेण्डाहरु

१. आ.ब. ०७४/०७५ मा नगरपालिका र वडा अर्न्तरगतबाट संचालित आयोजनाहरुको अनुगमन समिति गठन सम्बन्धमा ।

१९ औ बोर्ड बैठकको निर्णयहरु

१. आ.ब. ०७४/०७५ मा नगरपालिका र वडा अर्न्तरगतबाट संचालित आयोजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गरि निर्णय गरियो ।

देहायः-

क्र.स	वडा नं	समितिका पदाधिकारी	पद	अनुगमन गर्ने मिति
	१	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०२/०२
		तन बहादुर गुरुङ्ग	सदस्य	
		सिता खत्री क्षेत्री	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	२	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०२/०१
		शेष कान्त अर्याल	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	३	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/३०
		याम प्रसाद अधिकारी	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	४	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/३१
		भीम बहादुर गुरुङ्ग	सदस्य	
		धनसुवा राना	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	५	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	
		लक्ष्मण खत्री क्षेत्री	सदस्य	

		दुर्गा कोइराला	सदस्य	२०७५/०१/२५
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	६	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/२७
		दिपेन्द्र के.सी.	सदस्य	
		विष्णु माझी	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	७	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/२८
		कमल त्रिपाठी	सदस्य	
		विन्दु खड्का	सदस्य	
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	८	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/२६
		चन्द्र बहादुर बस्नेत		
		डिल बहादुर कामी		
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	
	९	सिमा के.सी कर्माचार्य	उप-प्रमुख	२०७५/०१/२४
		बाबुराम श्रेष्ठ		
		विष्णु माया काफ्ले		
		ज्ञान बहादुर वि.क.	सदस्य	
		याम प्रसाद रेग्मी	सदस्य- सचिव	

२. आगामी श्रावण १ गते देखी नगरपालिका र अन्तर्गतका वडा कार्यलयबाट हुने विकास निर्माण कार्यको लागत अनुमान तथा मुल्याङ्कन लगायतका कार्य गर्नका लागि ३ जना सब-इन्जिनियर नियुक्ति गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

२० औं बोर्ड बैठकका निर्णयहरु

१. नगरपालिकाबाट भैपरि रुपमा कार्यान्वयनमा आएका देहाय बमोजिमका योजनाहरु स्वीकृत गरि ती योजानाहरुमा भुक्तानी/पेश्की दिएको रकम अनुमोदन/समर्थन गरि भुक्तानी बाँकी रहेको रकम भुक्तानी दिने निर्णय गरियो ।

क.स	योजनाको नाम	वडा नं	भौ.न.	भुक्तानी/पेश्की रकम	भुक्तानी बाँकी रकम	कैफियत
क	बैरेखोला पुल निर्माण उ.स	५	५	८३,१८५.००		
ख	आँधिखोला तटबन्धनलाई भुक्तानी	६	१०	१३८,२७३.००		
ग	खानेपानी मूल संरक्षण	६	४३	२९,१००.००		
घ	कर्माचार्य सप्लायर्सलाई भुक्तानी (पाइप, जस्तापाता, सिमेन्ट आदी)		४९	२००,२८१.००		
ङ	भालुखोला खानेपानी पेश्की	६	६९	१३०,०००.००	३०८,०००.००	
च	ठूली भञ्याङ्ग गाउ शहर स्टोर्स (पाइप, जस्तापाता,रङ्गरोगन, सिमेन्ट आदी)	१	११५	१६१,३४३.००		
छ	ढुन्डुरे लिफ्टिङ्ग खानेपानी	४	१५९	२००,०००.००	४००,०००.००	
ज	भीरकोट कालिका यातायातलाई भुक्तानी	२	१७३	३५,०००.००	बाटो सरसफाइमा सहकार्य	
झ	शिरुखर्क जोगिस्थान मा.वि को भवन निर्माण भुक्तानी	८	२०२	४०९,६५२.००		
ञ	रामेश्वर शिवशक्ति राधाकृष्ण मन्दिर	५	२०८	१५०,०००,००	रङ्गरोगन	
ट	खिलुङ्ग कालिका मन्दिर खिलुङ्ग	७	२३५	२५०,०००.००	टायल विच्छाइएको	
ठ	रानीरह सार्वजनिक शौचालय, रानीरह	१	२४४	८०,०००.००	२२०,०००.००	
ड	दोभानघाट झोलुङ्गे पुल	३	२५६	६४,०००.००		
ढ	कर्माचार्य सप्लायर्सलाई भुक्तानी (पाइप, जस्तापाता, सिमेन्ट आदी)		२६२	७९,०१४.००		
ण	दारेगौडा सरुन बाटो सरसफाई कार्यक्रम	२	२६३	५०,०००.००		
त	बेलडाडा गोदिखोला खानेपानी योजना	५	२७१	७५,०००.००		
थ	बयरघारी ढापुक सानाभञ्यम ग्रा.स	८	२८२	२८०,०००.००	७२०,०००.००	
द	ठुली भञ्याङ्ग गाउ शहर स्टोर्स (पाइप, जस्तापाता, सिमेन्ट आदी)		२८३	२२७,७७८.००		
ध	जोगखोला धुर्वदेउराली धनपते ग्रा.स	२	३०२	६६,९३०.००		
न	भीरकोट सार्वजनिक शौचालय डँफे होटल	१	३२६	१५०,०००.००	१५३,०००.००	
प	ठुलोखोला गेजाबास कुलो निर्माण कृषि कार्यक्रमबाट भुक्तानी	७		२९१,०००.००		
फ	जगन्नाथ अर्याललाई भुक्तानी (कुलो मर्मत)	५		२३,५००.००		
ब	खनाल समाज चितवन आर्थिक सहायता			५०,०००.००		
भ	पु.ब.न.पा .७ हरिहर मन्दिरमा संचालित धार्मिक महोत्सवमा सहयोग			२५,१००.००		

२०८१/१२/१२

प्रमुख प्रशासकीय अधिकृत

म	क्षेतिपुर्ति रकम भुक्तानी (बाटो विस्तारको क्रममा घर फोल्नुपर्ने भएकोले)	८		७५,०००.००		
य	सिमलचौर गौपालन कृषक समुहलाई वितरण गरिएको ९ गोटा टंकी सम्बन्धमा ।	६				
र	पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च अनुमोदन			३१४,०००.००		
ल	उपल्लो थालेखर्क खानेपानी योजना	५		४८,५००.००		
व	खाँदीखोला तटबन्धन	१		३५,०००.००		
श	डम्फेटारी कुलो निर्माण योजना	५		५०,०००.००		
ष	कृषि सडक गोकेश बेसी	३		२४२,५००.००		
स	बरपते कुवा पानी ग्रामिण सडक	५		२९,१०१.००		
ह	कृषि सडक गोकेश बेसी	३		१२६,१०१.००		
क्ष	ठाडोहटिया गेजवास खानेपानी योजना	७		२४,९१९.००		
त्र	राधा कृष्ण अर्यालालाई (पानी तान्ने मोटरको भुक्तानी)	५		२३,१६५.००		
ज्ञ	ठूलो पधेरा खानेपानी योजना	४		३५,०००.००		
जम्मा खर्च/भुक्तानी				४,२५२,४४२.००	१,८०१,०००.००	

२. योजनामा समावेश नभएका सम्झौता भई कार्य संचालनमा रहेका तपसिलमा उल्लेखित योजनाहरु स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

क्र.स	योजनाको नाम	वडा नं	योजनाको लागत	कैफियत
१	पुर्ण दुर्गा भवानी प्रा.वि घेराबार	२	१४१,०००.००	सम्झौता भएको
२	उजेली डाडा घुमाउने चौतारी ग्रामिण सडक मर्मत तथा स्तरउन्नती	६		सम्झौता भएको
३	केघा बाँयखोला लाकुरी डाँडा ग्रामिण सडक मर्मत तथा स्तरउन्नती	२	१५०,०००.००	सम्झौता भएको
४	नायश्वरी सरस्वती मन्दिर	४	५०,०००.००	सम्झौता भएको
	जम्मा		३४१,०००.००	

३. देहाय बमोजिमका संस्थाहरुबाट सहयोग माग गरि पेश भएका प्रस्ताव र नगरपालिकामा कृषि तथा पशु सेवा तर्फका कार्यक्रममा सहयोग माग गरि दिएका निवेदनहरुका सम्बन्धमा अध्ययन गरि राय पेश गर्न कृषि समितिका संयोजक तथा भीरकोट नगरपालिकाका प्रवक्ता श्री दिपेन्द्र के.सी. को संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

श्री दिपेन्द्र के.सी. - अध्यक्ष वडा नं. १ - संयोजक

श्री चन्द्र बहादुर के.सी. - अध्यक्ष वडा नं. ४ - सदस्य

श्री कमल त्रिपाठी - अध्यक्ष वडा नं. २ - सदस्य

श्री कृषि समितिका सदस्यहरु सबै - सदस्य

क्र.स	नामथर	वडा नं	विषय	रकम
क	सवल पशुपालन सहकारी संस्था लि.	१	प्रस्ताव पेश सम्बन्धमा	१५०००००
ख	लुब्दिखोला कृषि सहकारी	६	प्रस्ताव पेश सम्बन्धमा	६३८७०००
ग	भाग्योदय माध्यामिक विद्यालय	६	खानेपानी	२०००००

४. कालिका आधारभुत विद्यालय,भतेरपाटा लाई ८ वटा वाईट बोर्ड(मार्कर बोर्ड) उपलब्ध गराउने निर्णय गरियो ।

५. नगर स्तरीय अपाङ्ग सञ्जाल गठन गर्ने सम्बन्धमा भीरकोट नगरपालिका अर्न्तगतका सम्पूर्ण वडाहरुबाट ५/५ जना अपाङ्गहरुको सहभागिता हुने गरि आगामि २०७५/०२/२६ गते शनिवारका दिन वृहत भेला आयोजना गरि सोही भेलाबाट नगरस्तरीय अपाङ्ग सञ्जाल गठन गर्ने निर्णय गरियो र आ-आफ्नो वडाबाट ५/५ जना अपाङ्ग सहभागीहरु सहभागी गराउने जिम्मेवारी सम्बन्धित वडा अध्यक्षहरुलाई दिने निर्णय गरियो ।

६. भीरकोट नगरपालिका अर्न्तगतका सम्पूर्ण वडाहरुमा टोल विकास समिति गठन गरि सो को जानकारि नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो । यसरि टोल विकास समिति गठन गर्दा प्रस्तावित टोल विकास संस्था संचालन कार्यविधि २०७४ बमोजिम गठन गर्ने निर्णय गरियो ।

७. घर, नक्सा अभिलेखिकरण गर्ने म्याद आगामी असार मसान्त सम्म बढाउने र त्यसको नगरपालिकास्तरमा व्यापक प्रचार प्रसार गर्ने निर्णय गरियो ।

८. नगरपालिकामा कार्यरत स्रोतव्यक्ति श्री खुमकान्त खनाललाई रु ८०,०००/-, कार्यालय सहायक श्री लोक बहादुर थापालाई रू ५०,०००/- र स्रोतव्यक्ति श्री जयप्रसाद चापागाईलाई रु १५,०००/- उपचार खर्च वापत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२०७५/०२/१८

नगर प्रमुख भीरकोट

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को उपदफा(१) को प्रतिबन्धात्मक व्यवस्था अनुसार २०७५ श्रावण १ गते देखि अनिवार्य रुपमा लगाउने नगरपालिका क्षेत्रमा एकिकृत सम्पत्तिकर असुल गर्ने प्रयोजनका लागि नगरपलिकाको हरेक वडाबाट वर्गिकृत क्षेत्र अनुसार जग्गाको न्युनतम मुल्याङ्कन दर (मालपोत कार्यालयले कायम गरेको जग्गाको न्युनतम मुल्याङ्कन दरमा नघट्ने गरि) कायम गरि आगामी जेठ ३० गते भित्र नगरपालिका स्तरिय मुल्याङ्कन समिति समक्ष प्रतिवेदन पेश गर्ने गरि हरेक वडा समितिलाई निर्देशित गर्ने /अनुरोध गर्ने निर्णय गरियो।

१०. आगामी आ.ब. ०७५/०७६ को लागि बस्ती र वडा स्तरको योजना तर्जुमा गर्नका लागि मिति २०७४ जेठ २७ गते वडा नं १,२ र ३, जेठ २८ गते ४, ५ र ६ र जेठ २९ गते ७, ८ र ९ का वस्तिस्तरमा भेला आयोजना गरि सोहि भेलाबाट वस्तिस्तरका योजना छनौट गर्ने निर्णय गरियो । योजना छनौट गर्दा वडास्तर, अन्तर वडास्तर, नगरपालिकास्तर, प्रदेशस्तर र संघीयस्तरका योजनाहरु अलग अलग रुपमा छनौट गरि नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।साथै वस्ती तथा वडास्तरबाट आयोजनाहरुको छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अनुसुची ३ र ४ मा उल्लेख भए बमोजिमको ढाँचामा पेश गर्नुपर्ने निर्णय गरियो ।

११. नेपाल सरकार, राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वय इकाई(भवन), बबरमहल, काठमाण्डौं, को च.नं. १३४४ मिति २०७५/०२/१६ को पत्र अनुसार श्री **PACE Consultant-Earthquake Resistance Technology and Consultancy- IPTM JV** द्वारा मिति २०७५/०२/२४ गते देखि सपौंदै आमा समूहको हल, बयरघारीमा संचालन हुने भुकम्प प्रतिरोधि भवन निर्माण सम्बन्धी डकर्मीहरुका लागि सात दिवसिय तालीम कार्यक्रममा देहाय बमोजिमका संख्यामा डकर्मीहरु छनौट गरि पठाउन सम्बन्धीत वडा अध्यक्षहरुलाई जिम्मेवारि दिने निर्णय गरियो ।

क्र.स.	वडा नं	सिफारिस गर्ने डकर्मी संख्या
१	१	४
२	२	४
३	३	५
४	४	२
५	५	३
६	६	३
७	७	३
८	८	३
९	९	३
	जम्मा	३०

२०७५/२/२२

प्रमुख प्रशासकीय अधिकृत

१२. आगामी नगर सभामा पेश गर्नुपर्ने देहाय बमोजिमका ऐन, नियम, कार्यविधि र दिग्दर्शनहरु अध्ययन गरि आगामी बोर्ड वैठकमा छलफल गर्ने निर्णय गरियो ।

क. स्थानीय तहको विनियोजन ऐनको नमुना
ख. जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय नियमावली, २०७४
ग. स्थानीय तहको आर्थिक ऐनको नमुना
घ. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित)
ङ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७४
च. नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४
छ. "घ" वर्गको निर्माण व्यवसायि इजाजतपत्र सम्बन्धी कार्यविधि
ज. गाउँ/नगरपालिकाको कृषि व्यवसाय प्रवद्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
झ. गाउँपालिका/नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४
ञ. शिक्षा नियमावली, २०७४
ट. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४
ठ. स्थानीय तह सहकारी ऐन, २०७४

१३. विविध

१९ औं बोर्ड बैठकको निर्णयानुसार नगरपालिकाद्धारा सञ्चालित सम्पूर्ण आयोजनाहरुको अनुगमन गरि प्रतिवेदन पेश गर्न उप-प्रमुख श्री सिमा के.सी. कर्मचार्यको संयोजकत्वमा गठित अनुगमन समितिले पेश गरेको प्रतिवेदन माथि समिक्षा गरि प्रतिवेदनमा उल्लेखित सकारात्मक पक्षहरुलाई आगामी दिनमा निरन्तरता दिने र योजना सञ्चालन गर्दा देखिएका कमि-कमजोरिहरुलाई सुधार गर्दै लाने सहमति गरियो ।

श्रीस्नेट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसरघारी, स्याङ्जा
४ नं. प्रदेश, नेपाल

२१ औं बोर्ड बैठकका कार्य सूचीहरु

१. आर्थिक बर्ष ०७५/०७६को नीति तथा कार्यक्रमको सम्बन्धमा ।

२. बस्ती स्तरबाट आएका योजनाहरुको छलफल सम्बन्धमा ।

३. नगर सभा तोक्ने सम्बन्धमा ।

४. विविध

प्रमुख प्रशासकीय अधिकृत

२१ औं बोर्ड बैठकका निर्णयहरुः-

निर्णय नं. १:- प्रस्तावित आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम सामान्य परिमार्जन सहित पास गर्ने निर्णय गरियो।

निर्णय नं. २:- वस्तीस्तरबाट छनौट भएका योजनाहरुलाई ५ वटा विषयगत क्षेत्र (संस्थागत विकास तथा सेवा प्रवाह, पूर्वाधार विकास, स्वास्थ्य तथा सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपत व्यवस्थापन) सँग मिल्ने गरि प्राथमिकताका आधारमा वडास्तरीय निर्णय सहित आगामी २०७५ असार १० गते भित्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:- आगामी नगरसभा मिति २०७५ असार १० गते विहान ११ बजे वडा नं. ६ स्थित भीरकोट भिल्लामा बोलाउने निर्णय गरियो । र नगरसभामा प्रस्तुत हुने एजेण्डा, पेश गर्ने मिति र पास गर्ने मिति देहाय बमोजिम रहेको छ ।

देहायः

क्र.स.	एजेण्डाहरु	एजेण्डा पेश गर्ने मिति	एजेण्डा पास गर्ने मिति
१.	नीती तथा कार्यक्रम	२०७५/०३/१०	२०७५/०३/१२
२.	ऐन तथा कानून	२०७५/०३/१२	२०७५/०३/१९
३.	बजेट तथा कार्यक्रम प्रस्तुत	२०७५/०३/१९	२०७५/०३/२०

निर्णय नं. ४:- विविध

क. भीरकोट स्तरीय अपाङ्ग समितिका सचिव श्री श्याम प्रसाद अर्यालज्यूले पेश गरेको प्रस्ताव बमोजिम सामानहरु अपाङ्गको शिर्षकमा विनियोजित बजेटको मातहतमा रही खरिद गरि वितरण गर्ने निर्णय गरियो।

ख. भीरकोट नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा कामकाज गर्ने गरि ३ जना ओभरसियरको लागि विज्ञापन सूचना प्रकाशन गरि करारमा नियूक्ती गर्ने कार्यको लागि देहाय बमोजिमको पदपुर्ती समिति गठन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

पदपुर्ती समितिः

श्री धर्म राज ढुंगाना	- प्रमुख प्रशासकिय अधिकृत	- संयोजक
श्री शंकर कुवँर मगर	- ईन्जिनियर	- सदस्य
श्री	- प्रतिनिधि जिल्ला प्राविधिक कार्यालय, स्याङ्जा	- सदस्य
श्री धन प्रसाद कोईराला	- प्रशासकिय अधिकृत	- सदस्य सचिव

ग. स्थानीय तह सञ्चालन ऐन, २०७४ बमोजिम नगरस्तरबाट तोक्नुपर्ने दररेट निर्धारण गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

श्री छायाराम खनाल	- नगर प्रमुख	- संयोजक
श्री चन्द्र बहादुर बस्नेत	- वडा अध्यक्ष, वडा नं. ४	- सदस्य
श्री शंकर कुवँर मगर	- ईन्जिनियर	- सदस्य
श्री	- अधिकृत प्रतिनिधि, जिल्ला प्राविधिक कार्यालय, स्याङ्जा	- सदस्य
श्री	- अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा	- सदस्य
श्री	- प्रतिनिधि, उद्योग वाणिज्य संघ, भीरकोट नगरपालिका	- सदस्य
श्री धर्म राज ढुंगाना	- प्रमुख प्रशासकिय अधिकृत	- सदस्य सचिव

घ. आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम, बजेट र नगर सभाबाट पारित हुने कानूनहरु तथा उपभोक्ता समितिको हाते पुस्तिकालाई कम्पाएल गरि प्रकाशन गर्न देहाय बमोजिमको सम्पादन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

श्री सिमा के.सी. कर्मचार्य	- नगर उप-प्रमुख	- संयोजक
श्री दिपेन्द्र के.सी.	- प्रवक्ता/वडा अध्यक्ष	- सदस्य
श्री कमल त्रिपाठी	- वडा अध्यक्ष	- सदस्य
श्री धन प्रसाद कोईराला	- प्रशासकिय अधिकृत	- सदस्य
श्री याम प्रसाद रेग्मी	- प्रशासकिय अधिकृत	- सदस्य सचिव

ङ. राजश्व परामर्श समितिको सिफारिस बमोजिमको न्यूनतम रकमलाई आधारमानी विभिन्न ग्रामीणहरुमा सडक सेवा शुल्क (पटके कर) असूलीको लागि को सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

२२ औ वोर्ड वैठकको वैठकको कार्यसुची

१ आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम स्विकृत गरी नगर सभामा पेश गर्ने ।

निर्णय नं. १

आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम स्विकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२३औ वोर्ड वैठकको कार्यसुचीहरु

१ शिक्षा ऐन २०७५ सम्वन्धमा ।

२ सहकारी ऐन २०७५ सम्वन्धमा ।

३ एकिकृत सम्पत्ति कर निर्देशिका २०७५ सम्वन्धमा ।

४ विविध ।

२३औ वोर्ड वैठकका निर्णयहरु

निर्णय नं. १

वैठकमा शिक्षा ऐन २०७५, सहकारी ऐन २०७५ र एकिकृत सम्पत्ति कर निर्देशिका, २०७५ को सम्वन्धमा छलफल भयो । यस सम्वन्धमा थप छलफल गर्न मिति २०७५ आषाढ १२ गते पुनः वैठक वस्ने गरी आजाको वैठक स्थगित गरियो ।

२४ औ वोर्ड वैठकको कार्यसुचीहरु

१ शिक्षा ऐन, २०७५ सम्वन्धमा ।

२ सहकारी ऐन, २०७५ सम्वन्धमा ।

३ एकिकृत सम्पत्ति कर निर्देशिका, २०७५ सम्वन्धमा ।

२४औ वोर्ड वैठकका निर्णयहरु

निर्णय नं. १

यस वैठकवाट शिक्षा ऐन २०७५, सहकारी ऐन २०७५ र एकिकृत सम्पत्ति कर निर्देशिका २०७५ स्विकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२५औ वोर्ड वैठकका कार्यसुचीहरु

१ आर्थिक ऐन २०७५ सम्वन्धमा ।

२ प्रशासकीय कार्यविधी नियमित गर्ने २०७५ सम्वन्धमा ।

३ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको निवेदन सम्वन्धमा ।

४ रिचमण्ड फेलोसिपको प्रस्ताव सम्वन्धमा ।

२५औ वोर्ड वैठकका निर्णयहरु

निर्णय नं. १

आर्थिक ऐन २०७५ र प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ स्विकृत गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनलाई SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्याथीहरुलाई सम्मान गर्ने कार्यको लागि रु १५००० (अक्षेरुपी पन्ध्रहजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

रिचमण्ड फेलोसिपको प्रस्ताव वमोजिम लागु औषधि नियन्त्रण सचेतना कार्यक्रम सञ्चालनको लागि रु १ लाख उपलव्ध गराउने निर्णय गरियो ।

२६ औं बोर्ड वैठकको कार्यसूचीहरुः

१. बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा (नगरस्तरीय, वडास्तरीय),

२. विविध ।

२६ औ वोर्ड बैठकको निर्णयहरुः

निर्णय नं. १. आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रमका सम्बन्धमा देहाय बमोजिमको शिर्षकमा देहाय बमोजिमको रकम बाँडफाँड गरी बजेट तथा कार्यक्रम तयार गर्ने निर्णय गरियो ।

क्र स	बजेट शिर्षक	विनियोजित रकम	कैफियत
१	भवन निर्माण नगरपालिका	१,५४,००,०००/-	
२	भवन तथा जग्गा खरिद	४९,००,०००/-	
३	ल्याण्डफिल्ड साइड निर्माण	३९००००/-	
४	खेल मैदान/प्रतियोगिता/सामाग्री खरिद	३०००००/-	
७	बसपार्क व्यवस्थापन	९००००/-	
८	बजार क्षेत्र पूर्वाधार विकास	९९००००/-	
९	समपुरक कोष	९९००००/-	
१०	कृषि विकास	२४००००/-	
११	पशु विकास	१४००००/-	
१२	शिक्षा नियमित कार्यक्रम	३०००००/-	
१५	स्वास्थ्य	२६००००/-	
१६	महिला विकास	९००००/-	
१७	अपाङ्ग	४००००/-	
१८	दलित/अल्पसंख्यक	९००००/-	
१९	दैविक प्रकोप	१९००००/-	
२०	जेष्ठ नागरिक	९००००/-	
२१	पूर्ण सरसफाई	९००००/-	
२२	शेयर खरिद	२९००००/-	
२३	पर्यटन तथा पूर्वाधार विकास	२९००००/-	
२४	आर्थिक सहायता	९००००/-	
२५	सवारी साधन	४००००/-	
२६	फर्निचर	४००००/-	
२७	मेशिनरी	४००००/-	
२८	उद्योग विकास/बीउ पूर्जी सहयोग	४००००/-	
२९	परामर्श	१९००००/-	

निर्णय नं. २. वस्तीस्तरबाट संकलन भएका योजनाहरुको छनौट गरी पेश गर्न प्रत्येक वडा कार्यालयहरुलाई रु २५ लाखका दरले सिलिङ्ग उपलब्ध गराउने र सिलिङ्गभित्र रहेर आगामी असार १८ गते विहान १२ बजेसम्म योजनाहरुको विवरण नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. भीरकोट नगरपालिकाको वडा नंम्बर ३ को रोजी खोलाले बगाएर मृत्यु भएका मृतकका परिवारलाई क्रियाखर्च वापत रु १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४. पदाधिकारीहरुलाई पहिलो नगरसभाबाट उपलब्ध गराउदै आएको सेवा सुविधा र बैठक भत्ताका सम्बन्धमा आर्थिक वर्ष २०७४/०७५ को असार मसान्तसम्म खाईपाई आएको सुविधा/भत्ता उपलब्ध गराउने र ०७५/०७६ को असार मसान्त पश्चात प्रदेश कानूनमा भएको व्यवस्था बमोजिम गर्ने निर्णय गरियो ।

भीरकोट नगरपालिका

२७औ बोर्ड बैठकको एजेण्डाहरु

१. आर्थिक बर्ष ०७५/०७६ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२. विनियोजन ऐन,२०७५ सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नंम्बर १: आर्थिक वर्ष २०७५/०७६को बजेट तथा कार्यक्रम स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नंम्बर २: विनियोजन ऐन,२०७५ स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो।

२८ औं बोर्ड बैठकका एजेण्डाहरु

१. आर्थिक वर्ष २०७४/७५ मा भएको खर्चको अनुमोदन,

२. आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५,

३. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५,

४. उपभोक्ता समितिको पकेट डायरी,

५. विविध ।

२८ औं बोर्ड बैठकका निर्णयहरुः-

निर्णय नं. १

आर्थिक वर्ष २०७४/०७५ मा नगरसभाले स्वीकृत गरेका योजनाहरु बाहेक त्यावस्यक/तत्काल नगरी नहुने कार्यहरु सम्पन्न गरी भुक्तानीका लागि फाईलहरु पेश हुन आएका र पेश हुन आएका कतिपय आयोजनाहरुमा रकम बिनियोजन नभएको र कतिपय आयोजनाहरुमा कार्य सम्पन्न गर्नका लागि बिनियोजित रकमले नपुग भएकाले बढी खर्च हुन गएकोले यसरी योजनाहरुमा भएको खर्च रकम तपसिल बमोजिम कन्टीन्जेन्सी, स्वीकृत भएका र कार्य सम्पन्न भई बचत भएको रकम, संचालन नभएका योजनाको बचत रकम, चालु कार्यक्रम तर्फ बचत रकम र आन्तरिक आम्दानीबाट भएको रकमबाट खर्च भएकोले तपसिल बमोजिमको खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

सि.नं.	योजनाको नाम	बिनियोजित रकम	खर्च भएको रकम	थप भुक्तानी दिएको रकम	खर्च लेखिएको खर्च शीर्षक	कैफियत
१	काफलडांडा पिपलबोट बाटो निर्माण समिति वार्ड नं ९	१ लाख	३ लाख	१९४०००/-	समानिकरण अनुदान चालु (कार्यक्रम खर्च)	बैदेशिक भ्रमणको बचत रकमबाट
२	शिरुखर्क पर्खाल निर्माण वार्ड नं ८	०	१५८०००/-	१५८०००/-	चालु कार्यक्रम खर्च	बैदेशिक भ्रमणको बचत रकमबाट
३	बैरिखोला भन्ज्याङ सिंचाई योजना वार्ड नं ५	०	४८५००/-	४८५००/-	चालु कार्यक्रम खर्च	बैदेशिक भ्रमणको बचत रकमबाट
४	दभुंडठांटि माध्यमिक बिद्यालय बाटो निर्माण	०	२९१००/-	२९१००/-	चालु कार्यक्रम खर्च	बैदेशिक भ्रमणको बचत रकमबाट
५	नयां बजारचोक तमु समाज जाने बाटो खानेपानी	०	७३८४४/-	७३८४४/-	चालु कार्यक्रम खर्च	बैदेशिक भ्रमणको बचत रकमबाट
६	झारुडखोला फिरफिरे रिट्टाबोट ग्रा.स	०	७७६००/-	७७६००/-	चालु कार्यक्रम खर्च	बैदेशिक भ्रमणको बचत रकमबाट
७	जय लक्ष्मी हार्डवयर एण्ड सप्लायर्स	०	२९९६७६/-	२९९६७६/-	चालु कार्यक्रम खर्च	कृषि बिकास कार्यक्रमको बचत रकमबाट
८	आइडिया ब्रिड आइटी सोलुसन	०	२२४७५७/-	२२४७५७/-	चालु कार्यक्रम खर्च	न.पा.को गुरु योजना तयारीको बचत रकमबाट
९	श्रेष्ठ पेट्रोल पम्प	२० लाख	३५६७३७/-	३५६७३७/-	चालु कार्यक्रम खर्च	पिछडिएको क्षेत्र प्रबर्द्धन कार्यक्रमको बचत रकमबाट
१०	मुनलाईट ट्रेडर्स		४८२२२/-	४८२२२/-	चालु कार्यक्रम खर्च	शिप मुलक तालिमको बचत रकमबाट

११	सांग्रिला ईन्फोमेटिक्स प्रा.लि		४५२०००/-	४५२०००/-	चालु कार्यक्रमबाट	शिप मुलक तालिमको बचत रकमबाट
१२	भ्रमण खर्च तथा दैनिक भत्ता	१५ लाख	५०८०००/-	५०८०००/-	चालु कार्यक्रमबाट	अवलोकन भ्रमण तथा बैदेशिक भ्रमणको बचत रकमबाट
१३	वार्ड नं ५ बाटो सरसफाई		८१३६०/-	८१३६०/-	चालु कार्यक्रमबाट	समानिकरण चालु बैदिशक भ्रमणमा बचत रकमबाट
१४	कलेज अफ सप्टवयर ईन्जिनियरिङ		११६१५०/-	११६१५०/-	चालु कार्यक्रमबाट	शिपमुलक तालिमको बचत रकमबाट
१५	प्रज्वल प्रिन्टर्स एण्ड स्टेशनरी सप्लायर्स		८३१००/-	८३१००/-	चालु कार्यक्रमबाट	समानिकरण चालु अल्प संख्यक बिकास कार्यक्रमको बचत रकमबाट
१६	सुलभ गिफ्ट पसल		२५१२०/-	२५१२०/-	चालु कार्यक्रमबाट	समानिकरण चालु अल्प संख्यक बिकास कार्यक्रमको बचत रकमबाट
१७	सम्झना स्टेशनरी स्टोर्स		२५३१४९/-	२५३१४९/-	चालु कार्यक्रमबाट	समानिकरण चालु अल्प संख्यक बिकास कार्यक्रमको बचत रकमबाट
१८	सिमलचौर साउने खोल्सा नियन्त्रण		३०८५०/-	३०८५०/-	चालु कार्यक्रमबाट	समानिकरण चालु बन तथा भुसंरक्षण कार्यक्रमको बचत रकमबाट
१९	नेवा समाज छाडछाडदी		१००००/-	१००००/-	चालु कार्यक्रमबाट	समानिकरण पर्यटनको बचत रकमबाट
२०	लेकाली बाख्रा फार्म		५०००/-	५०००/-	चालु कार्यक्रमबाट	पशु बिकास कार्यक्रमबाट
२१	राधाकृष्ण मन्दिर बडारे ढापुक शालिकोप	१०लाख	३५०००/-	३५०००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२२	बाङखे डमर रोजिखोला ग्रा.स		४८५००/-	४८५००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२३	उजेलीडांडा ग्रा.स उ स		४३६५००/-	४३६५००।	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२४	ठुलीभन्ज्याङ गाउंशहर स्टोर्स		५९२५०४/-	५९२५०४।	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२५	कर्माचार्य सप्लायर्स		७३७७१/-	७१७७१।	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२६	रेम्मीडांडा कालिका अस्पताल पुलचोक		१७३०००/-	१७३०००।	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत

	सडक					भएका योजनाबाट
२७	कृषिसेवा केन्द्र देखि दभुं ग्रा.स	८००००/-	१२०००००/-	४००००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२८	सफल फर्निचर उद्योग		२९१०८८/-	२९१०८८/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
२९	सफल ट्रेडर्स		३४१८२५/-	३४१८२५/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
३०	वडा नं ५ को कार्यालय भवन मर्मत सुधार		५६८८००/-	५६८८००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
३१	बेलडांडा गोदिखोला उ.स		२४२५००/-	२४२५००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
३२	स्याडजा शित भण्डार सहकारी संस्था लि		५००००/-	५००००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
३३	ढन्डुरे लिफ्टीङ खा.पा.	२००००/-	६००००/-	६००००/-	पुंजिगत	संचालन नभएका तथा संचालन भई रकम बचत भएका योजनाबाट
३४	पुर्ण दुर्गा भवानी प्रा.वि		१०२८२०/-	१०२८२०/-		अन्तरिक आम्दानीको बचत रकमबाट
३५	खिलुङ देउराली स्वा.चौ		४९९४०/-	४९९४०/-		अन्तरिक आम्दानीको बचत रकमबाट
३६	लुब्दीखोला किनारा संरक्षण		२९१००/-	२९१००/-		अन्तरिक आम्दानीको बचत रकमबाट
३७	बयरघारी केघा जगतपुर सडक		१४५५००/-	१४५५००/-		अन्तरिक आम्दानीको बचत रकमबाट
३८	ठुलो पंधेरा खा पा मर्मत		३५०००/-	३५०००/-		अन्तरिक आम्दानीको बचत रकमबाट
३९	ठाडो हटिया गेजबास खा पा		२४९१९/-	२४९१९/-		अन्तरिक आम्दानीको बचत रकमबाट
४०	कृषि सडक गोकेशबेसी		१२६१००/-	१२६१००/-		अन्तरिक आम्दानीको बचत रकमबाट
४१	धारापानी दभुंठांटी ग्रा.स		२९१००/-	२९१००/-		अन्तरिक आम्दानीको बचत रकमबाट

४२	कृषि सडक गोकेशबेसी		२४२५००/-	२४२५००/-		अन्तरिक आम्दानीको बचत रकमबाट

निर्णय नं. २

नगरपालिकाको आन्तरिक आम्दानी तर्फ अनुमान गरे भन्दा बढी रकम आम्दानी भएको छ । आन्तरिक आम्दानीबाट तपसिल बमोजिम खर्च शीर्षकमा भएको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

सि.नं.	विवरण	खर्च रकम
१	पदाधिकारी पारिश्रमिक सुविधा	४२७१४००/-
२	कार्यालय संचालन सम्बन्धी	६९९०९७/-
३	अन्य भाडा	१९९५५०/-
४	मर्मत संभार	५५४९२२/-
५	ईन्धन	६२०३६/-
६	मेशिनरी औजार	४२२९७३/-
७	सार्वजनिक निर्माण बिबिध योजनाहरु	८००९७९/-

निर्णय नं. ३

बैठक भत्तामा वित्तिय समानिकरण अनुदानमा बिनियोजन गरिएको रकम रु ३० लाख खर्च भएकोले अनुमोदन गर्ने ।

निर्णय नं. ४

आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५, उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ र उपभोक्ता समितिको पकेट डायरी, २०७५ स्वीकृत गरी प्रकाशन गर्ने निर्णय गरियो।

२९ औ कार्यपालिका बैठकका कार्य सुचीहरुः-

१. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४,

२. घर नक्शा पास र अभिलेखिकरण सम्बन्धमा,

३. नगरपालिकाको दरवन्दी स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने सम्बन्धमा,

४. राजपत्रको नमुना स्वीकृत गर्ने सम्बन्धमा,

५. शिवपार्वती वृद्धाश्रम तथा वहुउद्देश्य संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा,

६. विविध ।

२९ औ कार्यपालिका बैठकका निर्णयहरुः-

१. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४, स्वीकृत गर्ने निर्णय गरियो ।

२. मिति २०७२ साल पश्चात निर्माण भएका नयाँ घरहरुको नियमानुसार लाग्ने दस्तुरमा ५० प्रतिशत रकम र २०७२ भन्दा अगाडी निर्माण भएका घरहरुको नियमानुसार लाग्ने दस्तुरमा २५ प्रतिशत रकम थप जरिवाना गरि मिति २०७५ साल आश्विन ३० गते सम्म अभिलेखिकरण गर्न म्याद थप गर्ने निर्णय गरियो ।

३. नगरपालिकाको लागि मन्त्रालयबाट प्राप्त अन्तरिम दरवन्दी तेरिज तथा संगठन संरचना स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

४. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी, २०७५ स्वीकृत गरी नगर कार्यपालिका तथा नगर सभाबाट पारित ऐन, नियम, निर्देशिका र कार्यविधि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

५. वालिङ्ग नगरपालिका, स्याङजाद्वारा संचालित गल्याङ्ग नगरपालिकामा स्थित रामनदी धाममा निर्माणाधिन अवस्थामा रहेको शिवपार्वती वृद्धाश्रम तथा बहुउद्देश्य संस्थालाई रु ५०,०००/- (अक्षरुपी रुपैंया पचास हजार मात्र) आर्थिक सहायता वापत उपलब्ध गराउने निर्णय गरियो ।

६. विविध ।

क. भीरकोट नगरपालिका भित्र रहेका समुदायिक विद्यालय र सहकारी संस्थाहरुको आर्थिक वर्ष २०७४/७५ सम्मको लेखा परीक्षण गर्नका लागि आवश्यक लेखा परीक्षकहरुको सूचीकृत गर्ने निर्णय गरियो ।

ख. स्वास्थ्य उपचारका लागि भारत जान लाग्नुभएका नगर प्रमुख श्री छायाराम खनालज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँको भारत सम्म जाने र नेपाल फर्कने सम्मको यात्रा सुःखद र सफलताको शुभकामना दिने निर्णय गरियो ।

३० औ कार्यपालिका बैठकका कार्य सुचीहरुः-

१. भौतिक पूर्वाधार विकास मन्त्रालय, गण्डकी अञ्चल, पोखराको जग्गा व्यवस्थापन र लागत सहभागिताको पत्र सम्बन्धमा ।

२. नगर प्रमुख श्री छायाराम खनालज्यूको स्वास्थ्य उपचार खर्च सम्बन्धमा ।

३. विविध ।

३०औं बोर्ड बैठकका निर्णयहरु

निर्णय नं. १

भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी अञ्चल पोखराको पत्रको सम्बन्धमा जग्गा व्यवस्थापन र लागत सहभागिताको लागि प्रतिबद्धता व्यक्त गर्दै सम्बन्धित निकायमा पत्राचार गर्ने र जग्गा व्यवस्थापनको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

जग्गा व्यवस्थापन समिति

१. सिमा के.सी. कर्मचार्य - संयोजक
२. दिपेन्द्र के.सी. - सदस्य
३. चन्द्र बहादुर बस्नेत - सदस्य
४. कमल त्रिपाठी - सदस्य
५. धर्मराज ढुंगाना - सदस्य सचिव

निर्णय नं.२

स्वास्थ्य उपचारको क्रममा भारतमा रहनु भएका नगर प्रमुख श्री छायाराम खनालको उपचार खर्च वापत बिल बमोजिमको रकम आर्थीक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

३१ औं बोर्ड बैठकका एजेण्डाहरु

१. भवन निर्माणको लागि प्रकाशित आसयको सूचना अनुमोदन गर्ने र तत् पश्चातको प्रकृया अगाडी वढाउने,

२. ढुङ्गा, गिट्टि, बालुवाको उत्खन्नको लागि आव्हान गरिएको टेण्डरको सूचना अनुमोदन गर्ने,

३. वयरघारी-बानेथोक विरुवा सडक खण्डको सडक उपयोग शुल्क उठाउने सम्बन्धमा ।

४. भीरकोट नगरपालिकाको न्यूनतम दररेट निर्धारण सम्बन्धमा ।

५. आन्तरिक लेखा परिक्षण शाखा गठन गर्ने सम्बन्धमा ।

६. वसपार्कको सम्झौतालाई अनुमोदन गर्ने ।

७. घरभाडा सम्बन्धमा,

८. मुलपानी पाङ्छाङ् ग्रामीण सडक भुक्तानी सम्बन्धमा ।

९. विविध

३१ औं बोर्ड बैठकका निर्णयहरु

१. भवन निर्माणको लागि प्रकाशित आसयको सूचना अनुमोदन गर्ने र तत् पश्चातको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२. ढुङ्गा, गिट्टि, बालुवाको उत्खन्नको लागि आव्हान गरिएको टेण्डरको सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

३. वयरघारी-बानेथोक विरुवा सडक खण्डको सडक उपयोग शुल्क उठाउने सम्बन्धमा गरिएको सुचना अनुसार परेका ३ गोटा ठेक्का मध्ये कुनै पनि निर्माण व्यवसायीहरुले नियमानुसार सम्झौता गर्न नआएकोले तिनीहरुको धरौटी जफत गर्ने र सो सडक खण्डको सडक उपयोग शुल्क उठाउने जिम्मेवारी वडा नं २ को कार्यालयलाई दिने र सो वापत २० प्रतिशत रकम प्रशासनिक खर्च वापत उक्त कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

४. भीरकोट नगरपालिकाको आ.व. ०७५।७६ को न्यूनतम दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

५. आन्तरिक लेखा परिक्षण शाखा गठन गरी लेखापाल श्री द्रोण बहादुर के.सी. लाई तोक्ने निर्णय गरियो ।

६. यस नगरपालिकाबाट बसपार्क निर्माणको लागि सुचना प्रकाशित गरेकोमा प्रकाशित सुचना अनुसार यस कार्यालयमा जग्गा उपलब्ध गराउन मंजुर गरेका ८ जना व्यक्तिहरु मध्ये हाल सम्म सम्झौता भएको १२-०-१-३-२ क्षेत्रफलको जग्गा वार्षिक प्रतिरोपनी रु १७०४५ का दरले भुक्तानी दिने गरी सम्झौता गरिएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो ।

७. नगरपालिका कार्यालय रहेको भवनको भाडा रकम २०७५ साल साउन १ गतेवाट लागु हुने गरी मासिक रु ५५५५० उपलब्ध गराउने गरी भाडा रकम बृद्धि गर्ने निर्णय गरियो ।

८. मुलपानी पाइछाङ ग्रामीण सडकको लागि नगरपालिकावाट भुक्तानी दिनु पर्ने रकम रु १५५२८०० मध्ये डोजरको लागि नगरपालिकावाट डिजेल रकम उपलब्ध गराएको रकम रु ३४७०००।— कट्टी गरी बाँकी रकम रु१२,०५,०००।— उक्त सडकको उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

९. विविध

क. यस नगरपालिका अन्तर्गतका वडा समितिको ३ वटा बैठकमा यातायात खर्च वापत प्रति बैठक रु ८०० का दरले रकम उपलब्ध गराईने निर्णय गरियो।

३२ बोर्ड बैठकका एजेण्डाहरु

१. प्रस्तावित बसपार्कको स्वीकृत गरी लागत अनुमान अनुसारको निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा ।

२. भीरकोट नगरपालिकाको स्रोत नक्सा प्रस्तुती गर्ने सम्बन्धमा ।

३. नगरपालिकाले फोहोर मैला व्यवस्थापनका लागि खरिद गरेको जग्गामा रहेको सिसौ लगाएताका रुखहरुको क्षति पुर्ती दिने सम्बन्धमा ।

४. कानूनी सल्लाहकारको सुविधा सम्बन्धमा ।

५. नगरपालिकाको निर्माणधिन भवनको लागत स्टुमेट अनुसारको गुणस्तर अनुसार बने नबनेको सम्बन्धमा, नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न १ जना इन्जिनिर करार सेवामा लिने सम्बन्धमा ।

६. आर्थिक वर्ष २०७५/०७६ को शौक्षिक कार्यक्रमको जानकारी सम्बन्धमा

७. विविध ।

३२ औ वोड बैठकका निर्णयहरु

१. नगरपालिकाले भाडामा जग्गालिई संचालन गर्न लागेको वसपार्कको डिजाइन/ड्रइङ्ग स्वीकृत गरी वसपार्क निर्माण गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो ।

२. भीरकोट नगरपालिका र स्कोलर नेपालको विचमा नगरपालिकाको स्रोत नक्शा निर्माणका लागि भएको सम्झौता अनुसार स्कोलर नेपालले पेश गरेको प्रारम्भिक प्रतिवेदन माथि छलफल हुदाँ परिमार्जन सहित अन्तिम प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

३. नगरपालिकाले फोहोरमैला व्यवस्थापन केन्द्रका लागि खरिद गरेका जग्गामा रहेका सिसौ लगायतका रुखहरुको क्षतिपूर्ती स्वरुप रु ६५ हजार रुपैया जग्गा धनी श्री गुरु प्रसाद गौतम लाई उपलब्ध गराउने निर्णय गरियो ।

४. नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका ऐन नियम निर्देशिका तथा कार्यविधिहरुको निर्माण र न्यायिक समितिले सम्पादन गर्ने कार्यमा सहजीकरण गर्ने गरी नगरकार्यपालिकाको मिति २०७४/१२/०१ गतेको निर्णयानुसार नियुक्ति भएका कानून सल्लाहकार श्री हरि प्रसाद रेग्मी लाई गत आर्थिक वर्षको सम्वन्धमा रु ६० हजार र आर्थिक वर्ष ०७५/७६ को लागि रु २ लाख सुविधा वापत उपलब्ध गराउने र यसरी उपलब्ध गराउने सुविधा हरेक ~~तेस्रो~~ महिनाको अन्तिममा ~~२५~~ प्रतिशतका दरले उपलब्ध गराउने निर्णय गरियो ।

५. नगरपालिका नवनिर्मित भवनको स्टिमेट अनुसार काम भए वा नभएको नियमितरुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नका परामर्शदाताको नियुक्ति गर्ने र यसरी नियुक्ति भएको परामर्शदाता/संस्थालाई कन्टेनजेन्सीबाट भुक्तानी गर्ने गरी रु ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

६. साविकमा नेपाल बैक लिमिटेड मार्फत गरिएको कारोवार नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको पत्रानुसार मेघा बैक नेपाल लिमिटेड, वयरघारी शाखाबाट कारोवार गर्ने गरी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

७. भीरकोट नगरपालिकाको वडा नंम्बरमा संचालित सिलाई कटाई सम्बन्धित रु १ लाख ५० हजारको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

८. नगरपालिकाको वडा नंम्बर ४ को सिमलडांडामा संचालनामा रहेको छाडा पशु व्यवस्थापनका लागि २ जना हेरालु करार सेवामा लिने र करार सेवा लिए वापत प्रतिमहिना रु १० हजारका दरले सुविधा उपलब्ध गराउने निर्णय गरियो यसका साथै छाडा पशु व्यवस्थापन सम्वन्धी कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

९. नगरपालिकाले वार्षिकरुपमा मनाउनु पर्ने विभिन्न किसिमका पर्वहरुको सुची तयार गर्ने र त्यस्ता पर्वहरुमा के कस्ता कार्यक्रमहरु संचालन गर्ने सो सम्बन्धमा विवरण तयार गरी राख्ने निर्णय गरियो ।

१०. नजिकिदै गरेका चाड बार्डहरुलाई मध्यनजर गर्दै आम उपभोक्ताहरुलाई सुफद मुल्यमा उपभोग्य वस्तुहरु उपलब्ध गराउनका लागि भीरकोट नगरपलिका भित्र संचालित व्यवसायीहरुको सहभागितामा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

११. गत आर्थिक वर्षमा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट सम्पादन भएका कृयाकलापहरुका विषयमा संम्बन्धित वडाका सम्पूर्ण उपभोक्ताहरुको उपस्थितिमा आगामी दशै भित्र समिक्षा कार्यक्रम गरि प्रतिवेदन पेश गर्न सम्पूर्ण वडा कार्यालयहरुलाई गर्ने निर्णय गरियो।

१२. भीरकोट नगरपालिकाको वयरघारी बजार क्षेत्रमा हाड बजार र सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक पर्ने जग्गा र स्थानीय समन्वय लगायत अन्य आवश्यक प्रकृया अगाडी बढाउन वडा नंम्वर १ र २ का वडा अध्यक्षहरु दिपेन्द्र के.सी. र कमल त्रिपाठी लाई जिम्मेवारी दिने निर्णय गरियो ।

२०७९/८/१९०

३३ औ बोर्ड बैठकको एजेण्डाहरु

१. आगामी कार्तिक १५ गतेदेखि १८ गते सम्म यस नगरपालिकाको वडा नंम्बर ५ को स्वरेक महापुर मैदानमा हुन गईरहेको पहिलो नेपाल प्यारागलाइडिङ्ग एकुरेसी विश्वकप २०१८ को सम्बन्धमा ।

२. विविध

३३ औ बोर्ड बैठकको निर्णय

१. आगामी कार्तिक १५ गते देखि १८ गते सम्म यस नगरपालिकाको वडा नं ५ स्वरेक महामुर मैदानमा हुन गईरहेको फर्स्ट नेपाल प्याराग्लाईडिङ एक्युरेसी वर्ल्डकप २०१८ को सम्बन्धमा बाबु एडभेन्चर क्लबलाई रु. ५ लाख र फर्स्ट नेपाल प्याराग्लाईडिङ एक्युरेसी वल्डकप २०१८ व्यवस्थापन मुल समारोह समिति स्याङ्जालाई दिएको रु. ५ लाख समर्थन र अनुमोदन गरी आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत बजेट पर्यटन पुर्वाधार विकास कार्यक्रममा विनियोजित रकम रु. २९ लाख मध्ये बाँकी रहेको रु.१९ लाख फर्स्ट नेपाल प्याराग्लाईडिङ एक्युरेसी वर्ल्डकप २०१८ व्यवस्थापन समितिलाई कार्यक्रम संचालनको लागी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

२. यस नगरपालिकाको वडा नं ५ स्वरेक महापुर मैदानमा निर्माणाधिन सार्वजनिक शौचालयको लागत अनुमान स्वीकृत गरि मुल्याङकनको आधारमा भुक्तानी दिने र वडा न ५ मा भएको बाटो सरसफाई र मर्मत संभारको लागत अनुमान स्वीकृत मुल्याङकन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

३. कार्तिक १५ गते देखि १८ गते सम्म यस नगरपालिकाको वडा नै ५ स्वरेक महामुर मैदानमा हुन गईरहेको फर्स्ट नेपाल प्याराग्लाईडिङ एक्युरेसी वर्ल्डकप २०१८ मा सहभागी नगर सदस्य श्री नविन थापाको प्रवेश शुल्क वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

३४ औं बोर्ड बैठकका एजेण्डाहरु

१. भीरकोट नगरपालिका वडा नं. ७ र अर्जुनचौपारी गाउँपालिका वडा नं. १ को संगमस्थल भोर्लेखोला, स्याङ्जामा भैरहेको महायज्ञमा आर्थिक सहयोग गर्ने सम्बन्धमा।

२. विविध ।

३४ औं बोर्ड बैठकका निर्णयहरु

१. भीरकोट नगरपालिका वडा नं. ७ र अर्जुनचौपारी गाउँपालिका वडा नं. १ को संगमस्थल भोर्लेखोला, स्याङ्जामा चलि रहेको महायज्ञमा सहयोग स्वरुप रु १,५०,०००/-(अक्षरुपी एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

३५ औं नगर कार्यपालिका बैठकको एजेण्डाहरु

१. लामाचौर हेलुखण्ड़को ढुंगा गिट्टी वालुवाको टेण्डर सम्बन्धमा ।

२. गत वर्ष स्थगित रहेका योजनाहरुको सम्बन्धमा ।

३. दहथुम बहुमुखी क्याम्पसलाई दिइएको अनुदान सम्बन्धमा।

४. नगर कार्यपालिका तथा वडा समितिको बैठकको भत्ता सम्बन्धमा ।

५. नगर सभामा छुट भएका आयोजनाहरुको स्वीकृती सम्बन्धमा ।

६. विविध ।

३५ औ नगर कार्यपालिका बैठकका निर्णयहरुः-

१. राजश्व परामर्श समितिको सिफारिश अनुसार मिति २०७५/०८/५ गतेका दिन कैनीको रह लामाचौर हेलुखण्डको नगरपालिकाको आन्तरिक राजश्वको स्रोत मध्येको ढुंगा गिट्टी वालुवाको सम्बन्धमा प्रकाशित सुचना र सो अनुसार भएका काम कारवाहीहरुको अनुमोदन गर्ने निर्णय गरियो।

२. आर्थिक वर्ष २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार समयको अभाव र अन्य कारणबाट सम्पन्न हुन नसकेका आयोजनाहरुका सम्बन्धमा के कति आयोजना सम्पन्न हुन नसकेका हुन, त्यसलाई निरन्तरता दिनु पर्ने हो वा होइन त्यसको यर्थाथ विवरण सम्बन्धित वडा कार्यालय मार्फत माग गरी अगाडी बढाउने निर्णय गरियो ।

३. नगरपालिका भित्र संचालनमा रहेको दहथुम बहुमुखी क्याम्पसलाई विल भरपाई आधारमा भुक्तानी दिएको रु २ लाख रुपैया अनुमोदन गर्ने निर्णय गरियो ।

४. नगर कार्यपालिका तथा वडा समितिको बैठकको भत्ता सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

५. समयको अभाव लगायतका कारणबाट यसै आर्थिक वर्षको नगर सभामा सम्बोधन हुन नसकेका देहाय बमोजिमका आयोजनाका सम्बन्धमा शहरी क्षेत्रको पूर्वाधार विकास शिर्षक अन्तरगत विनियोजित रकम रु ९९ लाख बाट भुक्तानी गर्ने गरी देहाय बमोजिमका आयोजना/कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क्र स	आयोजनाको नाम	आयोजनाको किसिम	वडा नं	विनियोजित रकम	कैफियत
१	सिद्धार्थ राजमार्ग देखी आलेको घर सम्म जाने बाटो	बाटो निर्माण	४	२२८५५२/-	
२	शौचालय निर्माण (स्वास्थ्य चौकी नजिक)	शौचालय निर्माण	६	५०,०००/-	
३	क्रियाघर निर्माण	भवन निर्माण	१	४००००/-	
४	झारङ्गखोला पि.पि.सि.	बाटो निर्माण	४	१००००/-	
५	सहनशिल आमा समूह भवन	भवन निर्माण	४	३००००/-	
६	झारङ्गखोला सतसङ्ग जाने	बाटो निर्माण	४	१००००/-	
७	छाङ्छाङ्दी सिटी हल	भवन निर्माण	४	५००००/-	
	जम्मा रकम रु			१६७८५५२/-	

प्रमुख प्रशासकिय अधिकृत

६. समयको अभाव लगायतका कारणबाट यसै आर्थिक वर्षको नगर सभामा सम्बोधन हुन नसकेका देहाय बमोजिमका आयोजनाका सम्बन्धमा योजनागत विविध शिर्षकमा विनियोजित ५३ लाख ८८ हजार मध्येबाट भुक्तानी हुने गरी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

क्र.स.	आयोजनाको नाम	आयोजनाको किसिम	वडा नं.	आयोजनाको लागत	कैफियत
१	लामाखेत-सिंचाई	कुलो	८	१०००००	
२	खिलुङ्ग कालिका पर्यटन भवन	भवन	७	२५००००	
३	प्रहरी चौकी भान्छा घर	भवन	२	२०००००	
४	तमु समाज हल	गेट		२५००००	
५	मझुवा-सिम्ले कुलो मर्मत	कुलो	४	१५००००	
६	नेवा खल आमा समूह	भवन	४	१०००००	
७	मजुवा फाँट चौपारी		४	८००००	
८	ब्रहम कुमारी भवन मर्मत	भवन मर्मत	२	२५००००	
९	मर्तावास.....बाटो निर्माण	बाटो	७	२०००००	
१०	पिपलडाडा मा.वि.को भवन निर्माण स्थल सम्माउने तथा साउन्दी सम्मको बाटो सरसफाई	बाटो	९	२०००००	
११	खिलुङ्ग कालिका मन्दिर मर्मत	मन्दिर मर्मत	७	४०००००	
१२	कालिका अस्पताल कम्पाउण्ड निर्माण	अपस्पतालको कम्पाउण्ड निर्माण	१		
१३	सिरकोट प्रहरी चौकी	भवन मर्मत	९	२०००००	
१४	रेग्मी डाडा लाकुरी डाडाँ	बाटो मर्मत	१	१०००००	
१५	पौडेल थर खानेपानी आयोजना		२	२५००००	
१६	धोवादी कुलो तटबन्धन/निर्माण	कुलो मर्मत/निर्माण	६	५००००	
१७	जनज्योती आ.वि.	मर्मत/रङ्गरोगन	७	१०००००	
१८	सिमलचौर बाटो निर्माण	बाटो मर्मत		२०००००	
१९	शिव मन्दिर सुन्दरबजार			१००००००	
	जम्मा			४०८०,०००	

७. विविध

क. सुन्दर बजार देखी स्वरेक मैदान जाने बाटो, स्वरेक मैदान क्षेत्रमा स्टेडियम र सो क्षेत्रमा विकास गर्न सकिने पार्क, बगैचा र गोदीखोला/तिवारीखोला कल्भर्ट निर्माणका लागि आवश्यक पर्ने DPR तयार गर्न नियमानुसारको प्रकृया पुरा गरी कन्सल्टेन्सी नियुक्ति गरी सो कार्य अगाडी बढाउने निर्णय गरियो ।

ख. भीरकोट नगर क्षेत्रभित्र कृषि तथा पशु पालन व्यावसायको सम्भावना सहितको योजना तर्जुमा गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

ग. भीरकोट नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक पर्ने तालिम पुर्वाधार लगायतका जनचेतना मुलक कार्यक्रम तयार गरी बालमैत्री नगरपालिका घोषणा गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

घ. भीरकोट नगरपालिका भित्र रहेका बयरघारी, पकान फाँट, मजुवा फाँट लगाएतका कृषि योग्य भुमीको संरक्षणका लागि आँधिखोला नियन्त्रणको गुरुयोजना तयार गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

३६ औं बोर्ड बैठकका एजेण्डाहरु

१. समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५, को दफा ३ बमोजिम देहाय बमोजिमका आयोजनाहरु छनौट गरी पठाउने सम्बन्धमा ।

क. भीरकोट नगरपालिका कार्यालय भवन

ख. दार्सिङ्ग जगतपुर केघा बानेथोक ध्रुव देउराली बयरघारी सडक

ग. सुन्दर बजार रीप मैदान सडक

घ. सुन्दर बजार सुन्दरचौर चिउरीखर्क सडक

ङ. बयरघारी बानेथोक विरुवा सडक

च. वडा नं ७ को वडा कार्यालय भवन

२. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को पत्रानुसार कर्मचारीहरुको समायोजन सम्बन्धमा ।

३. सानो खोल्सा लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि आवश्यक पर्ने विद्युत लाईन जडान सम्बन्धमा।

४. विविध ।

प्रमुख प्रशासकिय अधिकृत

३६ औं नगर कार्यपालिका बैठकका निर्णयहरुः-

१. समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०६५ को दफा ३ बमोजिम यस नगरपालिका भित्रका देहाय बमोजिमका आयोजनाहरु नेपाल सरकार र नगरपालिकाको देहाय बमोजिमको लागत सहभागिता रहने गरी आवश्यक कागजातहरु समावेश गरी नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

सि. नं.	योजना माग गर्ने स्थानिय तहको नाम र ठेगाना	आयोजना / कार्यक्रमको नाम	सम्पर्क फोन /इमेल	आयोजना कार्यान्वयन गर्ने स्थान	आयोजनाको कुल लागत	लाभान्वित सम्भावित जनसंख्या	सम्पन्न गर्न लाग्ने अनुमानित समय	समपुरक कोषमा नगरपालिकाबट व्यहोरिने	नेपाल सरकारले समपुरक कोष मार्फत
१	भिरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय बयरधारी, स्याङ्जा	सुन्दर बजार सुन्दरचौर चिउरीखर्क सडक पिच	०६३-४४०१०६	भिरकोट नगरपालिका वडा नं. ६ ७ र ८	५४०९५०६५६/-	९७५२	५ वर्ष	२०%	८०%
२		सुन्दर बजार थालेखर्क रिप हुदै स्वरेक मैदान सडक पिच		भिरकोट नगरपालिका ५ र ८	११४८४६८१२५/-	५०६७३	१० वर्ष	२०%	८०%
३		दासिङ्ग जगतपुर केघा वानेथोक धुव्र देउराली सडक पिच		भिरकोट नगरपालिका १ २ र ३	१०२२८८८१३६/-	११७२६	१० वर्ष	२०%	८०%
४		नगरपालिकाको भवन		भीरकोट नगरपालिका १	९९८१३२७०/-	नगरपालिकाका सेवाग्राही सबै	२ वर्ष	५०%	५०%

२. आर्थिक वर्ष २०७४/७५ मा यस नगरपालिकाको वडा नं. ७ को कार्यालय भवन साविक शानति तथा पूर्ननिमारण मन्त्रालयको कोषबाट विनियोजित रकमबाट साविको जिल्ला विकास समितिको कार्यालय स्याङ्जाबाट प्रारम्भ भएकोमा उक्त भवन हालसम्म पनि अधुरो रहेको र चालु आर्थिक वर्षमा अधुरो रहेको भवन सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट कुनै पनि निकायबाट व्यवस्था नभएकोले सो निर्माणाधिन भवन सम्पन्न गर्नका लागि आवश्यक पर्ने रकम उपलब्ध गराउन त्यसको लागत अनुमानको विवरण र नक्शा समावेश गरी आवश्यक सहयोग र पहल गर्न अनुरोध गरी शहरी विकास तथा भवन निर्माण मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

३. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५ मिति २०७५/०८/२४ को पत्रानुसार कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) अनुसार साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकामा कार्यरत रहेका कर्मचारीहरुको समायोजन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. यस नगरपालिकाको वडा नं. ३ अन्तरगतको सानो खोल्सा लिफ्टिङ्ग खानेपानी आयोजना र वडा नम्बर ४ को झारखाम छाङ्छाङ्दी ओडारे लिफ्टिङ्ग सिंचाई आयोजनको लागि उक्त स्थानसम्म विद्युत लाइन विस्तार गर्न अनुरोध गरी बुटवल पावर कम्पनी लिमिटेडलाई पत्राचार गर्ने निर्णय गरियो ।

५. विविध ।

क. श्री भाग्योदय माध्यमिक विद्यालय श्रोतकेन्द्रको मिति २०७५/०६/०७ को पत्रबाट अनुरोध भै आए बमोजिम श्रोतकेन्द्र स्तरीय प्रध्यानापकहरुको शैक्षिक भ्रमणका लागि रु १०,०००/- आर्थिक सहायता वापत उपलब्ध गराउने निर्णय गरियो ।

ख. फेवा टेलिभिजन, कास्की, पोखराले FEWA TELEVISION (Season-1) CULTURAL DANCE COMPETITION का लागि पेश भएको प्रस्तावका सम्बन्धमा उक्त कार्यक्रमको विशेष सहयोगीका रुपमा रहने गरी रु ५०,०००/- आर्थिक सहायता वापत उपलब्ध गराउने निर्णय गरियो ।

ग. तमु ह्युल छोंज धी (गुरुङ्ग राष्ट्रिय परिषद) को मिति २०७५ साल पौष २७ देखी २९ गते सम्म तमु समाज हल, वालिङ्गमा आयोजना गर्न गईरहेको गुरुङ्ग जातीको भाषा, संरक्षण, तथा सम्वर्द्धन सम्बन्धी ३ दिने खेमा लिपी प्रशिक्षण कार्यक्रमको लागि रु १०,०००/- आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

घ. श्री ओखतीपानी तमु नासा होमस्टे व्यवस्थापन समिति ओकादीका सह-सचिव श्री डिल बहादुर गुरुङ्गले मिति २०७५/०८/२५ गते पेश गरेको निवेदन सम्बन्धमा मिति २०७५ साल मंसिर २८ र २९ गते लमजुङ्ग घलेगाउँ तथा भुर्जुङ्गमा होमस्टे अवलोकन भ्रमणमा लाग्ने खर्च मध्ये खाना तथा वास वापतको खर्च सम्बन्धित भ्रमणमा समावेश हुने पदाधिकारीले नै व्यहोर्ने र यातायात खर्च वापत लाग्ने रकम रु ४०,०००/- सम्म नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय

३७ औं बोर्ड बैठकका एजेण्डाहरु

१. आगामी नगरसभा सम्बन्धमा ।

२. नगर प्रहरी र न्यायिक समितिको कार्यविधि सम्बन्धी विधेयक सम्बन्धमा ।

३. फोहोरमैला व्यवस्थापन, टोल विकास समिति , बसपार्क व्यवस्थापन, अपाङ्गको परिचय पत्र, विपद् व्यवस्थापन संचालन र छाडा चौपाय व्यवस्थापन सम्बन्धी निर्देशिका सम्बन्धमा ।

४. गत आर्थिक वर्ष सम्पन्न नभएका योजनाका सम्बन्धमा ।

५. नगरसभाबाट स्वीकृत भएका योजनाहरुमा रकम थप गर्ने तथा रकम रकमान्तर गरी नगरसभामा पेश गर्ने सम्बन्धमा ।

६. बालमैत्री नगरपालिका धोषणा गर्ने सम्बन्धमा ।

७. आयोजनामा खर्च भएको रकम अनुमोदन गर्ने सम्बन्धमा ।

८. भवन निर्माणको DPC गर्ने कार्यमा सुपरीवेक्षणका लागि खटिएका कर्मचारीहरुका सम्बन्धमा ।

९. मदर्शा सम्बन्धमा ।

१०.लागत साझेदारीका आयोजना छनौट सम्बन्धमा ।

११.भीरकोट नगरपालिका वडा नंम्बर ३ निवासी जोग बहादुर श्रेष्ठको नाम दिएको 'घ' वर्गको इजाजत भीरकोट कन्सट्रक्सनलाई अनुमोदन गर्ने सम्बन्धमा ।

१२.आँधिखोला पिस यूथ क्लबको प्रस्ताव सम्बन्धमा ।

१३. पर्यटन बोर्डको पत्र सम्बन्धमा ।

१४.विविध ।

क. चापाकोट महोत्सवको प्रस्तावना सम्बन्धमा।

ख. शहरी क्षेत्र पूर्वाधार कार्यक्रम अन्तरगत विनियोजित रकम स्वीकृत गर्ने सम्बन्धमा ।

३७ औं बोर्ड बैठकका निर्णयहरु:

१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा (१) बमोजिम आगामी नगरसभा २०७५ साल माघ ५ गते शनिबारका दिन बिहान १० बजे आव्हान गर्ने निर्णय गरीयो ।

२) नगर प्रहरी सम्बन्धी विधेयक,२०७५ र न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा परिमार्जन सहित स्वीकृत गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरीयो ।

३) टोल विकास समिति संचालन कार्यविधि, २०७५ र टोल विकास समितिको विधान, अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५, बसपार्क संचालन सम्बन्धी कार्यविधि, २०७५, विपद् व्यवस्थापन कोष(संचालन) कार्यविधि, २०७५, फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५ र छाडा चौपाय नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५ सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरीयो ।

४) गत आर्थिक वर्ष २०७४/७५ मा विशेष कारणवश सम्पन्न नभएका देहाय बमोजिमका आयोजनाहरु आगामी नगरसभामा पेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरीयो ।

सि.नं.	योजनाको नाम	वडा नं.	विनियोजित रकम रु	खर्च भएको रकम	बाँकि रकम	विनियोजन गर्नुपर्ने जम्मा रकम	कैफियत
१	आमा समुह भवन	१	४०००००		४०००००	४०००००	
२	वयरघारी खानीपानी योजना	१	१५०००००	९०००००	६०००००	६०००००	
३	सर्पैदे मुल मर्मत तथा खादी खोला निकास	२	१०००००		१०००००	१०००००	
४	फिरफिरे धारा मर्मत	२	१५००००	८००००	७००००	७००००	
५	सारुथोक लिफ्टीङ खानेपानी योजना	२	४०००००	२५००००	१५००००	१५००००	
६	औसेक ग्रामिण सडक मर्मत	२	५०००००	८००००	४२००००	४२००००	
७	रोजिखोला आमा समुह भवन निर्माण	३	२०००००		२०००००	२०००००	
८	सानो खोल्सा लिफ्टिङ्ग आयोजना	३	२५०००००	१७०००	२४८३०००	२४८३०००	
९	फुटकर योजना	४	१०००००		१०००००	१०००००	
१०	आमा समुह तालिम	४	२००००		२००००	२००००	
११	दिप ज्योति आमा समुह काफल पोखरी	४	५००००		५००००	५००००	
१२	तुरतुर खानेपानी योजना	४	१०००००		१०००००	१०००००	
१३	छाङ्गछाङ्गदी प्रा वि मर्मत	४	५००००		५००००	५००००	
१४	केरावारी आमा समुह	५	१०००००		१०००००	१०००००	
१५	नव सृजना युवा क्लव भवन निर्माण	५	१०००००		१०००००	१०००००	
१६	तिसेदी कल्भर्ट निर्माण	६	५००००		५००००	५००००	
१७	जनजागरण आमा समुह भवन निर्माण	६	१५००००		१५००००	१५००००	
१८	वडहरे कुलो निर्माण	६	५००००		५००००	५००००	
१९	विखेखोला सिचाइ निर्माण	६	५००००		५००००	५००००	

शैरकोट नगरपालिका

२०	भाग्योदय रिसिङखोला ग्रा स	६	२०००००		२०००००	२०००००	
२१	सिमलचौर आमडाँडा तिसेदी सडक	६	८०००००	५०१०००	२९९०००	२९९०००	
२२	जिमिरे आमा समुह प्रतिक्षालय निर्माण	७	४५०००		४५०००	४५०००	
२३	खानेपानी योजना पासिन्डाडा	७	१५०००		१५०००	१५०००	
२४	जोगिथुम दलितवस्ती खानेपानी योजना	८	५००००		५००००	५००००	
२५	सिरुखर्क खानेपानी योजना	८	५००००		५००००	५००००	
जम्मा रकम			७८६५०००	१८२८०००	६०३७०००	६०३७०००	

५) आर्थिक वर्ष २०७५/०७६ को मिति २०७५/०३/२८ गते सम्पन्न भएको नगरसभाबाट स्वीकृत आयोजनाहरु मध्ये विविध कारणले खर्च हुन नसकेका आयोजनाहरुको रकम रकमान्तर गरी आवश्यक अन्य शिर्षकहरुमा थप गर्नका लागि प्रस्ताव तयार गरी आगामी बोर्ड बैठकमा पेश गर्ने निर्णय गरीयो ।

६) भीरकोट नगरपालिकालाई आगामी २०७६ साल चैत्र ३० गते भित्र बालमैत्री नगरपालिका घोषणा गर्नका लागि कार्यविधिको तर्जुमा स्वीकृति लगायतका आवश्यक पूर्वाधारहरु तयार गरी आगामी नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरीयो ।

७) विभिन्न आयोजनामा विविध कारणले भुक्तानी भएको रकमको विवरण तयार गरी अनुमोदनका लागि आगामी नगर कार्यापालिका बैठकमा पेश गर्ने निर्णय गरीयो ।

८) नगरपालिकाको भवन निर्माण कार्य (DPC) को सुपरीवेक्षणका लागि खटिएका कर्मचारीहरुलाई वढीमा ११ दिनको नियमानुसार तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता वापतको रकम कन्टेन्जेन्सीबाट भुक्तानी गर्ने गरी उपलब्ध गराउने निर्णय गरीयो ।

९) प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्राल, गण्डकी प्रदेश, पोखराको सूचना अनुसार प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम माग भएको सूचना अनुसार देहाय बमोजिमको आयोजना प्रदेश सरकार र नगरपालिकाको लागत सहभागिता रहने गरी आवश्यक कागजातहरु समावेश गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा अनुरोध गर्ने निर्णय गरीयो ।

१०) भीरकोट नगरपालिका वडा नं. ३ निवासी जिम बहादुर श्रेष्ठलाई दिएको 'घ' वर्गको इजाजत(भीरकोट कन्स्ट्रक्सन) पत्रको लाईसेन्स अनुमोदन गर्ने निर्णय गरीयो ।

११) आँधिखोला पिस यूथ क्लबले पेश गरेको प्रस्तावको सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल, समन्वय र सहकार्य गरी सुनिश्चित रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धित क्लबसँग समन्वय गरी सोहि अनुसार गर्ने निर्णय गरीयो ।

१२) नगरपालिका भित्र नियमानुसार संचालनमा रहेका मदर्शाहरुलाई नियमित रुपमा अनुदान प्रदान गर्ने प्रस्ताव तयार गरी नगरसभामा पेश गर्ने निर्णय गरीयो ।

१३) नेपाल पर्यटन बोर्ड, भूकुटीपण्डप, काठमाण्डौको च.नं. ५, मिति २०७५/०९/१७ को पत्रबाट माग भए बमोजिम देश भित्रका पर्यटकीय गन्तव्यहरुको विकास, विस्तार, सुदृढीकरण, प्रवर्द्धन तथा पर्यटकीय गतिविधिहरुको पहिचान गर्ने उद्देश्य अनुसार चालु आ.व. २०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस नगरपालिकाको प्रोफाईल सहित योजना तर्जुमा गर्नका लागि लाग्ने लागतमा साझेदारी गर्ने प्रतिवद्धता सहितको पत्र पर्यटन बोर्डमा पठाउने र सम्पर्क व्यक्तिकोरुपमा प्रमुख प्रशासकीय अधिकृत श्री धर्मराज ढुंगानाज्यूलाई तोक्ने निर्णय गरीयो ।

१४) सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराले मिति २०७५/०८/२७ मा आव्हान गरे बमोजिम एक स्थानीय तह एक खेलमैदान निर्माणका लागि यसै नगरपालिकाको वडा नं. १ स्थित सिसौघारीमा नगरपालिकाको नाममा रहेको २० रोपनी जग्गामा खेल मैदान निर्माण गर्नका लागि प्रस्ताव तयार गरी आवश्यक कागजात सहित सामाजिक विकास मन्त्रालय, पोखरामा पेश गर्ने निर्णय गरीयो ।

१५) विविध:

क) प्रथम चापाकोट महोत्सव - २०७५ को प्रस्तावनाको सम्बन्धमा रु ५१,०००/- (अक्षरुपी एकाउन्न हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरीयो ।

ख) शहरी क्षेत्र पूर्वाधार कार्यक्रम अन्तरगत विनियोजित रु.९९,००,०००/- मध्येबाट खर्च गर्ने गरी देहाय बमोजिमका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरीयो।

सि.नं.	आयोजनाको नाम	वडा नं.	क्रियाकलाप	लागत रकम (रु.)	नगरपालिका तर्फ	उपभोक्ता तर्फ	कैफियत
१	भूकुटी मार्ग	१	पि.सि.सि.	११,४०,३५६/-	७,९८,२४९/-	३,४२,१०७/-	७०:३०
२	विरेन्द्र मार्ग	१	कालोपत्रे	२६,७२,७५८/-	१८,७०,९३०/-	८,०१,८२८/-	७०:३०
३	डायमण्ड मार्ग	१	कालोपत्रे	३९,१७,३८६/-	२७,४२,१७१/-	११,७५,२१५/-	७०:३०
जम्मा				७७,३०,५००/-	५४,११,३५०/-	२३,१९,१५०/-	

सि.नं.	आयोजनाको नाम	वडा नं.	क्रियाकलाप	लागत रकम (रु.)	नगरपालिका तर्फ	उपभोक्ता तर्फ	कैफियत
४	गणेश टोल साना किसान मार्ग	२					७०:३०
५	छाङ्छाङ्दी हटिया पि.सि.सि.	४					७०:३०
६	सपौंदे देखी बुद्ध मेमोरियल जाने बाट ग्राभेल	२					७०:३०

३८ औं बोर्ड बैठकका एजेण्डाहरु

१) संचित कोषमा रहेको रकम बाँडफाँड र नगरसभाबाट विभिन्न शिर्षकमा विनियोजित रकम घटाउने सम्बन्धमा ।

२) विविध ।

क. साउनेखोला पहिरो नियन्त्रण र नगरसभा सम्बन्धमा ।

३८ औं बोर्ड बैठकका निर्णयहरु:

१) संचित कोषमा जम्मा रहेको र गत नगरसभाबाट विभिन्न शिर्षकमा विनियोजित रकम देहाय बमोजिमका शिर्षकहरुमा थप गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

रकम घटाउनु पर्ने संभावित शिर्षकहरु:-

क्र.स.	रकम घटाउने शिर्षक	विनियोजित रकम रु	हालसम्म खर्च भएको रकम (मंसिर मसान्त)	घटाउने अनुमानित रकम	घटाउनु पर्ने कारण	कैफियत
१	वडा भवन निर्माण तथा जग्गा खरिद	४९०००००		१९०००००		
२	शेयर लगानी	२९०००००		२००००००		
३	तलब	१८४२५०००		५०००००		
४	समपुरक	९९०००००		४०००००		
५	पदाधिकारी भत्ता	३०००००		१५०००००		
	जम्मा	३९१२५०००		१४४०००००		

रकम थप गर्नु पर्ने शिर्षकहरु:-

क्र.स.	रकम घटाउने शिर्षक	विनियोजित रकम रु	हालसम्म खर्च भएको रकम (मंसिर मसान्त)	बाँकी बजेट रु	थप गर्ने अनुमानित रकम रु	संशोधित बजेट रु	कैफियत
१	पदाधिकारी/कार्यालय इन्धन	३०००००	१५१८१८६	१४८१८१४	२०००००	३२०००००	
२	सेवा र परामर्श	३०००००	२८४५८२	१५४१८	१५०००००	४५०००००	
३	अन्य सेवा शुल्क	१५०००००	८९६०६	६०३९४	१५०००००	३०००००	
४	युवा खेलकुद धार्मिक तथा विपत व्यवस्थापन	१५०००००	१११९६००	३८०४००	१०००००	२५०००००	
५	वातावरण र सरसफाई (शौचालय)	९०००००	८८१३०५	१८६९५	२०००००	२९०००००	
६	दैविक प्रकोप तथा विपत व्यवस्थापन	१९०००००	१३३०६२२	५६९३७८	१०००००	२९०००००	
७	विविध कार्यक्रम खर्च	१०००००	५०११५	४९८८५	१०००००	२०००००	
८	धार्मिक र सास्कृतिक सहायता	५०००००	४२५५००	७४५००	२०००००	७०००००	
९	अन्य सहायता	११००००	१०६४६९	३५३१	१०००००	२१००००	
१०	आर्थिक सहायता तथा पुनस्थापना कार्यक्रम	९०००००	४८९०००	४११०००	३०००००	१२०००००	
११	सवारी साधन र मेशनरी भाडा	१००००००	५३४९००	४६५१००	५०००००	१५०००००	
१२	फर्निचर खरिद	४०००००	१२५००	३८७५००	५०००००	९०००००	
१३	मेशिनरी खरिद	४०००००	२८८३७६	१११६२४	६०००००	१००००००	
१४	नगरपालिका भवन	१५४०००००	७३८००००	८०२००००	१०००००००	२५४०००००	
१५	बसपार्क निर्माण	९०००००		९०००००	३०००००	१२०००००	
१६	अध्ययन तथा अनुसन्धान (१५ ला स)	१९०००००	१०००००	१८०००००	८०००००	२७०००००	
१७	बालमैत्री शासन				१५०००००	१५०००००	

१८	सडक बत्ती			०	३०००००	३०००००	
१९	नगरपालिका तर्फको पूर्वाधार	५३८८००	१७९२००	३५९६००	११६०००००	१२१३८८००	
२०	गत आर्थिक वर्षको विनियोजित			०	६१०००००	६१०००००	
जम्मा		२९८९८८००	१४७८९९६१	१५१०८८३९	३७४०००००	६७२९८८००	

२) विविध ।

क. साउनेखोला पहिलो नियन्त्रणका लागि नगरपालिकाबाट लागत अनुमान तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा आवश्यक रकम, तारजालि लगायतका विषयमा सहियोग गर्न अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो ।

ख. नगर कार्यपालिकाको २०७५ साल पौष २४ गते बैठकले निर्णय गरे बमोजिम मिति २०७५ साल माघ ५ गते आव्हान गरिएको नगरसभाको बैठक विशेष कारणवश मिति २०७५ साल माघ ४ गते गर्ने निर्णय गरियो ।